राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com

## मदरसा बोर्ड गठन गर्छौं : मुख्यमन्त्री



महोत्तरी । प्रदेश नं २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले मुस्लिम समुदाय तराईका दलितभन्दा पछि परेकाले प्रदेश सरकारले 'मदरसा बोर्ड गठन' गर्न लागेको बताएका छन् ।

महोत्तरीको गौशालास्थित मदरसा गौसिया इमदादुल गुर्वाले मंगलबार यहाँ आयोजना गरेको शुभकामना अदानप्रदान कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री राउतले मदरसा बोर्डमा मुस्लिम समुदायका हरेक समस्या समेटिने बताएका छन् ।

उनले मदरसा शिक्षालाई रूपान्तरित गर्नुपर्ने आवश्यक रहेकाले अब मदरसामा पनि नेपाली, विज्ञान, गणित, अङ्ग्रेजीजस्ता विषयलाई समावेश गरी त्यहाँबाट वैज्ञानिक, इन्जिनियर, डाक्टर बन्न सक्नेजस्ता शिक्षा दिनुपर्ने धारणा राखे ।

मुख्यमन्त्री राउतले समाज परिवर्तनका लागि नि:सहाय, गरीब, विपन्न र दलित समुदायको शैक्षिकस्तरमा सुधार गर्नुपर्ने बताए ।

कार्यक्रममा सङ्घीय सरकारका स्वास्थ्य राज्यमन्त्री डा सुरेन्द्रकुमार यादव, प्रदेश नं २ का आन्तरिक मामिला तथा कानूनमन्त्री ज्ञानेन्द्र यादव, राज्यमन्त्री सरोज कुमार कुशवाहा लगायतका नेता तथा कार्यकर्ता सहभागिता थियो ।

## हत्यालाई संरक्षण दिइरहेको छ : निधि

जनकपुरधाम । नेपाली काङ्ग्रेसका उपसभापति विमलेन्द्र निधिले सर्लाहीका पार्टी कार्यकर्ता रामविलास महतोको हत्यारालाई केन्द्र र प्रदेश सरकारले संरक्षण दिइराखेको आरोप लगाएका छन् । जनकपुर युथ क्लबको नवनिर्मित भवनको यहाँ उद्घाटन गर्दै उनले भने, "हत्याराको पहिचान भइसकेका अवस्थामा पनि पक्राउ गर्ने सन्दर्भमा केन्द्र र प्रदेश सरकार मौन बस्नु आपत्तिजनक हो ।" उपसभापति निधिले दुवै सरकार अपराधीलाई बचाउन उद्यत रहेको प्रसङ्ग उल्लेख गर्दै सर्लाही गोलीकाण्ड बारेमा प्रदेश सरकारको उदासिनताले मधेशवादी दलको मधेशी जनताप्रति गैरजिम्मेवार चरित्रलाई छरपस्ट पारेको बताए । मधेशी दल कम्युनिष्ट सरकारको भ्रमरूपी जालमा फस्दै मधेशलाई नारामा सीमित राखेको चर्चा गर्दै उनले मधेशवादी दलले संविधान संशोधन पनि गराउन नसकेको तथा मधेशीको हितमा पनि कुनै कार्य गर्न र गराउन नसकेको धारणा व्यक्त गरे ।

# कांग्रेस र मधेशको सम्बन्ध

**मधेशवाणी डेस्क**

काठमाडौं । विगतदेखि तराई-मधेशलाई भोटबैंकको रूपमा प्रयोग गर्दै आएको नेपाली कांग्रेसले मधेशप्रतिको आफ्नो दायित्व निर्वाह गरिरहेको छैन । कांग्रेसको आधारभूमि मधेश रहेतापनि मधेशीलाई कहिल्यै पनि नेतृत्वदायी भूमिकामा राख्न सकिएको छैन । मधेशीलाई मतदाता र करदाताको रूपमा प्रयोग गर्दै आइरहेका ठूला भनाउँदा दलहरूले मधेशको समस्यालाई अनदेखा गर्दै आएका छन् । मधेशको समस्या मधेशकेन्द्रित दलहरूको मात्र सरोकारको विषय ठान्ने कांग्रेस मधेशप्रति गैरजिम्मेवाररूपमा प्रस्तुत हुँदै आएका छन् ।

मधेशी जनतामाथि गोली बर्साएर संविधान जारी गरियो । त्यो संविधान आफूहरूलाई कुनै हालतमा मान्य नहुने भन्दै मधेशीहरू अहिलेसम्म संघर्षरत् छन् । संविधानमा सबैको हक अधिकार समेटिएको भनेर प्रचारबाजी गरे पनि संविधानमा भएका समानुपातिक समावेशिताको सिद्धान्तलाई संविधान जारी गर्ने दलहरूले नै मानिरहेका छैनन् ।

मधेशबाट सबभन्दा बढी मत ल्याएका कांग्रेसको नेतृत्वमा सरकार हुँदा संविधान जारी भयो । कांग्रेस नेतृत्वको सरकारले विभिन्न राज्यका निकायहरूमा नियुक्ति गर्दा तथ्यांक हेर्ने हो भने एकल जातीय नश्लवादी राज्य संरचना निर्माण गरिएको प्रष्टै छ । यसरी हेर्दा प्रमुख दलहरूको चरित्र साम्प्रदायिक र क्षेत्रीय चरित्र स्पष्ट भएको छ । अहिले संविधान संशोधन गरेर मधेशको मुद्दाहरू सम्बोधन गर्नुको साटो संघीयतालाई विकृत बनाइसकेका छन् तीन दलले ।



शेरबहादुर देउवा



विजयकुमार गच्छदार



विमलेन्द्र निधि

**काङ्ग्रेस उपसभापतिमा गच्छदार**

काठमाडौं । प्रमुख प्रतिपक्षी दल नेपाली काङ्ग्रेसको उपसभापतिमा पार्टी संसदीय दलको उपनेता विजयकुमार गच्छदार मनोनयन हुनुभएको छ । काङ्ग्रेस केन्द्रीय कार्यसमितिको आज बसेको बैठकले तत्कालीन नेपाल लोकतान्त्रिक फोरमसँग पार्टी एकताका सम्बन्धमा भएको सहमतिअनुसार उनलाई उपसभापति पदमा मनोनयन गर्ने निर्णय गरेको हो । बैठकले काङ्ग्रेसको साङ्गठनिक संरचनामा तत्कालीन नेपाल लोकतान्त्रिक फोरमका पार्टीगत संरचना एवं भ्रातृ र शुभेच्छुक सङ्घसंस्थाको समायोजनसम्बन्धी आवश्यक कार्य गरी प्रतिवेदन पेश गर्न एक समितिसमेत गठन गरेको छ ।

सो कार्यका लागि उपसभापति विमलेन्द्र निधिको संयोजकत्वमा पाँच सदस्यीय समायोजन समिति गठन गर्ने निर्णय गरेको पार्टी केन्द्रीय कार्यालयका मुख्य सचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो । यस समितिले केन्द्रीय कार्यसमितिको आगामी बैठकमा प्रतिवेदन पेश गर्नेछ ।

**महासमितिको बैठक मङ्सिर २८ देखि पुस ३ गतेसम्म**

पार्टी सभापति शेरबहादुर देउवाको सभापतित्वमा पार्टीको केन्द्रीय कार्यालयमा बसेको बैठकले आगामी मङ्सिर ५ देखि ९ गतेसम्म काठमाडौंमा गर्ने भनिएको पार्टीको महासमितिको बैठक मङ्सिर २८ देखि पुस ३ गतेसम्म गर्ने निर्णय गरेको छ ।

दीपावली, नेपाल संवत्, छठलगायत चाडपर्व प्रारम्भ भइसकेको र सो समयमा केन्द्रीय कार्यसमितिको बैठक बस्न व्यावहारिक नहुने भन्दै महासमिति बैठकको मिति सारिएको मुख्य सचिव पौडेलले जानकारी दिए ।

बैठकले काङ्ग्रेसको विधान २०१७ ( संशोधित र परिमार्जित) को धारा ३८ बमोजिम गठन हुने केन्द्रीय लेखापरीक्षण समितिको संयोजकमा पार्टीका केन्द्रीय सदस्य श्यामकुमार घिमिरेलाई नियुक्त गर्ने निर्णय गरेको छ ।

चितवनको भरतपुरस्थित बिपी कोइराला क्यान्सर अस्पतालको नाममा रहेको जग्गामा व्यापारिक मल र सभागृह बनाउने तयारी गरिएको कुराप्रति काङ्ग्रेसको गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । अस्पतालको जग्गा कुनै पनि निकाय वा तहले अन्य प्रयोजनका लागि प्रयोग गर्ने/गराउने कार्य गलत भएको ठहर गर्दै त्यस्तो कार्य अविलम्ब रोक्न बैठकले सम्बन्धित पक्षलाई सचेत गराएको छ ।

बैठकले सर्लाहीको रामनगर गाउँपालिका-४ का काङ्ग्रेस कार्यकर्ता रामविलास महतोलाई गोली हानी हत्या गरेको घटनामा संलग्नलाई तत्काल कानूनी कारवाही गर्न माग गरेको छ । बैठकका निर्णय सार्वजनिक गर्न जारी गरिएको विज्ञप्तिमा सो घटनाका मृतकलाई शहीद घोषणा गरी घाइतेको नि:शुल्क उपचारको प्रबन्ध गर्न सरकारसँग माग गरिएको छ ।

बैठकले पारिवारिक स्नेह, सामाजिक सद्भाव, आपसी सहयोग र पारस्परिक एकताका रूपमा मनाउँदै आएको दीपावली, नेपाल संवत्, छठलगायत पर्वको अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजु-भाइ तथा दिदी-बहिनीमा सुख, शान्ति र समृद्धिको शुभ-कामना व्यक्त गरेको छ ।

काङ्ग्रेसले मानव अधिकारवादी तथा पूर्वस्वास्थ्यमन्त्री पद्मरत्न तुलाधरको निधनप्रति दु:ख व्यक्त गरेको छ । बैठकले डोल्पामा सोमबार जीप दुर्घटनामा परी १० जनाको मृत्यु भएको घटनाप्रति दु:ख व्यक्त गर्दै मृतकहरूप्रति श्रद्धाञ्जलि र शोकसन्तप्त परिवारजनमा समवेदना प्रकट गरेको छ । बैठकले सो घटनाका घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ ।

## "कर्मचारीले आर्थिक हिनामिना गरेका छैनन्"

काठमाडौं । आर्थिक अनियमितता गरेको भन्दै राष्ट्रिय जनता पार्टी नेपालका कर्मचारीहरू हटाइएको चर्चालाई महासचिव विनोद कुमार सिंहले खण्डन गरेका छन् । उनले पार्टीमा कर्मचारीहरूले कुनै किसिमको आर्थिक अनियमितता नगरेको दाबी गर्दै आवश्यकताभन्दा बढी कर्मचारी भएकोले हटाइएको मधेशवाणीलाई बताएका छन् । उनले भने, 'पार्टीमा त्यस्तो कुनै आर्थिक कारोबार नै नहुने गरेकोले आर्थिक हिनामिना हुने कुरा नै आउँदैन ।' कर्मचारीहरूलाई आर्थिक हिनामिना गरेको आरोपमा हटाइएको आशयका समाचारप्रति गम्भीर ध्यानाकर्षण भएको उनले बताए । 'उक्त समाचार असत्य र निराधार रहेको कुरा सवैको जानकारीका लागी अनुरोध छ ।' महासचिव सिंहले आइतबार जारी गरेको विज्ञप्तिमा भनिएको छ । '६ पार्टीहरू एकीकरण भएर राजपा बनेकोले तत्कालीन ती सबै पार्टीका कर्मचारीहरू राजपामा कार्यरत् थिए', महासचिव सिंह भन्छन्, 'राजपामा यति धेरै कर्मचारीहरूको आवश्यकता नरहेकोले दशैं खर्च दिएर सबैलाई ससम्मान पठाइएको हो ।' राजपामा बढीमा चार/पाँच जना मात्र कर्मचारी आवश्यक रहेकोले कसलाई हटाउने र कसलाई राख्ने द्विविधा रहेकोले सबैलाई हटाउनुपर्ने बाध्यता भएको महासचिव सिंहले प्रष्ट्याएका छन् । उनले भने, 'राजपाका सबै कर्मचारीहरू योग्य, इमान्दार, लगनशील र पार्टीप्रति प्रतिबद्ध थिए ।' उनले अब पार्टीले पुन: नयाँ कर्मचारी भर्ना गर्नेसमेत जानकारी दिए । 'पार्टीलाई कमजोर पार्न आएका यी र यस्ताखाले अन्य अभिव्यक्तिहरू दुष्प्रचार हो भन्ने पार्टीको ठहर हो । पार्टी कार्यालय छिट्टै भन्दा छिट्टै निरन्तर सुचारू हुने कुरा पार्टी कार्यकर्ता र आम जनतामा राष्ट्रिय जनता पार्टी नेपाल हार्दिक अपिल गर्दछ ।' सिंहले विज्ञप्तिमा भनेका छन् ।

**समय-सन्दर्भ**

संगीता रेग्मी



## छठको सौन्दर्य

**विश्वको भौतिक विकासको कल्पना सूर्यबिना सम्भव छैन । उनकै ऊर्जामा जीवन र प्रकृतिको सन्तुलन निर्भर गर्छ ।**

दशैं र तिहार पछि अब मधेशमा छठ पूजाको उत्सव सुरू हुन्छ । कात्तिक शुक्ल पक्षको चौथी तिथिमा छठ पूजाको व्रत आरम्भ हुन्छ । जलाशयमा सामूहिक पूजापछि अस्ताउँदो सूर्यलाई अर्घ दिई मनाइने छठ भोली पल्ट उदाउँदो सूर्यलाई अर्घ दिएपछि समापन हुन्छ ।

जातीय, सामाजिक र सामुदायिक सद्भावमा छठको विशेष भूमिका पाइन्छ । छठको सबभन्दा महत्वपूर्ण पक्ष, यसले सबैलाई समाहित गर्छ, सदाचारले आपसी मेलमिलापयुक्त वातावरण बनाउँछ र समाज यस अवसरमा जातीय विभेदरहित हुन्छ । जातीय भेदभाव, छुवाछूत, उचनिचको भावना छठमा सकिएर जान्छ । कुलीन भनिएको परिवारका बुहारीले छठको आशीर्वादस्वरूप प्रसादका निम्ति थापेको आँचलमा कुनै दलितको अर्घको ठेकुवा आए पनि सहर्ष स्वीकार्ने परम्परा छठको हो ।

मिथिलाको सामाजिक संरचनामा दलित र अछूत मानिएका समुदायले बनाउने ढिक्की, डागरा (नाङ्लो), सुपली छठमा नभई हुँदैन । कुमालेले बनाउने माटोका भाँडाकुँडा पनि नभई हुँदैन । प्रकृतिमा भएका हरेक वस्तुको महत्व छ भन्ने मान्यता छठसँग जोडिएको छ । सुथनी, साठी धान, बिमिरो, अदुवा, बोडी, फर्सी र उखुजस्ता प्रसाद यसैका उदाहरण हुन् । जीव र प्रकृति एकअर्कासँग अद्वैत छन् भन्ने यसले जनाउ दिन्छ । यसमा सूर्यको पूजा गरिन्छ जो जीव, वनस्पति दुवैको अस्तित्वको कारक हो ।

यस पर्वमा कलाको पनि त्यत्तिकै महत्व रहन्छ । भनेजस्तै ठेकुवा बनाउने अर्घउती (साँचा) मा मयूर, फूल, सूर्य, चन्द्र, तारा आदिको बुट्टा बनाइएको हुन्छ । माटोको हात्तीदेखि चौमुखसम्म र बाँसका अनेक सामानमा कला देख्न पाइन्छ । उदाउँदो मात्र होइन, अस्ताउँदोको पनि त्यत्तिकै महत्व छ । जीवनमा सूर्य अवश्य नै उदाउँछ भन्ने सन्देश छठमा छ ।

छठ विशुद्धरूपमा प्रकृति र पुरूषको पूजा हो । सन्तान उत्पादनका लागि दैवी कृपाको अपेक्षा यस व्रतले गर्छ ।

**सूर्यको उपासना**

झट्ट हेर्दा यो सूर्यको पूजाझैं देखिए पनि पुराणअनुसार यो मूलत: प्रकृतिको छैटौं अंशबाट उत्पन्न भएकी भगवती षष्ठी देवीको पूजा हो । छठ पर्वलाई सत्य, अहिंसा र सबै जीवप्रति सहानुभूति राख्ने चाडका रूपमा पनि लिने गरिन्छ ।

अत्यन्त कठिन व्रतका साथ निष्ठापूर्वक मनाइने छठ पर्वमा सन्तान र परिवारको सुखशान्ति तथा रक्षाको कामना गर्दै छठीमाता र सूर्य भगवानको पूजा गरे दु:ख र दरिद्रताबाट मुक्ति पाइन्छ भन्ने धार्मिक जनविश्वास रहिआएको छ ।

फरक राष्ट्र, समाज र व्यक्तिपिच्छे छठ पर्वबारे अनेकौं लोककथाहरू छन् । ती सबैको मर्म भनेको महारोगबाट मुक्ति, पीडाबाट निजात, सन्तान सुख्ख, परिवार, समाज र मानवजातिको हित हो जुन सम्पूर्ण पृथ्वीलाई अन्धकारबाट छुटकारा दिने अनेकौं नाम भएका सूर्यको उपासनाबाट प्राप्त हुन्छ ।

विश्वको अधिकांश संस्कृति र सभ्यतामा

*बाँकी पृष्ठ अन्तिममा*





## सम्पादकीय

# मधेशभरि प्रकाश फैलियोस्

कार्तिक कृष्ण त्रयोदशीदेखि कार्तिक शुक्ल द्वितीयासम्म मनाइने नेपालीको दोस्रो ठूलो चाड यमपञ्चक अर्थात् दीपावली सम्पन्न भएको छ। धनदौलत, सुख, समृद्धिका लागि लक्ष्मीको पूजा गरिने दियोमा तेलका बत्तीबालेर उज्यालो बनाइने भएकाले यो उज्यालो पर्व वा दीपावली पनि हो।

दिपावलीको सामाजिक महत्व पनि छ। यसले मानव र प्रकृतिको सम्बन्धलाई दर्शाउँछ। मानिसका सहयोगी पशुपक्षीको पूजा गरिनु विशिष्ट महत्व छ। दिपावली मनोरञ्जनको पर्व पनि हो। रमाइलो र पारिवारिक भेटघाटका रूपमा खुशीयाली र उमङ्गका साथ मनाइन्छ। मिठो खाने, शुभकामना आदानप्रदान गर्ने र रमाइलो गर्ने चाडकै रूपमा दिपावली पनि पर्छ।

दिपावली प्रकाशको पर्व भएकोले यसपटकको तिहारले मधेशको विकास, समृद्धि, उन्नति तथा प्रगतिको पथमा सार्थक हुने विश्वास गर्न सकिन्छ। मूलतः मधेशमा अविकास, गरिबी, असमानता र विभेद उच्च छ। यसलाई सम्बोधन गर्न केन्द्र र प्रदेश सरकारको प्रभावकारी कार्यक्रमको आवश्यक्ता समथर भूभाग, यातायातको राम्रो सुविधा, भारतसँगको निकटता, उद्योग र व्यापारको केन्द्र भएका कारण राम्रो सम्भावना बोकेको छ। तर पनि यही क्षेत्रका केही जिल्ला र केही स्थानीय तहमा आर्थिक, सामाजिक र राजनीतिक पछौटेपन हुनु विगतका कार्यक्रमको असफलताको परिणाम हो। एउटा विचारणीय पक्ष के पनि छ भने मधेशका केही जिल्ला मुलुककै उच्च मानव विकास सूचकाङ्क र न्यून गरिबी भएका जिल्ला हुन्। मधेशमा बसोबास गर्ने केही जाति मुलुककै

• • • • • • • • • • • • • • • • • • • •

**अब मधेशमा सञ्चालन गर्ने कार्यक्रमको बजेट निकासा र खर्चलाई पारदर्शी र वस्तुनिष्ठ बनाउनुका साथै अधिकतम लाभ हुने क्षेत्रमा खर्च गरी पहिचान गरिएका वर्ग, समुदाय र क्षेत्रको जीवनस्तरमा सुधार ल्याउनुपर्छ।**

• • • • • • • • • • • • • • • • • • • •

सबभन्दा समृद्ध जातिमा पर्छन्। विगतमा यही कुरालाई छुट्याउन नसक्दा विकासको फल लक्षित वर्गसम्म पुग्न नसकेको हो र जनताबीच आर्थिक, सामाजिक विकास स्तरमा ठूलो अन्तर सिर्जना भएको हो। दक्षिणमा रहेको समथर उर्वरभूमि, सडक पूर्वाधारको विकास, उद्योगधन्दाका हिसाबले समृद्ध क्षेत्र मानिए पनि यसले समग्र मधेश क्षेत्रमा समृद्धि पुग्न नसकेको यथार्थ हो। मुलुककै ठूला औद्योगिक र व्यापारिक सहर यही क्षेत्रमा छन्। यातायात, सञ्चारको विकास पनि राम्रो छ। तर पनि विकास केही क्षेत्र र समूहमा मात्रै सीमित छ। मधेशको दक्षिणवर्ती सीमा क्षेत्रमा पर्याप्त पूर्वाधारको विकास हुनसकेको छैन। खासगरी प्रदेश २ को यो क्षेत्र बढी पिछडिएको छ। साक्षरता दर, औसत आय, मानव विकास सूचकाङ्क ज्यादै कम छ र गरिबी निकै बढी छ। मध्य मधेशका जिल्लाको गरिबी झण्डै ४० प्रतिशत छ जुन मध्य तथा सुदूरपश्चिमका पहाडी तथा हिमाली क्षेत्रभन्दा केही कम मात्रै हो। बारा, पर्सा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिरहा र सप्तरीमा बढी गरिबी छ। मानव विकास सूचकाङ्कमा पनि यिनै जिल्ला पछाडी छन्। महोत्तरी र रौतहट कर्णालीका जिल्लाकै हाराहारीमा छन्।

त्यसैले अबका कार्यक्रमले वास्तविक लक्षित वर्ग पहिचान गर्नुपर्छ र वास्तविक समस्यालाई समाधान गर्नुपर्छ। राज्यको साधन स्रोत र सुविधा विगतको जस्तो सीमित टाठाबाठाले कब्जा गर्ने अवस्था आयो भने मधेशका आम नागरिकको जीवनस्तरमा सुधार ल्याउन सकिँदैन। अब मधेसमा सञ्चालन गर्ने कार्यक्रमको बजेट निकासा र खर्चलाई पारदर्शी र वस्तुनिष्ठ बनाउनुका साथै अधिकतम लाभ हुने क्षेत्रमा खर्च गरी पहिचान गरिएका वर्ग, समुदाय र क्षेत्रको जीवनस्तरमा सुधार ल्याउनुपर्छ।

देश केन्द्रीकृत र एकीकृत राज्य प्रणालीबाट सङ्घीय प्रणालीमा गएको दुई वर्षभन्दा बढी भइसक्यो तर अधिकार र शक्ति सिंहदरबारले छोड्न चाहेको छैन। केन्द्रीय कर्मचारी नेतृत्व पनि सङ्घीयता कार्यान्वयनमा उदासिन नै रहेको आभास भएको छ।

मधेशका नेताहरू निर्वाचन जितेपछि आफ्नो गाउँ ठाउँको विकास गरी सुविधा सम्पन्न बनाउनेतर्फ लाग्नु पर्छ। तर उनीहरू भन्दा आफू र आफ्नो परिवार समेत सुविधा सम्पन्न ठाउँमा बस्ने व्यवस्था मिलाउनमै तल्लीन रहेको देखिन्छ। यसले जनतामा राजनीतिप्रति नै वितृष्णा र अविश्वास पैदा गराएको छ। यस प्रवृत्तिमा वर्तमान राजनीतिक कार्यकर्ताहरूले समयमै सुधार नगर्ने हो भने जनताको राजनीतिप्रतिको अविश्वास चुलिँदै गएर राजनीतिक दुर्घटना निम्तन समेत सक्छ। अबको राजनीति कोरा नारा र भाषणमा मात्र सीमित रहनु हुन्न। मधेशको विकास र समृद्धिको बाटोमा डोऱ्याउनेतर्फ उद्यत रहनु पर्दछ। विकास र समृद्धिको नारा दिएर मात्र हुँदैन, त्यसलाई व्यवहारमा उतार्न सक्नु पर्दछ। त्यो नै आजको आवश्यक्ता हो।

# तराईका मूल निवासीहरू नेपालको नागरिक होइन



**जयकृष्ण गोइत**

व्यक्ति, नागरिक र नागरिकता फरक(फरक अर्थका शब्द हुन्। कानूनशास्त्र वा राजनीतिशास्त्रमा 'व्यक्ति' र 'नागरिक' भनेको दुई फरक हैसियत हुन्। एउटा देशमा नागरिक र व्यक्ति दुवै स्थायी र अस्थायी रूपमा बसोवास गरेका हुन्छन्। व्यक्ति संसारभरिका जोसुकै मानिसलाई जनाउने शब्द हो भने नागरिकसंग राष्ट्रीयता गाँसिएको हुन्छ। नागरिकताले राज्यका आधारमा व्यक्तिको चिनारी दिन्छ। अर्थाता नागरिकता राज्यको सदस्यताको प्रमाण पत्र हो। नागरिकता वा राष्ट्रीयता भन्नाले व्यक्ति र राष्ट्र बीचको वैधानिक र राजनीतिक सम्बन्धलाई जनाउं छ। यस प्रकार नागरिकताको अर्थ कुनैपनि व्यक्तिको लागि त्यस देशको सदस्यताको प्रमाण पत्र हो।

मेरो वा तराईक मूल निवासीहरूको वर्तमान नागरिकताको यथार्थलाई बुझ्न हामीले इतिहासलाई राम्ररी केलाउनु पर्छ। भनिन्छ( सत्य तथ्य इतिहासले पहचान दिन्छ अर्थात चिनाउने कार्य गर्दछ।

नेपालमा पढिने-पढाइने र चर्चामा रहेकोका इतिहासका सामग्री अनुसार नेपालको पहिलो शाहवंशी राजा पृथ्वी नारायण शाहले आफ्नो जीवनकालमा ब्रिटिश विरोधी सशस्त्र सन्यासी विद्रोह दमन तथा प्रतिवर्ष भित्री तराईको तिरो वापत हात्ती र बाहिर तराईको तिरो वापत नगद रकम बुझाउँने शर्तमा तराई प्रदेशको जिमिन्दारी ब्रिटिश ईष्ट इण्डिया कम्पनीबाट लिए। तराई नेपालीको विजीत भूभाग होइन।

इतिहासको घटनाक्रममा राजा पृथ्वी नारायण शाह, राजा प्रतापसिंह शाह, बालक राजा रणबहादुर शाहका नायब महारानी राजेन्द्रलक्ष्मी देवी शाह र नायब राजकुमार बहादुर शाहको ब्रिटिशप्रतिको मित्रवत् र व्यवहारपरक नीति उनीहरूपछिका नेपालका भाई भारदारहरूका लागि बढी अग्राह्य र अरूचिकर बन्न पुग्यो। संसारको जङ्गे मैदानमा ब्रिटिशका ज्यानी दुस्मन भैरहेका फ्रांसका सेनापति र विशेषज्ञलाई नेपालमा झिकाई ब्रिटिश सैनिकसित युद्ध क्षेत्रमा मुकाबिला गर्नका निम्ति नेपाली फौजलाई तालिम जनरल भीमसेन थापाले गराए। भारतीय उपमहाद्वीपमा वेलायत र फ्रान्सको द्वन्द्व चलिरहेको वेला नेपाल फ्रान्सको पक्षमा लागे।

नेपाल विस्तार अभियानलाई सन् १७८९ मा तिस्टा नदीदेखि पूर्व बढनबाट सिक्किमी र भूटानी सेना, सन् १७९२ मा वर्तमान उत्तरी सीमादेखि अगाडि बढनबाट तिब्बती र चीनी सेना, सन् १८०९ मा सतलज देखि पश्चिम बढनबाट काँगडाली र सिख सैन्यवलले रोकी दियो।

तर, दक्षिणमा नेपालको कम्पनी क्षेत्रमा आक्रमण, झडप, लुट, आगजनी आदि जारी नै रहियो। मुजफ्फरपुर डिस्ट्रिक्ट गजेटियर अनुसार सन् १८१३ सम्ममा नेपाली फौजले तिरहुतको लगभग २०० गाउँहरूलाई कब्जामा लिएका अनेक गाउँमा सम्पति लुटेर आगो लगाई दियो। ११ मार्च,१८१४ मा कम्पनी सरकारका गभर्नर जनरल लार्ड मर्क्विस आँफ हेस्टिडले नेपाल दरवारलाई चेतावनीपूर्ण एउटा पत्र पठाए। गभर्नरको चेतावनी पत्र पाएर भीमसेन थापाले भारदारी सभा बोलाएर युद्ध गर्ने निर्णय लिइयो। सन् १७९२ को वेत्रावती(सन्धि अनुसार नेपालले सैनिक सहयोगको लागि चीन पत्र पठाए, अब नेपाल र कम्पनी बीच युद्ध अपरिहार्य हुन गयो। तर ला'र्ड हेस्टिंग्सको सामू दुईवटा कठिनाई थियो। पहिलो त ला'र्ड हेस्टिंग्स चाहन्थ्यो कि युद्ध घोषणा गर्नु भन्दा पूर्व नेपालमा व्यापार गरिराखेका ब्रिटिश नागरिकहरूलाई पुँजी सहित नेपालबाट वापस बोलाइ हाल्ने, दोस्रो यदि युद्ध लामो समय सम्म चल्यो भने निकै खर्चको आवश्यकता हुने। त्यसको पनि प्रबन्ध गरि हाल्ने। त्यसवेला कम्पनी सरकारको आर्थिक अवस्था पनि राम्रो थिएन, उसको हुन्डी बाह्र प्रतिशत बट्टामा मात्र बाजारमा बिक्री हुन्थियो। अतः नेपालसित युद्धको निम्ति आवश्यक धनको खोजीमा ला'र्ड हेस्टिंग्स कलकत्ताबाट लखनऊ पुगे, अवधको नवाब वजीर गाजीउदीन हैदरबाट नगद अढाई करोड रूपैया कर्ज लिए। त्यसपछि ला'र्ड हैस्टिंग्सले विस्तृत सैन्य योजना तयार पारी लखनऊ बाट नै १ नवम्बर १८१४ मा नेपालसंग युद्धको घोषणा गरे।

उत्पीडनको विरूद्ध विद्रोह गर्नु उत्पीडनमा परेका जनसमुदायको नैसर्गिक र जन्मसिद्ध अधिकार एवं कर्तव्यको सर्वमान्य सिद्धान्त अनुसार नेपालीको चरम उत्पीडनका शिकार तराईवासीहरूले नेपाली शासनको विरूद्ध विद्रोह गरेर आफ्नो शत्रुको शत्रु मित्र हुने मान्यता अनुरूप ब्रिटिश ईष्ट इण्डिया कम्पनीसंग मिलेर नेपालको साथ सशस्त्र युद्ध लडे। युद्धमा नेपाल पाराजित भए।

युद्ध विरामपछि २८ मई, १८१५ को नेपालले आवश्यक अधिकार-पत्रको साथ राजगुरू गजराज मिश्रलाई कम्पनी सरकारका प्रतिनिधि मेजर पेरिस ब्राँडशाँसँग सन्धि वार्ता गर्न सुगौली पठाए। कम्पनीका प्रतिनिधि र

नेपालका प्रतिनिधि बीच केहि महिनासम्म कैयौं पटक संन्धि वार्ता भए। नेपालले तिस्टादेखि मेचीसम्म तथा महाकालीदेखि सतलज सम्मको भूभाग युद्ध अपराधमा कम्पनीलाई सुम्पियो। कम्पनीले नेपाललाई प्रतिवर्ष तिरो तिर्न शर्तमा दिएको मेचीदेखि महाकालीसम्मको तराई समेत फिर्ता लिए। सिक्किमसँगको विवादमा नेपालले कम्पनी सरकारको निर्णय मान्नु पर्ने, ब्रिटिश सरकारको अनुमति विना कुनै यूरोपियन वा अमेरिकनलाई आफ्नो कुनै विभागमा भर्ना न गर्न सक्ने, काठमाण्डौंमा ब्रिटिश स्थायी प्रतिनिधि(रेजिडेण्ट) राख्नु पर्ने शर्त पनि नेपालले स्वीकारे।

नेपाल सरकारको आम्दानीको मुख्य साधन नै तराई थियो र नेपालको अधिकांश सरदारहरू र भारदारहरूका जागीर तराईमै थिए। अतः कम्पनी सरकारले मेचीदेखि महाकालीसम्मका तराई फिर्ता लिएपछि नेपाललाई ठूलो आर्थिक समस्या उत्पन्न हुने भए। नेपाल पक्षको पटक-पटकको अनुनय-विनयपछि कम्पनी सरकारले नेपालका सरदारहरू र भारदारहरूको पेन्शनको लागि दुई लाख रूपैया सालाना दिने सहमत भए।

यसरी संन्धि वार्ता पश्चात सुगौलीमा तयार पारिएको प्रस्तावित सन्धि-पत्रमा २८ नवम्बर, १८१५का दिन राजगुरू गजराज मिश्रले हस्ताक्षर गरिदिए। त्यस्तै २ दिसम्बर, १८१५का दिन ब्राँडशाँले पनि सही गरि दिए। यस दिन देखि पन्ध्र दिनभित्रै नेपालका राजाको स्वकृतिको लागि गजराज मिश्र सन्धि-पत्र लिएर काठमाण्डौं गयो। नेपालका राजाको स्वकृति पछि ब्राडशा' मार्फत यस उपर बीस दिन भित्रै वा सम्भव भए यस भन्दा पनि शीघ्र नै गभर्नरको स्वीकृत लिइने थिए।

अन्तिम शर्त अनुसार निश्चित समयभित्र नेपालले सन्धि-पत्र स्वीकृत गरेन। तराई त्यागनुको सट्टा कम्पनीसँग पुनः युद्ध लडने निर्णयमा नेपाल दरवार पुग्यो। नेपालले प्रस्तावित सुगौली संधिको सन्दर्भमा मौन बसेर भावी युद्धको पूर्व तैयारीमा लाग्यो। ल्हासा स्थित चीनियाँ अम्बान (राजनीति प्रतिनिधि)द्वारा सैनिक सहायता(पत्र बीजिंग पठाएको खबर नेपाल दरवारमा प्राप्त भयो। यस खबरबाट चिनियाँ सैनिक सहायता प्रति आश्वस्त नेपाल दरवार प्रस्तावित सन्धि(पत्रलाई उपेक्षा गरेर राजधानी काठमाण्डौंको प्रवेश मार्गोको सुरक्षामा लाग्यो।

नेपालीहरूको षडयन्त्रपूर्ण धोखेवाजीको जानकारी पाउनासाथ यसपाली पनि अवधका नवाव गाजीउदीन हैदरबाट नगद एक करोड रूपैया कर्ज लिए। सन् १८१६, फरवरी को प्रारम्भिक सप्ताहमा मेजर अ'क्टरलोनीको नेतृत्वमा बीस हजार फौजको दल भिच्छाखोरी(हाल अमलेशगंज)को बाटो काठमाण्डौं कब्जा गर्न पठाए।

सन् १८१६, फरवरी २७ का दिन मकवानपुरगढीमा र फरवरी २९ का दिन हरिहरपुरगढीमा भएको पुनरावर्तित युद्धमा पनि नेपाल पराजित भए।

मकवानपुरगढी र हरिहरपुरगढीको युद्धमा विजयी भई हेटौंडामा सैन्य शिविर खडागरि जनरल अ'क्टरलोनीले काठमाण्डौं हान्ने बढदै आइरहेको समाचार पाउन साथ उत्ताउलो सैन्यवादको नीतिबाट सम्पूर्ण समाप्त हुनलागेको नेपाललाई जे-जति हुन्छ बचाउनको लागि नेपाल दरवारले प्रस्तावित सुगौली-सन्धि स्वीकार गर्नु नै श्रेयस्कार ठान्यो। अन्ततः ३ मार्च, १८१६ का दिन नेपाल दरवारद्वारा सुगौलीको प्रस्तावित सन्धि-पत्रमाथि स्वीकृतिको लालमोहर सदर गरियो। ४ मार्च, १८१६ का दिन अप्राहान २:३० बजे गजराज मिश्र र चन्द्रशेखर उपाध्यायले नेपाल दरवारद्वारा लालमोहर सहित स्वीकृत भएको सन्धि-पत्र हेटौंडाको सैनिक छाउनीमा हाजिर भएर अ'क्टरलोनीलाई बुझाए। शर्तानुसार नेपाल सरकारले उक्त सन्धि १५ दिन मै स्वीकार नगरी आफ्नो बेइमानी देखाए वापत चन्द्रशेखर उपाध्यायलाई साह्रै अपमानजनक व्यवहार सहनु पऱ्यो। यसरी युद्धमा पुन विजयी भएकोले अ'क्टरलोनीले गजराज मिश्र र चन्द्रशेखर उपाध्यायलाई स्पष्ट भनेकि नेपालीहरूले सुगौलीवाला सन्धि-पत्र मात्र स्वीकार गरेर छुट्टी पाउने छैनन्। पुनरावर्तित युद्धको बढावमा कम्पनी फौज जहाँसम्म बढन सक्यो, त्यो भू-भाग पनि अब उनीहरूको अधिकार क्षेत्रभित्र हुनु पर्दछ। पराजित र लाचार नेपालीहरूले यस कुरामा पनि नाई नास्ति गर्ने ठाउँ पाएनन्।

तर, नेपालमाथिको पूर्ण आधिपत्यबाट ब्रिटिश ईष्ट इण्डिया कम्पनी अधीनस्त भूभागको सीमाना तिब्बतको पठारसँग जोडिन जानाले कम्पनी अधीनस्त भूभागको सम्पूर्ण सामरिक परिवेश नै फरक पृष्ठभूमिमा परिभाषित हुन जाने कुरामा ब्रिटिशहरू सतर्क थियो। त्यसैले कम्पनी अधीनस्त भूभाग र चीनको सीमामा तिब्बत पछि दोस्रो लहरका बफर(मध्यवर्ती) राज्यहरूको भूमिकामा काश्मिर, सिक्किम, भूटान, उत्तरपूर्वी सीमाप्रान्तसँग नेपाल पनि रहिरहोस भन्ने सोचाईमा ब्रिटिशहरू दृढ थियो। त्यसैले दुबै पक्षबीच सन्धि-पत्र आदान-प्रदान भयो।

४ मर्च, १८१६ नेपालको राज दरवारद्वारा लालमोहर सदर सुगौलीको सन्धि-पत्र ब्रिटिशलाई सुम्पिएपछि वैधानिक रूपमा नेपाली शासनबाट हाम्रो मातृभूमि मेचीदेखि महाकालीसम्मका 'तराई' मुक्त भए। अ'क्टरलोनीले पछि नियमानुसार अर्को मानिस नखटिएसम्मको निमित आफ्नो छाउनीबाट लेफ्टिनेन्ट कर्णल ब्वाँयलूलाई ब्रिटिश रेजिडेन्टको हैसियतले काठमाण्डौं पठाए। सन् १८१६ई.को मई तिर कम्पनीका गवर्नर-जनर्लद्वारा मनोनीत भएर एडवर्ड गार्डनर ब्रिटिश रेजिडेन्टको हैसियतले पुगेकाले ब्वाँयलू काठमाण्डौंबाट फर्केर गए।

चीनले वेत्रावत्ती सन्धि अनुसार ब्रिटिशसंगको १८१५(१६ को युद्ध र १८१६ को पुनरावर्तित युद्धमा नेपाललाई सैनिक सहायता गरेनन्। तर, सुगौली सन्धि अनुसार ब्रिटिश रेजिडेन्ट काठमाण्डौंमा बस्नथाले पछिआफ्नो पनि गतिविधि निगरानी गर्ने त्रासले चीनलाई सताउन थाले। चीनको धोखाका कारण दुई दुई पटक युद्ध हरि सकेका नेपाल, अब ब्रिटिशसंग युद्ध गर्ने पक्षमा थिएन्। सन् १८१६ को अगस्तमा चिनियाँ सैनिक अधिकारी नेपालको वस्तुस्थिति अध्ययन गर्न तिब्बतको दिगार्ची पुगे। चीनको उक्त सैन्य प्रतिनिधिले गभर्नर ला'र्ड हेस्टिंग्सलाई काठमाण्डौंमा ब्रिटिश रेजिडेन्ट नराखे वेश हुन्थियो भन्ने बिषयमा एउटा कडा पत्र लेखि पठाए।

सन् १७९२मा चीनले नेपाल-तिब्बत युद्धलाई नेपाल-चीन युद्धमा परिणत गर्यो। तिब्बतको तर्फबाट लडदै चिनियाँ सैनिक काठमाण्डौदेखि २६ कि.मी.उत्तर वेत्रावत्ती नदीसम्म आई पुग्दा नेपाललाई सन्धि गर्नु पऱ्यो। यस वेत्रावत्ती सन्धि अनुसार नेपालमाथि वाह्यि आक्रमण भएमा चीनले सैनिक सहयोग गर्ने। त्यसैले युद्ध भन्दा पूर्व चीनले नेपाललाई युद्धमा सैनिक मद्दत गर्ला भन्ने कम्पनीलाई ठूलो डर थियो। युद्धपछि पनि चीनले कस्तो प्रतिक्रिया जनाउँछ भन्ने त्रास थियो। यसै त्रासको सन्दर्भमा सन्धिपछि विशाल चीनियाँ फौज नेपाल आउँदैछ भन्ने हल्ला कम्पनी सरकारका ब्रिटिश अधिकारीहरूसम्म पुग्यो। अतः चिनियाँ सैनिक अधिकारको पत्र पाएर ब्रिटिश अधिकारीहरूमा त्रास उत्पन्न भयो। त्यसवेला कम्पनी सरकारको आर्थिक अवस्था कमजोर थियो। ला'र्ड हेस्टिंग्सलाई नेपालसँग(१८१४-१५)को युद्ध लडनको निम्ति अवधको नवाब वजीर गाजीउदीन हैदरबाट नगद अढाई करोड र पुनरावर्तित युद्ध(१८१६)को निम्ति नगद एक करोड रूपैया कर्ज लिनुपरेको थियो। अर्को तर्फ यतिवेला कम्पनी र मराठाका बीचमा तृतीय युद्ध(१८१७-१८) अवश्यभांवी हुन गएको थियो। दुई तिरको युद्धमा पराजयको सम्भावना बढी रहन छ। शत्रु सानै भएपनि ठूलो विगार गर्न सक्ने कुरा राम्ररी थाहा भएको ब्रिटिशहरूले चीनसितको युद्ध टार्न नेपाललाई आफ्नो पक्षमा मिलाउने प्रयत्नमा लागे।

८ दिसम्बर, १८१६ का दिन चीनदेखि भय-आक्रान्त ब्रिटिश ईष्ट इण्डिया कम्पनीले नेपाललाई चीनको पक्षमा जान नदिन नेपालका राजाको स्वीकृति र अनुमोदनका लागि स्मरण-पत्र प्रस्तुत गर्यो। कम्पनीले यसै स्मरण-पत्रको कुटिल चालद्वारा यसपाली हाम्रो मातृभूमि 'तराई'बाट पूर्व मेची नदीदेखि पश्चिम राप्ती नदीसम्म तथा वर्तमान नेपाल-भारत सीमादेखि उत्तरका भू-भाग नेपाललाई दियो एवं सुगौली सन्धि अनुसार नेपालका सरदारहरू र भारदारहरूको पेन्शन हेतु प्रतिवर्ष दिने रू २ लाख स्मरण-पत्रको बूँदा-६ द्वारा बन्द गरिदियो।

सन् १८५७, मार्च २९ का दिन कलकत्ता निरको बैरकपुर छावनीको विद्रोह गर्ने सैनिक मंगल पाण्डलाई गिरफ्तार गरी फाँसीको दिएको खबरले विद्रोह ब्रिटिश-भारतको कुना-कुना मा भडकियो। सन् १८५७ मई ६को मेरठ छावनीको विद्रोह गर्ने सैनिकहरूलाई निःशस्त्र गरेर १०-१०सालको कैद सजाय सुनाएर जेलमा बन्द गरिदियो। कम्पनी सेनाका भारतीयहरू र मेरठका नागरिकहरूले १० मईको सशस्त्र विद्रोह गरे, कारागारको ढोका फोडेर बन्दी सैनिकहरूलाई मुक्त गरी लिए। तत्पश्चात ११ मईको मेरठका दुई हजार घुडसवार सैनिकहरू दिल्ली प्रवेश गरेर बृटिश अधिकारी कर्नल रिपलेको सफाया गरेर मुगल बादशाह बहादुर शाह जफरलाई मुक्त गरी दिल्लीका सम्राट घोषित गऱ्यो।

मेरठ र दिल्लीका विद्रोहाग्निको लपट कानपुर, बरेली, लखनऊ, बनारस, जगदिशपुर(बिहार) तथा ब्रिटिश-भारतका अन्य भागहरूमा फैल्यो। झाँसीकी महारानी लक्ष्मीवाई, नाना साहेव पेशवा, ताँत्या टोपे, वेगम हजरत महल, लियाकत अली, वीर कुँवर सिंह, खान बहादुर खान आदि स्वतन्त्रता संग्रामका अग्रणी नेताहरूले जीवन अर्पण गरेका थिए। विद्रोहको नेतृत्व मेरठका पेशवा नाना साहेबले गरिरहेका थिए। उनले नेपालका शक्तिशाली प्रधानमन्त्री जंगबहादुरसँग कम्पनी सरकार विरूद्ध सहयोगको अपील गरेका थिए। त्यस्तै अवधका नवावले पनि नेपालको सहयोग प्राप्त गर्न विनम्र अनुरोध गर्दै पत्र पठाएका थिए। तर जंगबहादुर विद्रोहीलाई होइन विद्रोह दबाउन कम्पनी सरकारलाई सहयोग गर्ने पक्षमा थिए। जंगबहादुरले विद्रोहीहरूलाई ब्रिटिशसंग क्षमा माँगन सल्लाह दिए।

गवर्नर जनरलले अनुमान गरेको विपरीत चाँडै नै यो विद्रोहले उग्ररूप लियो र जूनको अन्तसम्ममा अवध र उत्तर-पश्चिम प्रान्तहरूमा विद्रोहीहरूको अधिकार कायम भयो। यस्तो स्थितिमा इलाहाबाद, लखनऊ र बनारसमा कम्पनी सरकारको स्थिति धेरै नै गम्भीर भए। क्रान्तिकारीहरूले बृटिश अधिकारीहरू माथि संघातिक हमला गरे। उनीहरूका बंगला डढाइ दिए। लखनऊमा हेनरी लारिन्सले रेजिडेन्सीमा शरण लिन पुगे। जंगबहादुरको प्रस्ताव स्वीकार गर्ने सल्लाह दिन नेपालको पूर्व रेजिडेण्ट हगसन दार्जिलिङबाट कलकत्ता गर्वनर जनरलनिर पुगे। कलकत्ताको कम्पनी सरकारले भयंकर आपत्तिकालीन स्थितिको घोषणा गरी २९ जून, १८५७ मा नेपालसित सैनिक सहयोग माँग गऱ्यो।

थापाथली गोलघर बैठकको निर्णय अनुसार २ जुलाई, १८५७ का दिन जंगबहादुरले कर्णेल पहलमान सिंह बस्नेतको नेतृत्वमा ३ हजार नेपाली सेना स्वतन्त्रता संग्राम दमन गर्न पठाए।

नेपाली सेनाको क्रुर दमनले गभर्नर जनरल लर्ड क्यानिङ्गलाई साह्रै प्रभाव पारेकोले रेजिडेन्ट मेजर जर्ज ऱ्यामजे मार्फत पुनः थप सेनाको माँग गरियो।

सन् १८५७, दिसम्बर १० का दिन ब्रिटिशहरूको आदेश र जंगबहादुरको चाहना अनुसार प्रधान सेनापतिको हैसियतले स्वयं अन्य सैनिक अधिकारीहरू सहित १४ हजार सैनिक जवानहरूको दलबलका साथ भारतीयहरूको स्वतन्त्रता संग्रामलाई दमन गर्न निम्ति काठमाडौंबाट रवाना भए।

नेपाली सेनाले जौनपुर, आजमगढ, मुबारकपुर, अत्रोलिया, कुण्डिया, चन्दा, बदलपुर, बसरतपुर, हमीरपुर, सुल्तानपुर, सोनपुर, गोरखपुर, बादशाहगंज, लखनऊ आदि ठाउँमा विद्रोहीहरूसित युद्ध गरे। २१ मार्च सम्ममा सम्पूर्ण लखनऊ जंगबहादुरको मातहतमा आयो। लखनऊमा लडेका प्रमुख युद्धहरूमध्ये बेगमको काठी, आलमबाग, छत्तर मंजील, मोतीमहल, केशरबाग, इमामबारा, ताराकोठी र मुसाबाग युद्ध प्रसिद्ध थियो। विद्रोहीहरूको मुख्य अड्डा आलमबाग कब्जा भएपछि नेपाली सेनाले केशरबागमा घमासान युद्ध गरी अधीनमा लिएपछि भयङ्कर लूट-पाट मात्र मच्चाएन तोड-फोड, च्यात-चुत र बलात्कार जस्तो जघन्य अपराध गर्न पनि पछि परेन्। लखनऊमा नेपाली सेनाका हिंसा, हत्या, लुट र बलात्कार तोड-फोडका अत्याचारले महम्मद गोरी, चङ्गेज खाँ, नादिर शाहको स्मरण गरायो। सन् १८५८, मार्च २३ का दिन जंगबहादुर दलबलका साथ लखनऊबाट काठमाडौंको लागि हिंडीयो।

सन् १८५७ का महाविद्रोहलाई कम्पनी सरकारले क्रुरतापूर्वक दमन त गरी दियो, तर बृटिश ईष्ट इण्डिया कम्पनीको शासनबाट असन्तुष्ट भएर जनता, सैनिक र राजा महाराजाहरूले महाविद्रोह गरेको हुँदा ब्रिटिश सरकारले कम्पनीको शासनको अन्त गर्ने निर्णय लियो। ब्रिटिश-भारतमा शासन गर्नको लागि ब्रिटेनको संसदबाट 'भारत शासन अधिनियम-१८५८' पारित गराए। त्यस अधिनियम तहत १ नवम्बर, १८५८ का दिन इलाहाबादमा एक दरबार गरियो, जसमा लाँर्ड कैनिंङ्गले महारानी विक्टोरियाका घोषणा-पत्र पढेर सुनाइयो। महारानीको यसै घोषणा-पत्रद्वारा भारत शासन अधिनियम-१८५८को तहत कम्पनी शासनको अन्तको घोषणा गरी दियो।

ब्रिटिश-भारतमा १ नवम्बर, १८५८ का दिन आफ्नो सोझै शासन स्थापना गरेको ठीक दुई वर्षपछि १ नवम्वर १८६० का दिन भारतीय स्वतंत्रता आंदोलनको दमनमा नेपाल सरकारद्वारा दिएको सहयोगलाई 'उत्कृष्ट सेवा' को दर्जा दिदै ब्रिटिश सरकारले नेपालसँग एक सन्धि गर्यो। गभर्नर जनरल लार्ड हेस्टिंग्सले राप्ती पश्चिमको तराई भू-भाग समेत गभेर त्यस सन्धि-पत्र मार्फत काली र राप्ती नदीहरूको मध्य अवस्थित सम्पूर्ण तराई भू-भाग तथा राप्ती नदी र गोरखपुर जिल्लाको मध्य अवस्थित सम्पूर्ण तराई भू-भाग तथा वर्तमान नेपाल-भारत सीमादेखि उत्तरका तराई भू-भाग नेपाललाई दियो। नेपालले यसको नाउँ 'नयाँ मुलुक' राख्यो।

यसरी ब्रिटिश ईष्ट इण्डिया कम्पनी सरकारले १८१६ई.को स्मरण-पत्र एवं ब्रिटिश सरकारले १८६०ई.को सन्धि-पत्रद्वारा मेचीदेखि पश्चिम राप्तीसम्म एवं राप्तीदेखि पश्चिम महाकालीसम्म र वर्तमान भारत-नेपाल सीमा देखि उत्तरको तराई भू-भाग नेपालका राजालाई दिईयो। अतः वर्तमानमा नेपाल अधीनस्थ मेची नदीदेखि महाकाली नदीसम्मको 'तराई(मधेस)' कुनै शाहवंशी राजा, महाराजा वा नेपालीको विजित भू-भाग नभई ब्रिटिश स्वार्थका कारण नेपाललाई हस्तान्तरित भू-भाग हो। नेपालको इतिहासको सिंहावलोकनले हामीलाई बताउछ कि 'तराई' नेपालको अभिन्न अङ्ग थिएन, होईन।

सन् १८५७ देखि प्रारम्भ भएको भारतीय स्वतन्त्रता सग्रामको परिणाम स्वरूप १५ अगस्त, १९४७ को मध्यरात्रिमा भारत ब्रिटेनको उपनिवेशबाट मुक्त भएर स्वाधीन राष्ट्र बने।

सन् १९४९, नवम्बर २६ मा भारतीयहरूको विधान-निर्मात्री परिषदद्वारा स्वीकृत भारतको संविधान २६ जनवरी, १९५०ई.को दिन जारी गरेपछि भारत एउटा सम्पूर्ण प्रभुसत्तासम्पन्न लोकतन्त्रात्मक गणराज्यको रूपमा अवतरित भयो।

सन् १९५० जुलाई ३१ का दिन भारत-नेपाल बीच काठमाण्डौंमा सम्पन्न भएको "शान्ति एवं मैत्री" सन्धिको धारा-८मा उल्लेख छ, "जहाँ सम्म यसमा वर्णित विषयहरूको सम्बन्ध छ यो सन्धि भारतको लागि ब्रिटिश सरकार र नेपाल सरकारको बीच भएको समस्त पूर्ववर्ती सन्धिहरू, सम्झौताहरू तथा व्यवस्थाहरूलाई खारेज गर्दछ।

सन् १९५०अक्टुवर ३० का दिन बृटेन-नेपाल बीच काठमाण्डौंमा सम्पन्न सन्धिको आठौं धारामा उल्लेख भए अनुसार संयुक्त अधिराज्य सरकार र नेपाल सरकार बीच काठमाण्डौंमा २१ दिसम्वर १९२३ को दिन हस्ताक्षर भएको सन्धिपत्र र सो भन्दा अघिका सन्धि-पत्रहरू, स्वीकार-पत्रहरू, सम्झौता-पत्रहरू समेत खारिज भएको छ।

सन् १९५० का भारत-नेपाल तथा ब्रिटेन-नेपाल बीच भएको दुबै सन्धिहरूको धारा- ८ को आधारमा ८ दिसम्वर १८१६ को स्मरण-पत्र र १ नवम्वर १८६० को सन्धि-पत्र स्वतः खारेज भए। त्यसपछि तराईमाथि नेपालको शासन पूर्णतस अनधिकृत र अवैध भए। नागरिकता सम्बन्धी कानून व्यवस्थाको ऐतिहासिक सन्दर्भलाई अध्ययन गरिएमा न् १९५० सम्म नेपालमा नागरिकताको अवधारणा विकास भएको थिएन(उप्रेती वी.सी. , नागरिकताको राजनीति, मधेश समस्या र सम्भावना, पृ. १०३)। व्यक्तिले आफुलाई कुन देशको नागरिक मान्ने भन्ने महत्वपूर्ण प्रश्न हो। व्यक्तिले कुनै मुलुकको नागरिक भएको आधारमा नागरिकता लिईन्छ। तराईमा नेपालको शासन गर्ने अधिकर रहेन्छ। तसर्थ तराईका मूल निवासीहरू नेपालको नागरिक होइन। तराईका मूल निवासीहरूद्वारा नेपालको नागरिकता प्रमाण-पत्र लिनु नेपालको गुलामीको प्रमाण-पत्र लिनु हो।

# राजपाको संघर्षमा फोरमको पनि साथ चाहिन्छ



डा. अशोक महासेठ
बुद्धिजीवी

**संशोधनका लागि जति काम गर्नुपर्ने थियो, कुरा उठाउनुपर्ने थियो त्यो कुरा फोरमले नगरेकोले फोरममाथि पनि सत्तामोहको शंका उब्जेको महसुस हुन थालेको छ ।**

**० चुनावपछि मधेशको राजनीतिक अवस्थालाई कसरी विश्लेषण गर्नुहुन्छ ?**

– चुनावपछि मधेशको राजनीति आशामा बसिरहेको छ । अहिलेका दुई तिहाईको सरकारले देशको हितका लागि समस्या समाधान गर्छ भन्ने आशामा बसेको छ । तर, यति समय बितिसक्दा यो सरकारले कुनै क्रियाकलाप नदेखाउँदा प्रष्टिएको छ कि सत्ता सञ्चालकहरूको नियत ठिक छैन । त्यसैले अहिले अन्योलपूर्ण अवस्थामा परिणत हुँदै गइरहेको छ ।

**० मधेशकेन्द्रित दलहरूको क्रियाकलाप कस्तो छ ?**

– खासगरी, राजपाको भनाइ र अडान जुन प्रकारको छ कि छठपछि आन्दोलनमा जाने त्यो राम्रो कदम छ । किनभने पर्खिंदा-पर्खिंदा धेरै समय बितिसक्यो । मधेशमा राजपा मात्र एउटा राजनीतिक पार्टी छैन, त्यहाँ फोरमको पनि उपस्थिति र संगठन त्यतिकै बलियो छ । फोरमको भनाइ के छ भने प्राविधिकरूपमा सरकारको दुई तिहाई पुगेको संशोधनका लागि सहज हुन्छ भनेर सरकारमा गएको हो । फोरम सरकारमा गएको नराम्रो होइन । तर, संशोधनका लागि सरकारलाई जति घच्घचाउनुपर्ने हो, कुरा उठाउनुपर्ने हो त्यो देखिएको छैन । त्यसकारणले शंका उत्पन्न भइरहेको छ कि फोरम सत्ताको भोग भोग्नका लागि मात्र गएको हो कि । यदि राजपा संघर्षमा जाने हो भने फोरमको साथ पनि आवश्यक छ ।

**० तर, आन्दोलनका लागि फोरम सत्ताबाट बाहिरिन्छ त ?**

– दुई किसिमको अवस्था हुनसक्छ । सरकारबाट रहेर पनि आन्दोलनमा जान सकिन्छ । यस्ता थुप्रै उदाहरणहरू छन् हाम्रै नेपालमा । सरकारमा हुँदा पनि आन्दोलनको रूप लिन्छ । सत्ताबाट बाहिरिएर मात्र आन्दोलनमा जान सकिन्छ भन्ने छैन । फोरम अहिले जसरी मन्त्रिपरिषद्मा छ, उसले संशोधनका लागि त्यहाँ पनि आन्दोलन गर्न सक्छ । तर, आफूमाथि विश्वास हुनुपऱ्यो कि म कहाँसम्म आन्दोलन गर्न सक्छु ।

**० जसरी संशोधनको नाममा एउटा मधेशकेन्द्रित दल सरकारमा गयो भने अर्का आन्दोलनको चेतावनी दिँदैछ । भनेपछि संशोधन यिनीहरूको एजेन्डा हो कि प्रोपोगण्डा ?**

– संविधान संशोधन राजपा र फोरमको राजनीतिक एजेन्डा हो र साथसाथै समग्र देशकै समस्या हो । यो समस्या मधेशको मात्र होइन । बडो दुःखको कुरा छ कि अहिलेसम्म पनि देशहितका लागि वर्तमानमा कुनै पनि पार्टीले काम गरिरहेका छैनन् ।

**० संशोधन यदि समग्र देशकै आवश्यक्ता हो भने ठूला दलहरू नेकपा र कांग्रेसको प्राथमिकतामा किन नपरेको होला ?**

– यी ठूला भनाउँदा दलहरूमा देशहितको सोच नभएकोले संविधान संशोधन यिनीहरूको प्राथमिकतामा नपरेको हो । यसलाई राजनीतिक बेइमानी भन्न मिल्छ ।

**० नेकपा र कांग्रेसलाई क्षेत्रीय दल भन्न मिल्छ ?**

– क्षेत्रीय दल त भन्न मिल्दैन तर यिनीहरूमा औपनिवेशिक मानसिकता अहिले पनि हटिसकेको छैन । उनीहरूको सोच र व्यवहारमा प्रजातान्त्रिक गुण र देशहितका लागि नरहेकोले यिनीहरू क्षेत्रीय दल जस्तै देखिएको हो ।

**० संशोधन यदि राष्ट्रिय मुद्दा हो भने यी ठूला दलहरूको प्राथमिकतामा नपर्नु कसरी यिनीहरू राष्ट्रिय दल भए ?**

– कांग्रेसको समीक्षा गर्ने हो भने उसले लोकतन्त्रको नाम दिएर मात्रै लोकतान्त्रिक पार्टी भनिरहेको छ । वास्तविकरूपमा अहिलेसम्म उनीहरूले लोकतन्त्रको सिद्धान्त, मर्म वा विचारलाई अँगाल्न सकेका छैनन् । त्यसको प्रतिविम्बको रूपमा देशमा देखा पर्न सकेको छैन । यदि देशमा कुनै पनि समस्या छ भने प्रत्येक पार्टीको त्यो एजेन्डा बन्नुपर्छ । यस्तो नभएकोले उनीहरूमा प्रजातान्त्रिक गुणको अभाव छ । यिनीहरूमा देशप्रतिको इमान्दारिता छैन ।

**० प्रधानमन्त्री केपी शर्मा ओलीले जसरी बारम्बार भन्नुहुन्छ कि आवश्यक्ता र औचित्यको आधारमा संविधान संशोधन हुन्छ । प्रधानमन्त्रीलाई यसको आवश्यक्ता र औचित्य कि महसुस नभएको होला ?**

– आवश्यकता र औचित्य एकदमै छ । अहिले मात्र होइन, जुन बेलामा संविधान निर्माण भइरहेको थियो त्यो बेलामा नै थियो । त्यो बेलामा बलमिचाई गरेको देखिएको छ । जबसम्म समस्या रहिरहन्छ तबसम्म राष्ट्रियता बलियो हुँदैन । त्यसैले, समस्या समाधान गर्नु नै अहिलेको आवश्यक्ता र औचित्य हो । यदि गरिरहेको छैन भने यसको अर्थ हो कि उनीहरूको नियत खराब छ ।

**० संविधान जारी भएको तीन वर्षभन्दा बढी समय भइसक्यो तर अहिलेसम्म सर्वस्वीकार्य हुनसकेको छैन । यसरी असन्तुष्टि रहिरहँदा संविधानको भविष्य कति देख्नुहुन्छ ?**

– संविधानप्रति यसरी नै असन्तुष्टि राहिरहँदा यसको लामो भविष्य देखिँदैन । किनभने अहिलेसम्म नेपालमा छ वटा संविधान बनेको छ र यो सातौं संविधानको रूपमा आएको छ । त्यसैलै भन्न सकिँदैन कि यसको अवस्था त्यस्तै नहोला । यो संविधानलाई यदि सफल बनाउने हो भने समस्याहरू समाधान गर्दै जानुपर्छ । अनि मात्रै समृद्ध नेपाल र सुखी नेपालीको नाराको सार्थकता हुन्छ ।

**० प्रधानमन्त्री केपी ओलीको मधेशमा जुन किसिमको छवि थियो, त्यसमा परिवर्तन आएको हो ?**

– हल्का परिवर्तन आएको जस्तो देखिन्छ । उहाँको जुन बानी छ, त्यो परिवर्तन हुँदैन । त्यो परिवर्तन गर्नका लागि धेरै साधना, चिन्तन, मनन गर्नुपर्छ । आफूलाई सर्वव्यापकरूपमा उभ्याउन सक्नुपर्छ । तर, त्यस्तो सोच र व्यक्तित्व भएको केपी ओलीलाई म देख्दिँन ।

**० प्रधानमन्त्री ओलीले संविधान संशोधन गर्नुहुन्छ ?**

– शंका छ । उहाँ आफ्नो कार्यकालमा सायद संशोधन गर्नुहुन्न ।

**० भनेपछि यो पाँच वर्षभित्र संशोधन हुने सम्भावना छैन ?**

– अहिलेको अवस्था हेर्दा त त्यस्तै लागिरहेको छ ।

**० संशोधनको नाममा सरकारमा गएको फोरमको भूमिकालाई कसरी हेर्दै हुनुहुन्छ ?**

– संशोधनका लागि सहमति गरेर फोरम सरकारमा गएको हो । सत्ताका लागि मात्रै फोरम सरकारमा गएको हो भनेर भन्न सकिन्न । देशका समस्याहरू समाधान गर्नका लागि फोरम यदि सरकारमा नगएको भए दुई तिहाईको बहुमत पुग्ने थिएन । जब कि संशोधनका लागि दुई तिहाई आवश्यक हुन्छ । तर, संशोधनका लागि जति काम गर्नुपर्ने थियो, कुरा उठाउनुपर्ने थियो त्यो कुरा फोरमले नगरेकोले फोरममाथि पनि सत्तामोहको शंका उब्जेको महसुस हुन थालेको छ ।

**० संशोधनको सर्तमा सरकारलाई समर्थन गरेकै थियो, सरकारमै जानुपर्ने बाध्यता थियो ?**

– समर्थन गरेको खण्डमा सरकारमै जानुपर्ने बाध्यता त थिएन । तर, राजनीति गर्ने पार्टीको लक्ष्य सरकारमा जाने हुन्छ । सरकारमा जानु नराम्रो कुरा होइन । तर, गएपछि आफ्नो कर्तव्य पूरा गर्नुपर्छ । त्यो महत्वपूर्ण कुरा हो ।

**० संशोधन पक्षधर दलहरू राजपा र फोरमबीच सहकार्य वा सम्वाद नहुँदा सरकार गम्भीर नभएको हो कि ?**

– हुनसक्छ । वर्तमानलाई लागेको होला कि मधेशी दलहरूबीच फुट भयो भने सन्चोको अवस्था हुन्छ । त्यो आफैमा ठिक कुरा होइन । दुईटै पार्टी मिल्नु नै मधेश र देशका लागि आवश्यक छ ।

**० प्रदेश २ को प्रहरी ऐनप्रति नेकपा अध्यक्ष प्रचण्डले जसरी चेतावनीयुक्त भाषामा अभरटेक नगर्नुस् दुर्घटना निम्तिन्छ भनेर भन्नुभयो, यसले के संकेत गर्छ त ?**

– प्रचण्डले जुन किसिमले अभिव्यक्ति दिनुभएको छ त्यो आफैमा अप्रजातान्त्रिक तरिका हो । गैरजिम्मेवारीपूर्ण उहाँले कुरा राख्नुभएको छ । व्यक्तिको जीवनमा जहाँ पनि जुन चीजको आवश्यकता महसुस हुन्छ, मान्छे त्यतातिर काम गर्छ । प्रदेश २ को सरकार जननिर्वाचित छ । जननिर्वाचित सरकारलाई कुनै पार्टीका अध्यक्षले त्यति ठूलो कुरा गर्नु एकदमै अन्यायपूर्ण कुरा हो । गैरजिम्मेवारपूर्ण कुरा हो । यसले गर्दा प्रचण्डजीको व्यक्तिगत छविमा ह्रास ल्याउँछ ।

# हामी राजपासँग सहमतीय ढंगले जान चाहन्छौं

**कतिपय विषयमा मन्त्रिपरिषद्ले निर्णय गर्दा सर्वोच्च अदालतबाट उल्टाउने खालका अवस्थाहरू सिर्जना भइरहेको छ । त्यसकारणले आन्दोलनताका गिरफ्तार भएका राजबन्दीहरूको रिहाई, झुठा मुद्दा फिर्ता, सांसद रेशम लाल चौधरीको शपथ ग्रहण लगायतका विषयमा अलिकति समय लागेको हो ।**



हेमराज राई
उपाध्यक्ष, संघीय समाजवादी फोरम नेपाल

**० अहिले संविधान संशोधनको मुद्दा ओझेलमा परेको हो ?**

– संविधान संशोधनको मुद्दा ओझेलमा परेको छैन, यो हाम्रा लागि जीवन्त मुद्दा हो । संशोधनका लागि हामीसँग भएको सहमतिको आधारमा काम गर्न पार्टी अध्यक्ष तथा उपप्रधान एवं स्वास्थ्यमन्त्री उपेन्द्र यादवले प्रधानमन्त्रीसँग निरन्तर छलफलमा हुनुहुन्छ । एउटा समयको अन्तरालमा संशोधन गर्ने नै छु भनेर प्रधानमन्त्रीले भन्नुभएको कुरा अध्यक्षज्यूले हामीलाई भन्नुभएको छ ।

**० प्रधानमन्त्रीले त औचित्य र आवश्यक्ताको आधारमा संशोधन हुन्छ भनेर भन्दै आउनुभएको छ । तर, तपाइँहरू सरकारमा गएको औचित्य पुष्टि भएको छैन नि ?**

– सत्ताधारी दलसँग एउटा सहमति भइसकेपछि मात्रै हामीले चाहेका संविधानका धाराहरूमा संशोधन गर्ने स्थिति देखा पर्छ । राज्य पुनर्संरचनासँग गाँसिएका धाराहरूलाई मुख्यतः संशोधन गर्न चाहेका छौं । त्यो संशोधन गर्नका लागि संवैधानिक प्रावधानका आधारमा बहुमत प्रदेशहरूको स्वीकृति चाहिने र दुईतिहाई बहुमत चाहिने, यो एउटा बाध्यकारी स्थिति भएको हुनाले सत्ताधारी दलसँग आवश्यक छलफल नगरीकन संशोधन गर्ने अवस्था छैन भन्ने यथार्थतालाई बुझ्न जरूरी छ । त्यसैले संशोधनको मुद्दालाई सफलतापूर्वक कार्यान्वयन गर्नका लागि निरन्तर छलफल र सम्वादमा छौं । जहाँसम्म औचित्य र आवश्यक्ताको कुरा प्रधानमन्त्रीले बारम्बार भन्नुहुन्छ, त्यसमा हामीले उहाँलाई भनिसकेका छौं कि नेपालीय उत्पीडित समुदायहरूका लागि पहिचानमा आधारित संघीयता हो । संशोधनका लागि आन्तरिकरूपमा प्रधानमन्त्रीसँग निरन्तर वार्ता जारी छ ।

**० तर, अहिलेसम्म संशोधनका लागि प्रक्रिया पनि सुरू भएको छैन नि ?**

– औपचारिक रूपमा प्रक्रियाहरू सुरू नभएको हुनाले बाहिर परिणाम देखिएको छैन । असोज २ गतेसम्म बनाउनै पर्ने नियम कानूनहरू बनाउन सरकार लाग्नुपर्ने अवस्था थियो । त्यो स्टेजबाट हामी अगाडि बढिसकेपछि तिहार र छठ जस्ता पर्वहरू आएका छन् । पर्वहरूपछि हामीले स्टेपअप गर्ने सोचिरहेका छौं ।

**० केन्द्रदेखि प्रदेशसम्म नेकपाकै बहुमतको सरकार छ, भनेपछि संशोधन गर्न अप्ठ्यारो छ यो सरकारलाई ?**

– कानूनहरू निर्माण गर्नुपर्ने सरकारको एउटा समय अवधि थियो । संविधानका धाराहरू संशोधन गर्ने सन्दर्भमा सरकारको ध्यानाकर्षण भइरहेको छ । त्यसका लागि सत्तारूढ दल र विपक्ष दलसँग पनि छलफल चलाउनुपर्ने आवश्यक्ता देखिएको छ । व्यापक छलफलपश्चात् मात्रै संशोधनको प्रक्रियामा जानुपर्ने हुन्छ ।

**० छठपछि संशोधनको प्रक्रिया सुरू हुन्छ ?**

– संशोधनको प्रक्रियाका लागि सरकारलाई अलि बढी दबाब दिनुपर्ने हुन्छ । यसमा प्रमुख प्रतिपक्षीलाई पनि सहमतिमा ल्याउन आवश्यक हुन्छ । छठपछि हामी संशोधनको प्रक्रियामा लागी उपयुक्त अवस्था सिर्जना गर्छौं ।

**० प्रमुख प्रतिपक्षी नेपाली कांग्रेस त संशोधनप्रति जहिले पनि सकारात्मक नै देखिएको छ नि ?**

– संविधान एउटा गतिशील दस्तावेज भएको हुनाले आवश्यक संशोधन निरन्तर हुन्छ भन्ने खालका आम सिद्धान्तका कुरा राजनीतिक दलहरूले गरे पनि फोरम नेपालको तर्फबाट चाहेको संशोधन के हो भन्ने कुराहरूको सन्दर्भमा प्रमुख प्रतिपक्षीलाई पनि सहमत गराउन हामीले कोशिसै गर्नुपर्छ । पहिचानमा आधारित संघीयताको पक्षमा संशोधन गराउने हाम्रो लक्ष्य हो । सिमाना र संख्यासँग गाँसिएका विषयहरूलाई संवैधानिक ढंगले नै समाधान गर्नका लागि सरल स्थिति सिर्जना गर्ने कोशिस गरिरहेका छौं । यस सन्दर्भमा हामीले प्रमुख प्रतिपक्षी दलहरूलाई सहमतिमा ल्याउन अलिकति एक्सरसाइज गर्नुपर्ने हाम्रो सामान्य मूल्यांकन हो ।

**० संशोधनभन्दा अगाडि सरकारले गर्नुपर्ने कामहरू जस्तै, आन्दोलनताका गिरफ्तार भएका राजबन्दीहरूको रिहाई, झुठा मुद्दा फिर्ता, सांसद रेशम लाल चौधरीको शपथ ग्रहण लगायतका विषयमा फोरमले के गर्दैछ ?**

– यस विषयमा अलिकति कानूनी अड्चनहरू पनि छन् । यसमा हामी सकारात्मक छौं । यस विषयमा मन्त्रिपरिषद्को तर्फबाट निर्णय गराउने सन्दर्भमा हामी कुराकानी गरिरहेका छौं, प्रधानमन्त्री पनि सकारात्मक हुनुहुन्छ । तर, अहिले कतिपय विषयहरूमा मन्त्रिपरिषद्ले निर्णय गर्दा सर्वोच्च अदालतबाट उल्टाउने खालका अवस्थाहरू सिर्जना भइरहेको छ । त्यसकारणले आन्दोलनताका गिरफ्तार भएका राजबन्दीहरूको रिहाई, झुठा मुद्दा फिर्ता, सांसद रेशम लाल चौधरीको शपथ ग्रहण लगायतका विषयमा अलिकति समय लागेको हो ।

**० छठपछि राष्ट्रिय जनता पार्टी नेपालले आन्दोलन गर्ने चेतावनी दिँदै आएको छ, फोरमको धारणा के छ ?**

– अहिले हामी सरकारमा पनि सामेल भएको हुनाले हिजो हामीले उठाएका मुद्दाहरू मन्त्रिपरिषद्को निर्णयबाट समाधान गर्न सक्छौं भन्ने लागेको छ । संविधान संशोधनका लागि एउटा राजनीतिक सहमति गर्दै उपयुक्त ढंगले अघि बढ्नुपर्छ भन्ने पक्षमा हामी छौं । त्यसैले, अहिले हामी सरकारमा रहेको सन्दर्भमा पहिलो प्रयत्न सरकारभित्रैबाट एउटा सहमति बनाएर जानुपर्ने हुन्छ । तर, राजपाले सडक आन्दोलनबाट संशोधनका लागि सरकारलाई दिन्छौं भन्ने खालको जुन कुरा छ त्यसप्रति हाम्रो नकारात्मक दृष्टिकोण हुने छैन । संसदभित्र एउटा एकत्रित शक्ति बनाएर संशोधनतर्फ जाने भन्ने उहाँहरूलाई हाम्रो सुझाव हो । तथापि पनि संशोधनका लागि सबैतिरबाट प्रयत्न हुनुपर्छ भन्ने सिद्धान्तमा हामी असहमत हुन सक्दैनौं ।

**० यदि राजपा आन्दोलनमा गयो भने तपाइँहरूको समर्थन रहन्छ ?**

– हामी सरकारमा रहिरहेको अवस्थामा आन्दोलनलाई सरकारी दृष्टिकोणबाट नै हेर्नुपर्छ । तर हाम्रा मुद्दाहरूका बारेमा जसरी उहाँहरूले बढाइरहनुभएको छ त्यो हिजोदेखिकै हाम्रो मागै हो नि । मागको सन्दर्भमा हाम्रो विमति हुने कुरो भएन नि ।

**० संशोधनका विषयमा प्रधानमन्त्रीसँग जसरी तपाइँहरू वार्ता वा छलफल गर्नुहुन्छ, त्यसैले राजपासँग कतिको छलफल हुन्छ ?**

– राजपासँग प्रदेश २ मा हाम्रो सरकारी तवरमै सहकार्य भइरहेको छ । आन्दोलन पनि हामीले विगतमा सँगै गरेका हौं । परिवर्तनका कतिपय मागहरू हाम्रो सहमति त छँदैछ । त्यसैले, संशोधनको विषयमा राजपासँग अत्यन्त नजिकको सम्बन्ध हो । तथापि पनि अलग-अलग पार्टी र सोच भएको हुनाले हाम्रा आ-आफ्ना विशेष खालका मुद्दाहरू पनि छन् । त्यसैलै कतिपय विषयहरूमा हामी राजपासँग सहमतीय ढंगले जान चाहन्छौं ।

**० संशोधनका लागि विगतमा जसरी तपाइँहरूको एउटै मुद्दा थियो, त्यस विषयमा अहिले राजपासँग सहकार्य भएको छैन ?**

– जब संशोधनको प्रक्रिया सुरू हुन्छ त्यो बेलामा राजपासँग हाम्रा पार्टीले कुराकानी अगाडि बढाउँछ । तर, अहिलेसम्म औपचारिकरूपमा कुराकानी भएको छैन ।

**० संशोधन पक्षधर दलहरूबीच नै सम्वाद वा सहकार्य टुटेको खण्डमा सत्ता सञ्चालकले तपाइँहरूको मागलाई गम्भीरपूर्वक नलिएको हो कि ?**

– संशोधन गर्ने भनेर भएको सहमतिपत्रमा सत्ताधारी दलका अध्यक्ष तथा प्रधानमन्त्री केपी ओली र अर्का अध्यक्ष प्रचण्डकै हस्ताक्षर भएकोले यसप्रति प्रतिबद्ध छ भनेर लिनुपर्छ । संशोधन गर्नका लागि कामहरू अगाडि बढाउँदा उहाँहरूको फरक दृष्टिकोण आयो भने मात्रै हामीले सत्ताधारी दलविरूद्ध बोल्ने हो । अहिले राजपा पनि यो सरकारलाई समर्थन गरेको हुनाले सत्तापक्षकै रूपमा रहेको छ भन्ने बुझ्नुपर्छ । संशोधनका विषयमा हाम्रा साझा एजेन्डाहरू छन् र त्यसका एकजुट भएर नै अगाडि बढ्नुपर्छ ।

**० प्रदेश २ को सरकारले ल्याएको प्रहरी ऐनप्रति जसरी नेकपा अध्यक्ष प्रचण्डले चेतावनीयुक्त भाषामा सचेत गराउनुभयो, यसलाई फोरमले कसरी लिएको छ ?**

– प्रदेश २ को सरकारले ल्याएको प्रहरी ऐन संविधान अनुरूप नै छ । जसरी संघीय प्रहरी ऐन ल्याउन ढिलाई भएको हो त्यो एउटा दबाब पनि हो । तर, यसप्रति प्रचण्डको जुन किसिमको वक्तव्य आयो त्यो राम्रो होइन । उहाँले एउटा राजनेताले देखाउने हैसियत देखाउन सक्नुभएन । संघीयतालाई मजबुत बनाउने अहिले हाम्रो मुख्य काम पनि हो । संघीयतालाई नै आघात गर्ने खालको हाम्रो कदम होइन ।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# ‘भारतले दक्षिण एशियालाई उकास्नुपर्छ’

विचारहरूको विकास र महत्वपूर्ण सार्वजनिक नीतिका विषयहरूमा बौद्धिक बहसको आधार निर्माण गर्ने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको इन्डिया फाउन्डेसनको उच्च प्रशंसा गर्न चाहन्छु। पाँचौं वर्षको अवधिमा, यस ‘इन्डिया आइडिया कन्क्लेभ’ फरक चरित्रको एक नेतृत्वदायी समारोह मात्र नभई विचारहरूको जन्म, विकास आदान-प्रदानका हिसाबले एक विशिष्ठ माध्यमका रूपमा विकास भएको छ। त्यसले कालान्तरमा अझ सौहार्द एवं समृद्ध समाज निर्माणका लागि सकारात्मक माहोल सिर्जना गर्न योगदान पुऱ्याउनेछ।

२१ औं शताब्दीमा आविष्कार र अन्वेषणहरूको लहर पैदा गर्नका लागि भारतले धेरै प्रस्ताव गर्नुपर्नेछ। विचारक, नीति निर्माताहरूको सम्मानित भेलाका अगाडि म दुई करोड ८० लाख नेपालीहरूको सामूहिक विचार र तिनको सुनौलो भविष्यका लागि तिनका सपनाहरू, दृष्टि तथा आशाको प्रतिनिधित्व गर्दै तपाईमाझ आफ्नो विचार सेयर गर्दैछु।

मानव जाति र हाम्रा आ-आफ्ना देशका नागरिकहरूका आ-आफना विचार हुन्छन्। हामी हाम्रो समाजलाई कस्तो बनाउन चाहन्छौं र हामी हाम्रो राज्य र विश्व समुदायलाई कहाँ पुराउन चाहन्छौं भन्ने विचारले निर्देशित गरेको हुन्छ।

विचारहरू शुन्यतामा हुर्कन सक्दैन। विशिष्ट भौतिक सन्दर्भ र वस्तुस्थितिले मानव मस्तिष्कमा पार्ने प्रभावका प्रतिक्रिया नै विचार हुन्, मानव परिकल्पना र सिर्जनाको उपज हुन् विचार। केही विचारहरू समकालीन चुनौती र समस्याको मुकाविला गर्नका लागि आकस्मिक आवश्यक्ताद्वारा निर्देशित हुन्छन् भने धेरैजसो विचार मानव सुझबुझ र प्रगतिलाई अगाडि बढाउने र विकासको क्षितिजलाई विस्तार गर्दाका परिणाम विकास भएका हुन्।

हरेक नयाँ युगको प्रारम्भका निम्ति केही अग्रगामी (क्रान्तिकारी) विचारहरूले रूपान्तरणकारी भूमिका खेलेका हुन्छन्। जब विचार प्रादुर्भावको शुरूवात व्यक्तिगत तवरमा सर्वाङ्गीण एकाग्रताद्वारा समकालीन सोचका लागि हुन्छ, त्यसका लागि सिंगो समाज, राज्य र सभ्यताद्वारा त्यसलाई मलजल र सम्वर्द्धधन गर्नुपर्छ।

कुनै समय, विचार व्यक्तिगत एकरूपतामा अन्त हुँदैन। विचारको विविधताले सामाजिक बहसलाई थप मजबुत बनाउँछ। अन्तरसम्वाद र आदान-प्रदानले विचारलाई परिस्कृत बनाउँछ, फलस्वरूप तिनीहरूका लागि व्यापक अपनत्व, गहिरो अर्थ र नयाँ उचाइ हासिल गर्न मद्दत पुऱ्याउँछ।

विचारले आधारभूत रूपमा हामीलाई परिभाषित गरेको हुन्छ भन्ने कुरामा तपाईहरू मसँग सहमत हुनुहुन्छ भन्ने लाग्छ। विचार हाम्रो पहिचान हो र मानव सभ्यताको यात्राका लागि निर्देशित उज्यालो हो। विचारहरू केवल अर्मूत हिसावले निर्माण भएका होइनन्। तिनीहरू आधारहरू हुन, जहाँ व्यक्तिगत सोचले आकार ग्रहण गर्दै, समाजहरू निर्माण हुँदै राज्यहरू मजबुत बन्नेछन्। यो आखिरी गन्तव्यको विचार हो, जसले हाम्रो सामुहिक सोचद्वारा तय गरिएको मार्गलाई विस्तार गर्नका लागि हामीलाई प्रोत्साहन गर्छ।

विचारले हामीलाई सही र गलत, नैतिक र भ्रष्ट, असल र खराव पहिचान गर्नका लागि मद्दत गर्छ। यो मानव मस्तिष्कहरूको संसर्ग र परस्पर उर्वरताको विचार हो, जसले अविश्वसनीय तवरका मानव विकास र परिवर्तनहरू ल्याएका छन्।

कुनै पनि विचारको असली परीक्षा मानव जीवनमा त्यसले पार्ने सकारात्मक प्रभावको स्तर हुनेछ। अनि सामवेशिता यस्तो प्रभावको मूल आधार हुनुपर्छ

समय क्रममा उल्लेखनीय मानव विकासका बावजुत, विश्वले आज असंख्य चुनौतीहरूको सामना गरिरहेको छ। गरिबीको क्रुरतालाई आजपर्यन्त निवारण गर्न सकिएको छैन। असमानता राज्यभित्र र राज्य-राज्यबीच विशाल छन्। धेरै देश र समाजहरू विकास प्रकृयामा पछाडि नै छन्।



पुष्पकमल दाहाल

धेरै क्षेत्रहरूमा शान्ति हासिल हुन कठिन भइरहेको छ। मानव दोहनबाट पैदा भएको जलवायु परिवर्तनका असरका कारण पृथ्वीको स्थिरतालाई खतरा पैदा भइरहेको छ।

परिवर्तनकारी चौथो औद्योगिक क्रान्ति उदयसँगै नयाँ अवसर र चुनौती दुवै पैदा भएका छन्। प्रविधिका विविध क्षेत्रमा भएका क्रान्ति, कृत्रिम इन्टेलिजेन्स, रिवोटिस, थ्रीडी, नानो प्रविधिहरूले विचारलाई सबल र परिस्कृत बनाउनका लागि मानव क्षमताको परीक्षण भइरहेको छ। तर, प्रविधिको विस्तार मात्रै पर्याप्त छैन। धेरै देशहरू अझै औद्योगीकरणको अघिल्ला लहरबाट लाभान्वित हुन सकेका छैनन्। प्रविधिको सपाट विस्तार र प्रसारका लागि अधीक काम आवश्यक छ।

कुनै पनि विचारको असली परीक्षा मानव जीवनमा त्यसले पार्ने सकारात्मक प्रभावको स्तर हुनेछ। अनि सामवेशिता यस्तो प्रभावको मूल आधार हुनुपर्छ। इतिहासको श्रृखंलामा विचारहरूको फैलावटका हिसावले दक्षिण एशियाली क्षेत्रले विश्व मानचित्रमा द्विविधारहित तवरमा एक अद्वीतीय स्थान ओगटेको छ। भारतले धेरै प्रतिभाहरू जन्माएको छ, जसको महान विचार र ज्ञानले मानव सभ्यतालाई प्रेरित गरेको छ। र, ती ज्ञानहरू मानवताका लागि एक मार्गदर्शक प्रकाश मात्र थिएनन्, तिनीहरू समयको परीक्षणद्वारा खडा भएका छन्।

विश्वको यस भूभागमा महान सभ्यताहरूले बास गरेका छन्। र, ठूला विचारक, नेताहरू, आविष्कारक, अन्वेषकहरू, विद्वानहरू र शोधकर्ताहरूलाई जन्म दियो। बौद्धिक उन्नतीको स्तर वा समृद्धिको स्तरमा, दक्षिण एशियाको अतीत समृद्ध छ। विगत २०० वर्ष समयको अवधिमा, संसारका प्राय:जसो क्षेत्र अघि बढ्यो र हामी पछि पर्यौं।

एक समयमा जब बहुमत विश्व कष्टपद र अन्धविश्वासको प्रतिछायाँमा रूमल्लिरहेको थियो। हाम्रो क्षेत्र वेद र बौद्ध दर्शनद्वारा पहिले नै प्रबुद्ध भएको थियो। प्राचीन दक्षिण एशियाले विश्वलाई अनगिन्ती सभ्यताको विशेषता प्रदान गरेको थियो-साहित्य र वास्तुकलादेखि भौतिक विज्ञान, खगोलविज्ञान र औषधि, राज्यकलाको विचारदेखि व्यापार र उद्योगकलासम्म। दक्षिण एशियाली सभ्यताको यस बहुमूल्य विशेषता, हाम्रो मूल्य प्रणाली आजपर्यन्त कामयावी छन्।

यी मूल्यमान्यता सौहार्दता, अनुशासन र व्यापक सार्वजनिक हित र चासोमा आधारित हाम्रो सामुहिक सभ्यताको स्वीकारोक्ति र केही थोरै व्यक्तिगत स्वकेन्द्रियताद्वारा पैदा भएको हो। यी मूल्यमान्यताहरूले साझेदारी, हेरविचार र सहअस्तित्वमा अधिक जोड दिन्छ। शान्ति, अन्तर-विश्वास सहिष्णुता र शान्तिपूर्ण अस्तित्वका सिद्धान्तको विचार आधुनिक समयका थुप्रै लहडहरूका लागि उत्तरहरू हुन्।

**नेपालको अनुभव**

दशकौंसम्म तानशाही शासन, गरिबी र अविकासका विरूद्ध स्वतन्त्रताका लागि नेपाली जनताले लामो र कठिन संघर्ष गर्नुपर्यो। तानाशाहीबाट स्वतन्त्रता, गरिवीबाट स्वतन्त्रता, एक दशक लामो सशस्त्र संघर्ष र त्यसपछि शान्ति प्रकृयाको नेताका हैसियतले मैले नजिकबाट मेरा जनताहरूको आकांक्षालाई देखेको छु। सशस्त्र संघर्षका बेलामा मेरो ध्यान सबैभन्दा बढी दबाइएका र सीमान्तकृत समुदायलाई जागरूक बनाउनु, उनीहरूको राम्रो भविष्यको सपना देखाउनु र तिनीहरूलाई प्रवृद्ध र सशक्तीकरण गर्नु थियो। यो देशको दुरजन क्षेत्रहरूमा सामाजिक जागरण उठेको सबैभन्दा उत्कृष्ट समय थियो।केही वर्षको अन्तरालमा नै सामन्तवादका किल्लाहरू ध्वस्त हुन सुरू भयो र स्वतन्त्रता र लोकतान्त्रीकरणको आवाज ठूलो र दृढतापूर्वक उठ्यो। जब सशस्त्र संघर्षले जनतालाई सशक्तीकरण गर्दै लगेको थियो, ऐतिहासिक शान्ति प्रकृयाले जनताको आकांक्षा निहीत एजेण्डालाई संस्थागत गर्दै लग्यो। जनताको उत्कृष्ट सेवाका लागि प्रकृयालाई सरल बनाउनु, जनताको सामाजिक-राजनीतिक आकांक्षालाई संविधानमा समेटी संविधानलाई जनताको पूर्ण अपनत्व हासिल हुने प्रकृया अवलम्वन गर्नु। मैले ऐतिहासिक शान्ति प्रकृया र लोकतान्त्रिक परिवर्तनका हरेक उदारचढाव र मोडहरूलाई देखेको छु।

> ‘ नेपाल र भारतबीच, परापूर्वकालदेखि सौहाद्रपूर्व सहअस्तित्वको सम्बन्ध रहँदै आएको छ। हामी भूगोलका साथै इतिहास, धर्म संस्कृतिका साथ वाणिज्य सम्बन्धद्वारा जोडिएका छौं। हामी छिमेकी मात्र होइनौं, नजिकका साथीहरू पनि हौं। ’

हामी पूर्ण सचेत छौं कि, राजनीतिक उपलब्धीको संरक्षणका लागि हामीले छोटो समयमा एक बलियो र स्वस्थ आर्थिक आधार निर्माणबाट मात्र सम्भव छ। हामी हाम्रो सीमित स्रोत साधनका बारेमा पूर्ण जानकार छौं। त्यसैले सीमित श्रोतसाधनको न्यायिक बाँडफाटबारे ध्यान दिन जरूरी छ

आज, हामीसँग संविधान छ जसलाई हामी आरामका साथ हाम्रो नागरिकको घोषणापत्र भन्न सक्छौं। प्रक्रिया र अन्तरवस्तु दुवैका हिसावले नागरिक घोषणापत्र। प्रकृया यस अर्थमा, नेपालको इतिहासमा पहिलोपटक, नेपालको संविधान जनताद्वारा प्रत्यक्ष निर्वाचित समावेशी संविधानसभाद्वारा निर्माण गरियो। अन्तरवस्तुका हिसावमा यसले दशौं वर्ष लामो संघर्षमा जनताद्वारा प्रदर्शित सपनाहरूलाई संस्थागत गऱ्यो।

यो घोषणापत्र, जसले जनतालाई सार्वभौमसत्ता र राज्यलाई प्राधिकार बनाउँछ। यो घोषणापत्र, जसले जनताको आकांक्षा अनुसार आवश्यक संशोधनद्वारा निरन्तर सुधार गर्दै लैजान प्रतिवद्ध छ। यो घोषणापत्र, जसले नगारिक भावनाको मूल्य मन्यतालाई प्रवर्द्धन र नेपाली जनताको राष्ट्रिय पहिचानलाई संरक्षण गर्छ।

हामीले संविधान निर्माणपछिको संक्रमणका साथसाथै गत वर्ष तीन तहको निर्वाचनलाई कुशलतापूर्वक सफल र व्यवस्थित गरेका छौं। चुनावपछि केन्द्र सरकारका साथ प्रादेशिक सरकारहरू बलियो र लोकप्रिय जनमतमार्फत गठन भएका छन्। दशकौंको राजनीतिक अस्थिरता र पीडादायी संक्रमणकालपश्चात हामी अन्तत: स्थिर सरकारको सुखद अवस्थामा छौं, जुन विकासका लागि अति आवश्यक छ।

यस प्रकारको राजनीतिक प्रकृया पूरा गरिसकेपछि, हाम्रो दृष्टि अब जनताको स्वतन्त्रताको अर्को पाटोमा केन्द्रित छ, मूलत: गरिवी र अविकाशबाट स्वतन्त्रता हासिल गर्ने, कठिनाइ र अभावपूर्ण जीवनबाट स्वतन्त्रता, आधारभूत आवश्यकताहरूको चिन्ताबाट स्वतन्त्र, जीवनको उच्च लक्ष्य पछ्याउनका लागि स्वतन्त्र। यसका लागि, हाम्रो सरकारले ‘समृद्ध नेपाल, सुखी नेपाली’को विचारलाई साकार पार्नका लागि काम गरिरहेको छ। हामीले हाम्रो विकासको नीति र कार्यक्रममा केही निश्चित क्षेत्रहरूलाई प्राथमिकता तय गरेका छौं।

हामी पूर्ण सचेत छौं कि, राजनीतिक उपलब्धीको संरक्षणका लागि हामीले छोटो समयमा एक बलियो र स्वस्थ आर्थिक आधार निर्माणबाट मात्र सम्भव छ। हामी हाम्रो सीमित स्रोत साधनका बारेमा पूर्ण जानकार छौं। त्यसैले सीमित श्रोतसाधनको न्यायिक बाँडफाटबारे ध्यान दिन जरूरी छ।

हाम्रो विकासको प्रयासमा हाम्रा छिमेकीहरू र संसारभरका मित्रराष्ट्रहरूबाट प्राप्त सहयोगका लागि आभारी छौं। हामी आशावादी छौं कि यस्तो सहयोग निरन्तर जारी रहनेछ। मलाई कुनै सन्देह छैन, तपाई सबैसँग सहमत हुनुहुनेछ कि शान्तिपूर्ण र समृद्ध नेपालले मात्र क्षेत्रीय शान्ति, स्थिरता र समृद्धिमा योगदान पुऱ्याउन सक्छ।

मैले भन्नुपर्छ कि हाम्रो दुई देश, नेपाल र भारतबीच, परापूर्वकालदेखि सौहाद्रपूर्व सहअस्तित्वको सम्बन्ध रहँदै आएको छ। हामी भूगोलका साथै इतिहास, धर्म संस्कृतिका साथ वाणिज्य सम्बन्धद्वारा जोडिएका छौं। हामी छिमेकी मात्र होइनौं, नजिकका साथीहरू पनि हौं। जनता-जनताबीचको अन्तरक्रिया र आदान-प्रदानहरू विशिष्ट छन्, जसले हाम्रो सम्बन्धलाई युनिक प्रकृतिका स्वरूप प्रदान गरेको छ।

हाम्रा सम्बन्धको आधार आत्मीयता, भातृत्व, सहयोग र समान सार्वभौमका लागि पारस्परिक सम्मानमा आधारित छ। समयसापेक्ष र हाम्रा जनताको आकांक्षाअनुरूप यस सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउनका हामी दुवै देश प्रतिवद्ध छौं। इन्डिया फाउन्डेसन जस्तो थिकंट्याकले नेपाल र भारतको पारस्परिक सम्बन्ध र जनतबीचको सम्बन्धलाई थप विस्तारित र मजबुत बनाउनका लागि अन्य आयामहरूको खोजी गर्न सक्छ।

*(पूर्वप्रधानमन्त्री तथा नेकपाका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले नयाँदिल्लीमा आयोजित पाँचौं ‘इन्डिया आडिया कन्क्लेभ’मा व्यक्त मन्तव्यको सम्पादित अंश)*

## मधेश अपडेट

### “भिजिट मधेश नेपाल”को प्रथम राष्ट्रिय सम्मेलन सम्पन्न

वीरगंज। ‘मधेशको भ्रमण नगरी नेपाल भ्रमण पूरा हुँदैन’ भन्ने मूल नाराका साथ भिजिट मेधश नेपालको राष्ट्रिय सम्मेलन वीरगंजमा सम्पन्न भएको छ। ग्लोबल बिजनेस कलेजको सभा हलमा कार्तिक १६ गते शुरू सम्मेलन तीनदिने घोषणा पत्र जारी गरी सम्पन्न भएको छ। सम्मेलनले तराई मधेशमा पर्यटन प्रवर्द्धनका लागि नयाँ उमंगका साथ उत्साहपूर्ण वातावरण तयार गर्न महाअभियान संचालन गर्ने, पर्यटकीय स्थलहरू/ऐतिहासिक पुरातात्विक धरोहरहरू तराई मधेशका मौलिक संस्कृति, भाषा एवं तराई मधेशका हरेक किसिमका पर्यटकीय सम्भावनाहरूलाई विश्वव्यापी रूपमा डिजिटल प्रविधिबाट (वेव साईट र मोवाइल एप्सहरू)उजागर गर्ने र यो महाअभियानमा ग्लोबल मधेशीहरू, तिनै तहका सरकारहरू लगायत सम्बन्धित एवं ईच्छुक सबै पक्षसँग सहकार्य र समन्वय गर्ने निर्णय गरेको छ। सम्मेलनको सत्रहरूमा यस अभियानका ग्लोबल संयोजक राज सर्राफले यो अभियानको सन्दर्भमा विश्वव्यापी रूपमा जारी बिविन्न गतिबिधिको बारेमा भिडियो कन्फ्रेन्सको माध्यमले सहभागि प्रतिनिधिहरूलाई अवगत गराएका थिए। अभियानका राष्ट्रिय संयोजक ओमप्रकास सर्राफले अभियानको उद्देश्य , योजना र नितिको बारेमा प्रशिक्षण दिएका थिए। सर्राफले मधेसका पर्यटन क्षेत्रहरू ओझेलमा परेको भन्दै त्यसलाई विश्वसामु ल्याउन आफनो अभियान लागि पर्ने बताएका थिए।

### भौतिक पूर्वाधार निर्माणबाट नै समृद्धि हुने

विराटनगर। सङ्घीय सांसद एवं नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य डा डिला सङ्ग्रौलाले प्रदेशको जनताको विकास र समृद्धिका लागि प्रतिपक्षसँग सहकार्य गरी बहसको अभियान सञ्चालन गर्नुपर्ने बताएका छन्। नेपाल प्रेस युनियन मोरङद्वारा विराटनगरमा आयोजित पत्रकार सम्मेलनमा उनले कृषिको विकास, उद्योगको विस्तार, पर्यटन क्षेत्रको विकास र भौतिक पूर्वधार निर्माणबाट नै यस क्षेत्रका जनताको आर्थिक समृद्ध कायम हुनेछन् भने। उनले योजना निर्माण गर्दा जनताको प्रत्यक्ष संलग्नता भएमा मात्र जनताले विकासको अनुभूति गर्ने बताउँदै पिछडिएका जनताका भाषा, संस्कृतिको संरक्षण गर्नु सरकारको दायित्व रहेको धारणा व्यक्त गरे।

### ४० नेपाली युवतीको उद्धार

दिनेश ठाकुर, नेपालगञ्ज। भारतको राजधानी नयाँ दिल्लीमा बेचिएका तीन जना सहित ४० जना नेपाली युवतीको उद्धार गरि नेपाल ल्याइएको छ। उद्धार गरिएका मध्ये तीन जनालाई नयाँ दिल्लीको जिवीरोडबाट उद्धार गरिएको हो। अन्य ३७ जनालाई भने अवैध बाटो हुँदै खाडी मुलुक लैजान लागिएको अवस्थामा दिल्लीसँग जोडिएको उत्तरप्रदेशको गाजियावादबाट उद्धार गरिएको हो। सोमबार दिउसो नेपालगञ्ज पुगेका उनीहरूमध्ये १५ जनालाई राजधानी पठाइएको र २१ जनालाई झापा पठाउने तयारी गरिएको माइती नेपाल नेपालगञ्जका कार्यक्रम संयोजक केशब कोइरालाले जानकारी दिए। माइती नेपाल, माइती इण्डिया र भारतीय राजदुतावासले भारतीय सुरक्षा निकायको समन्वयमा युवतीहरूको उद्धार गरेका हुन्।

### प्रसूति गृह भवन शिलान्यास

राकेश यादव, रौतहट। रौतहट जिल्लाको ईशनाथ नगरपालिका वड़ा नंबर २ औरैयामा १८ लाखको लगतमा निर्माण हुने प्रसूति गृहको एक कार्यक्रमबीच शिलान्यास सम्पन्न भएको छ। ६ कोठे प्रसूति गृहको भवनको शिलान्यास नगर प्रमुख संतोष मेहताले गरेका छन्। भवन निर्माणका लागि स्थानीय वडा नंबर ३ निवासी समाजसेवी जमुना ठाकुरको विशेष पहलमा सोही ठाउँ निवासी रामचन्द्र प्रसाद गुप्ताले आफ्नो नाम दर्ताको जग्गा २ कठा निशुल्क उपलब्ध गराएका छन्। २ कट्ठा जग्गा दिएका गुप्ताले अझ थप २ कट्ठा जग्गा दिने घोषणा गरे पछि भवन निर्माणको कार्य शुभारम्भ भएको हो। ६ महीना भित्रमा निर्माण कार्य सम्पन्न गर्ने सम्झौता निर्माण व्यवसायीसँग भएको छ। शिलान्यास कार्यक्रममा सम्वोधन गर्दै मेयर मेहताले प्रसूति गृह निर्माण भएपछि स्थानीय महिलाहरूलाई सदरमुकाम जानुपर्ने अवस्था नहुने बताएका छन्।

### जानकी मन्दिर सौन्दर्यीकरण गरिने

जनकपुरधाम। प्रदेश २ को सरकारले जानकी मन्दिरको परिसरको सौन्दर्य बढाउने भएको छ। मुख्यमन्त्री र मन्त्रिपरिषद् कार्यालयद्वारा जनकपुरधाममा आयोजित शुभकामना आदानप्रदान समारोहमा मुख्यमन्त्री लालबाबु राउतले छठको लगत्तै जानकी मन्दिरलाई रू पौने आठ करोडको लागतमा सौन्दर्य वृद्धि गर्ने योजना रहेको बताए। सीताराम विवाह महोत्सवमा अयोध्याबाट जानकीको माइतमा अयोध्याबाट आउने साधुसन्तलाई प्रदेश सरकारले सम्मान गर्ने कार्यक्रम राखेको बताउँदै उनले साधुसन्तको सम्मानका लागि सरकारले रू ५० लाख उपलब्ध गराउने योजना छ भने।

### स्वतन्त्र मधेश गठबन्धनका नेताहरू रिहा

सुनसरी। गत असोज ३ गते कालो संविधान भनि विरोध प्रदर्शन गर्दा स्वतन्त्र मधेश गठबन्धनका सुनसरी जिल्लाबाट गिरफ्तार भएका ४ जना नेताहरू रिहा भएका छन्। आइतबार जनही १५ हजारको धरौटीमा जिल्ला अदालत सुनसरीबाट उनीहरू रिहा भएका छन्। नेपालको संविधान मधेशहरूको रगतबाट लतपत भएकोहुनाले यो संविधान मधेश र मधेशीको हकहितमा नहुने भएको भन्दै गठबन्धनको आह्वानमा मधेशभरी कालो दिवस मनाइएको थियो। उक्त दिन सयौंको संख्यामा स्वतन्त्र मधेश गठबन्धनका नेता कार्यकर्ताहरू गिरफ्तार भएका थिए। त्यही कार्यक्रमबमट सुनसरी जिल्लाबाट ई. श्यामसुन्दर मण्डल, जय प्रकाश मधेशी, सिताराम पण्डित र भवानी मेहता गिरफ्तार भएका थिए। गिरफ्तार भएकाहरूलाई सार्वजनिक शान्ति सुब्यवस्था खलल पुर्याएको आरोपमा सुनसरी जिल्ला अधिकारीले पुर्पक्षका लागि झुमका कारागार चलान गरेको थियो।

### भन्सारबाट पाँच अर्ब ४३ करोड बढी राजश्व

पर्सा। चालू आर्थिक वर्ष २०७५/७६ को तीन महीनामा वीरगञ्ज भन्सार कार्यालयले लक्ष्यभन्दा रू पाँच अर्ब ४३ करोड बढी राजश्व सङ्कलन गरेको छ। चालू आवको साउनदेखि असोजसम्मका लागि कार्यालयले रू ३७ अर्ब ७५ करोड ३२ लाख लक्ष्य पाएकामा रू ४३ अर्ब १९ करोड १७ लाख राजश्व सङ्कलन गर्न सफल भएको छ। सङ्कलित राजश्व लक्ष्यभन्दा १३ प्रतिशत बढी रहेको वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत गोपाल खत्रीले जानकारी दिए। सङ्कलित राजश्व गत आवको साउनदेखि असोजसम्मको तुलनामा ४२ प्रतिशतभन्दा बढी हो। आव २०७४/७५ को साउनदेखि असोजसम्ममा रू ३० अर्ब ५६ करोड ३३ लाख राजश्व सङ्कलन भएको थियो। देशको प्रमुख भन्सार नाका भएर आयात निर्यातमा वृद्धि भएसँगै राजश्व सङ्कलनमा सुधार आएको खत्रीको भनाइ छ। चालू आवको असोजमा मात्र लक्ष्यभन्दा ३८ प्रतिशत बढी राजश्व सङ्कलन भएको छ।

### सूक्ष्म निगरानी गर्नुपर्ने : घिमिरे

धनगढी। अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त नवीनकुमार घिमिरेले गैरसरकारी संस्थाका क्रियाकलापलाई निगरानी गर्नुपर्ने बताएका छन्। सुदूरपश्चिम प्रदेशको धनगढीमा आइतबार आयोजित ‘भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको भूमिका ’विषयक अन्तर्क्रिया कार्यक्रममा उनले यस्तो बताए। प्रमुख आयुक्त घिमिरेले भने, आयोगले प्रस्ताव गरेको आफ्नो ऐनमा गैरसरकारी संस्थालाई पनि समेट्ने प्रयास गरेको छ। प्रमुख आयुक्त घिमिरेले सार्वजनिक पदमा रहेको सबैको गतिविधिलाई आयोगले सुक्ष्म रूपमा निगरानी गरिरहेको उल्लेख गरे। उनले आयोगले आफ्नो काम सुदृढ रूपमा प्रतिबद्ध भएर गरिरहेको बताए।

### मुलुकका सबै बस्ती सडक सञ्जालसँग जोडिने

महोत्तरी। शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेल र भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठले अबको चार वर्षभित्र मुलुकका कुनै बस्ती सडक नपुगेको नहुने बताएका छन्। महोत्तरी निर्वाचन क्षेत्र नं. १ स्थित विभिन्न ठाउँका विकास निर्माण कार्यको संयुक्तरूपमा अनुगमन निरीक्षण गरेपछि आज भङ्गाहा नगरपालिकाको सीतापुर बजारमा आयोजित समारोहमा उनीहरूले भने, “चार वर्षभित्रमा मुलुकका सबै बस्ती कुनै न कुनै सडक सञ्जालले छोइसक्ने छ।” सो अवसरमा भौतिक पूर्वाधार तथा यातायातमन्त्री महासेठले अबको दुई वर्षभित्रै महोत्तरी बर्दिवासदेखि जनकपुर हुँदै जयनगरसम्मको ब्रोडगेज रेल सेवा सञ्चालन भइसक्ने बताए।

# मुस्लिम महिलाको न्यायमा पहुँच भएन

राकेश कुमार मिश्र

बाँके । यस जिल्लाका घरेलु हिंसापीडित मुस्लिम महिलाले कानूनी उपचारबारेको अनभिज्ञताका कारण न्याय पाउन सकेका छैनन् । यी समुदायका महिला पीडा सहेर बस्ने तर, बाहिर ननिस्कनाले यस्तो समस्या भएको हो ।

पछिल्लो समयमा केही महिलाहरू खुलेर बाहिर आउन थालेका छन् । बाहिर आएका महिलाहरू पनि कानूनी प्रक्रियाको त्यति जानकार छैनन् । यसको एक उदाहरण बन्नुभएको छ, बाँके जानकी गाउँपालिकाको खाले पिप्रहवाका सैजहाँ तेली । न्यायिक प्रक्रियामा पहुँच नहुँदा उहाँ समस्यामा पर्नुभएको छ ।

एक दशक अघि विवाह भएका उहाँका अहिले दुई बच्चा छन् । श्रीमान् लागुऔषधका दुर्व्यसनी हुन् र लागुऔषधको कारोबारमा संलग्न छन् । लागुपदार्थ खाएर आई दिनहुँ कुटपिट गर्ने पीडा उहाँले भोग्दै आउनुभएको छ । कुलतमा फसेर प्रहरीको अति वाञ्छित सूचीमा रहेका श्रीमान्लाई कारवाहीका लागि प्रहरी प्रशासनसँग गुहार्दा समेत प्रहरीले समात्ने तर, दण्ड नदिएर छाड्ने गरेको सैजहाँ बताउनुहुन्छ ।

श्रीमान्लाई पाँच-छ पटक पक्डन लगाएर जेल पठाए तर उनी सुध्रेनन् । उहाँ भन्नुहुन्छ - "यस्तो भन्दा त उनको अनुहारै नदेखे जाती हुन्थ्यो ।" उहाँका श्रीमान् कहिलेकाहीँ मात्र घर आउँछन् । आएको बेला साह्रै दुःख दिन्छन् । आफूलाई न्याय पाउने सहज बाटो थाहा नभएर कारवाहीको प्रक्रिया अघि बढाउन नसकिएको उहाँले बताउनुभयो ।

न्यायका लागि भौंतारिरहनु भएका उहाँ स्थानीय तह, प्रहरी चौकी र सामुदायिक मेलमिलाप केन्द्रमा जानुभयो तर, अहिलेसम्म सुनुवाइ भएको छैन । उहाँ भन्नुहुन्छ - "म दिनहुँ मेहनत मजदुरी गरी दुई बच्चालाई पालनपोषण गरिरहेकी छु र विद्यालय पठाइरहेकी छु ।"

सैजहाँ त एक नमूना मात्र हुन् । यस जिल्लामा उहाँ जस्तै महिनामा ५० जना जति महिला आफ्ना श्रीमान् तथा घरपरिवारबाट प्रताडित हुने गरेको बताइन्छ । महिला तथा बालबालिका कार्यालयमा त्यस्ता पीडित महिलाहरू बढी आउने गरेका छन् ।। सामाजिक संस्कार र घरपरिवारका कारण महिलाहरू पीडा सहेर बस्नुपरेको छ । कतिपय महिलाहरू न्याय माग्न नजानेर अलमलमा छन् । आफूहरूको उचित व्यवस्थापन सरकारबाट नहुँदा परिवार छोड्नु भन्दा बरू पीडा सहेरै बस्नु बेस भन्नेहरू पनि थुप्रै छन् ।

पछिल्लो समयमा जिल्लामा विभिन्न सङ्घसंस्थाले महिला अधिकारका विषयमा सचेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन गरेपछि उनीहरू जागरूक बन्दै गएको सम्बद्ध पक्षको दाबी छ । मुस्लिम अगुवा महिला साईदा तेलीका अनुसार गाउँका महिलाहरू महिला अधिकारको

> **महिला हिंसाका उजुरीहरू आउने क्रम प्रहरी कार्यालयमा दिन प्रतिदिन बढिरहेको छ । घटना भइसकेर लामो समय बितेपछि मात्र प्रहरीमा उजुरी आउने गरेको जिल्ला प्रहरी कार्यालय बाँकेले जनाएको छ ।**

कानूनी प्रक्रिया जस्ता विषयमा अनभिज्ञ रहेका छन् । मुस्लिम समुदायका महिलालाई घर बाहिर निस्कन नदिने सामाजिक परम्परा, अशिक्षा र गरिबीका कारण उनीहरू घरभित्रै चुलोचौकामा मात्र सीमित रहेका छन् ।

गैरसरकारी संस्थाहरूको पहलमा बाँके जिल्लाका विभिन्न स्थानमा गठित महिला समूहमा आबद्ध महिलाहरू अहिले सचेत भई कानूनी प्रक्रियाबारे जानकारी पाउन थालेका छन् । सदस्य साईदाले भन्नुभयो- "अरू महिलाका कुरा के गर्ने ? मलाई समेत केही पनि थाहा थिएन । हाम्रो समुदायका पुरूषहरूले महिलालाई घर बाहिर पठाउँदैन्थे । घरभित्र राखेर हाम्रा सबै अधिकार कुण्ठित भएको थियो ।"

सो समूह गठनपछि उनीहरूलाई निर्णय लिन मात्र हैन अर्थोपार्जन गर्न पनि मद्दत मिलेको उहाँले बताउनुभयो । महिलामाथि आइपर्ने विभिन्न समस्या तथा कानूनी उपचारबारे उनीहरूलाई सचेत गराउँदै आत्मनिर्भर र सक्षम बनाउन लागिपरेको पूर्व सांसद मोहमद्दी सिद्दिकी बताउनुहुन्छ ।

उहाँका अनुसार जिल्लाका ग्रामीण क्षेत्रका धेरै मुस्लिम महिला पीडा सहेर बसिरहेका छन् । अहिले पनि १० प्रतिशत जति महिलाले आफ्नो पीडा लुकाएर बस्दैआएको बताइन्छ । गैरसरकारी संस्था महासङ्घ बाँकेका अध्यक्ष सपना भट्टराई भन्नुहुन्छ -"समुदायमा सामाजिक पर्खालहरू धेरै छन् । पीडित भएको अनुभूति हुँदाहुँदै पनि समाजबाट बाहिरिन सकेका छैनन् । न्याय कागजी भएको छ, व्यावहारिक छैन ।"

बाँके जिल्लामा विशेष गरी मधेशी मुस्लिम समुदायका महिलाहरूमा बहुविवाह, सम्बन्ध विच्छेद र दाइजोका मुद्दाहरू बढी आउने गरेको मुस्लिम महिला अगुवा मैमुना सिद्दिकी बताउनुहुन्छ । कानूनी हिसाबले न्याय पाउन झण्झटिलो रहेको उहाँको अनुभव छ । कानूनी प्रक्रियालाई पनि छोटो र सहज बनाई राजनीतिक हस्तक्षेपमुक्त बनाइएमा यस्ता घटनाको कमी हुने उहाँको भनाइ छ ।

बाँके जिल्ला विशेष गरी मधेशी, मुस्लिम तथा पछाडि परेको समुदायका महिलाहरूमा गरिबी र अशिक्षाका कारण कानूनी ज्ञानको अभाव भएको कानून व्यवसायी अधिवक्ता विश्वजीत तिवारी बताउनुहुन्छ ।

नेपालमा विद्यमान कानूनले पनि उचित क्षतिपूर्तिको व्यवस्था नगरेकाले महिलाहरू समस्यामा पर्ने गरेको तिवारी बताउनुहुन्छ । उहाँले महिलाका पक्षमा अदालतले आदेश दिएपनि कतिपय फैसला पीडक पक्षले कार्यान्वयन नगरिदिँदा पनि महिलाहरू समस्यामा पर्ने गरेको उहाँ बताउनुहुन्छ । उहाँले भन्नुभयो- "न्यायिक निकायमा महिला कर्मचारीको अभावमा पनि पीडित महिलाहरू आफ्ना समस्या अगाडि राख्न सक्दैनन्, विशेष गरी प्रहरी र अदालतमा । ती निकायमा महिला कर्मचारीको व्यवस्था गरी छुट्टै शाखा स्थापना गर्नुपर्दछ ।"

महिला हिंसाका उजुरीहरू आउने क्रम प्रहरी कार्यालयमा दिन प्रतिदिन बढिरहेको छ । घटना भइसकेर लामो समय बितेपछि मात्र प्रहरीमा उजुरी आउने गरेको जिल्ला प्रहरी कार्यालय बाँकेले जनाएको छ । सो कार्यालयका प्रहरी नायब उपरीक्षक राजेन्द्र अर्यालले भन्नुभयो -"शुरूमा महिलाहरू उजुरी दिन्छन् र कानूनी उपचारका लागि प्रक्रिया अघि बढाउँदा उहाँहरूको बयान परिवर्तन हुन्छ । त्यसपछि हाम्रो अनुसन्धान फिलतो भई कारवाही प्रक्रिया अघि बढ्न सक्दैन ।"

जिल्ला प्रहरी कार्यालय बाँकेमा आर्थिक वर्ष २०७४/७५ सालमा घरेलु हिंसासम्बन्धी जम्मा ४८३ वटा उजुरी दर्ता भएका छन् । त्यसमा २७ वटा मुद्दा अदालतमा पुगेको र १४ वटामा निवेदक पक्ष नै उपस्थित नभएको जिल्ला प्रहरी कार्यालय बाँके अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रले जनाएको छ । केन्द्रका अनुसार बाँकी ४४२ वटा उजुरीको मिलापत्र गराइएको थियो । आव २०७३/७४ मा जम्मा ३९७ वटा उजुरी दर्ता भएका थिए । महिला तथा बालबालिका कार्यालयले जिल्लामा दुई हजार ६०० महिला समूह गठन गरी विभिन्न सेवा प्रदान गर्दै आएको छ । समूहमार्फत महिला सचेतना कार्यक्रम, मध्यस्थतालगायतको काम गर्दै आएको महिला विकास अधिकृत शोभा शाहले बताउनुभयो ।

उहाँका अनुसार सो समूहमा घरेलु हिंसाका विवाद, झगडा, मानसिक तनाव, बहुविवाह जस्ता घटनारू आउने गरेका छन् । बलात्कार जस्ता फौजदारी मुद्दा प्रहरी अदालतमा सिफारिश गर्ने गरिएको छ । उहाँका अनुसार मुलुक सङ्घीय संरचनामा गएपछि उजुरीको सङ्ख्या घटेको छ । महिला तथा बालबालिका कार्यालयअन्तर्गत साथी संस्थाको सहकार्यमा नेपालगञ्जमा सञ्चालन गरिएको पुनःस्थापना केन्द्रमार्फत गत आवमा करीब ३०० भन्दा बढी महिलालाई सेवा प्रदान गरिएको थियो । यस केन्द्रमा महिलालाई खाने, बस्ने, कानुनी सहायता दिने, सीप सिकाउने र आयआर्जनका काम गर्न चाहनेलाई रकम समेत दिने व्यवस्था रहेको सो कार्यालयले जनाएको छ ।

# श्रीमान्ले मलेसियामा दोस्रो विहे गरेपछि महिलाको बिच्चली

**राम नारायण पंडित**

सिरहा । श्रीमान्ले मलेसियामा दोस्रो विवाह गरेपछि कर्जन्हा नगरपालिका बडा नं. ११ का ३५ बर्षीय अरहुलिया महतो बिच्चलीमा परेकी छिन् । करिब १५ बर्षदेखि मलेसियामा रहँदै आएका ३८ बर्षीय श्रीमान् किसुनलाल महतोले उतै इन्डोनेसियन केटीसँग विहे गरेपछि अरहुलिया थप चिन्तामा डुबेकी छिन् । करिब १७ बर्षअघि सामाजिक परम्परा अनुसार कर्जन्हा नगरपालिका बडा नं. ६ बेतहाका अरहुलिया र सोही नगरपालिका बडा नं. ११ बगहाका किसुनलाल महतोबिच बिबाह भएको थियो । बिवाहको २ बर्षपछि किसुनलाल धन कमाउने उदेश्यले बिदेसिएका थिए । फर्केर आउने आशामा रहेकै बेला श्रीमान्ले विदेशमै दोस्रो बिहे गरेको खबर सुनेपछि अरहुलियाको जिबनमा थप पिडा थपिएको छ ।

उनले भनिन् "बिहेको २ बर्षपछि श्रीमान् मलेसिया गयो, मलेसिया गएको २/३ बर्षसम्म केहि पैसा पनि पठायो, त्यसपछि पैसा पठाएन, फोन पनि गर्दैन, विदेश गएको १५ बर्ष भईसकेको छ, खानबस्न समेत







समस्या भएपछि अहिले माइतीमा बस्दै आएको छु ।" उनले आँशु झार्दै भनिन् "मेरो बालबच्चा पनि छैनन्, नागरिकता पनि छैन, नागरिकताको सिफारिसका लागि महिनौदेखि भौतारिँदा पनि कसैले बनाई दिएनन्, बडा अध्यक्षले सिफारिस दिएन, तपाई अधिकारकर्मी, समाजसेवी, पत्रकारहरू सहयोग गरिदिनुस्, नागरिकता भएपछि कुनै रोजीरोटी गरेर जिबनयापन गर्छु ।"

बहिनीले जिबन सुखीसँग बिताउँछे भन्ने विश्वासले बिहे गर्दा पनि अहिले दुःखमा परेको देखेर पछताउनु परेको अरहुलियाका दाजु राजकुमार महतोले बताए । उनले भने "उसको श्रीमान्ले बिदेशमा अर्को बिहे गरेको छ, पैसा पनि पठाउँदैन, सासुससुराको मृत्यु भईसकेको छ, केहि जग्गा जमिन भएपनि उसको दाजुभाईहरूले दिन चाहदैनन्, नागरिकता पनि बनाई दिदैनन्, मैले जिल्ला प्रहरी कार्यालय सिरहाको महिला सेलमा पनि निवेदन दिएको थिए तर त्यहाँ पनि केहि भएन, श्रीमान बिदेशमा भएपछि हामीले केही गर्न सक्दैनौं भन्यो ।"

यस बिषयमा समाजिक अभियन्ता तथा समाजसेबी सरोज रायको जानकारी भएपछि उनले कार्तिक १६ गते अरहुलियाको घरमै पुगी घटनाको बारेमा जानकारी लिएका छन् । अरहुलियाको नागरिकताको लागि आफुले पहल सुरू गरिसकेको अभियान्ता रायले बताएका छन् । अरहुलियालाई बडा अध्यक्ष कपिल यादबले नागरिकताको लागि सिफारिस दिन नमानेको अभियन्ता रायले बताए । यस बिषयमा कर्जन्हाका मेयर गंगा पासमानसँग बुझ्दा उनले नागरिकताको लागि सहयोग गर्ने बताएको समेत उनले जनाएका हुन् । उनले भने "अरहुलियाको नागरिकताका लागि आफुले कानुन अनुसार प्रकिया अगाडी बढाउँछु, नागरिकता भएपछि श्रीमानलाई बिदेशबाट झिकाउन सजिलो हुनेछ ।"

## संक्षिप्त समाचार

### नेकपाको शुभकामना आदानप्रदान

नेपालगञ्ज । नेपाल कम्युनिष्ट पार्टी(नेकपा) ले बाँकेको डुडुवा गाउँपालिकामा सोमबार शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रम गरेको छ । विजयादशमी, दिपावली, मोहरम, छठ, नेपाल सम्वत लगायतका पर्वको अवसर पारेर शुभकामना आदानप्रदान कार्यक्रम गरिएको युवा नेता सगिर खाँले जानकारी दिए । कार्यक्रममा नेकपाका केन्द्रीय सदस्य दिनेश यादव, नेकपाका नेता निरक गुरूङ, रत्न खत्री,गोपाल गिरी, पदम धिताल, दामोदर आचार्य, कप्तान पाठक, शकील अहमद खाँ डुडुवा गाउँपालिकाका अध्यक्ष नरेन्द्र चौधरी लगायत उपस्थित थिए । नेकपाले कात्तिक २१ गते नेपालगञ्जस्थित पार्टी कार्यालयमा मुख्य मन्त्री शंकर पोखेल र पार्टीका प्रदेश अध्यक्ष ओनसरी घर्तीको उपस्थितीमा चियापान कार्यक्रम गर्दैछ ।

### मोटरसाइकल चालकको मृत्यु

मोरङ । बिराटनगर महानगरपालिका-३ स्थित सडकमा ना.५ख ४५१३ नम्बरको बसलेको.१० प ६२५९ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा एक जनाको मृत्यु भएको छ । सोमबार बिहान ठक्कर दिँदा गम्भीर घाइते मोटरसाइकल चालक सोही स्थान बस्ने ३८ वर्षीय मनोजकुमार मोदीको बिराट अस्पताल विराटनगरमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । बस र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### जनताले अनुभूत गर्ने अब काम गर्छ : प्रचण्ड

विराटनगर । नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले जनताले अनुभूत गर्नेगरी सरकारले अब काम गर्ने बताएका छन् । उनले कर्मचारी संयन्त्रले राजनीतिक परिवर्तनको मर्म बोध नगर्दा प्राप्त उपलब्धि संस्थागत गर्न समस्या भइरहेको बताए । नेकपा मोरङद्वारा यहाँ आयोजित शुभकामना आदानप्रदान एवं चियापान कार्यक्रममा उनले भने, "राजनीतिक नेतृत्वले सङ्घीयताको मर्म कर्मचारी संयन्त्रलाई बुझाउन नसकेकाले कार्यान्वयनमा समस्या उत्पन्न भएको छ ।"

### एक सयभन्दा बढी सवारी नियन्त्रणमा

बुटवल । प्रदेश नं ५ का प्रहरी प्रमुख पीताम्बर अधिकारीले बढी भार बोक्ने एक सयभन्दा बढी सवारी साधन नियन्त्रणमा लिइएको बताएका छन् । रिपोर्टर्स क्लबले यहाँ आयोजना गरेको कार्यक्रममा प्रहरी नायब महानिरीक्षक अधिकारीले अपराध नियन्त्रण तथा प्रदेशमा नियम र कानून कार्यान्वयनमा प्रहरीले विशेष जोड दिएको बताए । उनले बजार क्षेत्रमा ध्वनि प्रदूषण नियन्त्रणका लागि प्रहरीले हर्न निषेधित क्षेत्र तोक्ने तयारी गरिरहेको जानकारी दिँदै लैङ्गिक हिंसा नियन्त्रणका लागि विशेष कार्यक्रम शुरू गरिने बताए ।

### सीमा सुरक्षा बलको संयुक्त "हेल्प डेस्क"

पशुपतिनगर । पूर्वी पहाडी नाका इलामको पशुपतिनगरको सीमा क्षेत्रमा नेपाली सीमा शसस्त्र बल र भारतीय सीमा सुरक्षा बलको संयुक्त 'सहायता कक्ष' स्थापना भएको छ । नेपाली सीमा सुरक्षा पोष्ट पशुपतिनगर र भारतीय सीमा सुरक्षा बलले सीमा क्षेत्रको नेपाल भारत दुवै क्षेत्रमा संयुक्त नागरिक सहायता कक्ष स्थापना गरिएको हो । चाडपर्वका समयमा सीमा क्षेत्रमा हुने आपराधिक गतिविधि नियन्त्रण र दुवै देशका नागरिकलाई आवतजावतमा सहज पुऱ्याउने उद्देश्यले संयुक्त नागरिक सहायता कक्ष स्थापना गरिएको

### पचास हजारको पटाका बरामद

कपिलवस्तु । कृष्णनगर नगरपालिका-२ स्थित चेकप्वाईन्टमा कृष्णनगरबाट चन्द्रौटातर्फ जाँदै गरेको बा.४ ख ९७६९ नम्बरको बसबाट करिब ५० हजार रूपैयाँ मूल्य बराबरका विभिन्न प्रकारका पटाका शुक्रबार दिउसो प्रहरीले बरामद गरेको छ । इलाका प्रहरी कार्यालय कृषणनगरबाट खटिएको प्रहरीले उक्त बस जाँच गर्ने क्रममा लुकाई छिपाई राखेको अवस्थामा पटाका फेला पारी बरामद गरेको हो ।

### करेन्ट लागेर ट्रिपर चालकको मृत्यु

धनुषा । मिथिला नगरपालिका-६ बस्ने ३२ वर्षीय मकसुधन महतोको करेन्ट लागेर आइतबार बिहान मृत्यु भएको छ । जनकपुर उपमहानगरपालिका-२३ विन्धीस्थित सडकमा को. १ ख ६८२४ नम्बरको ट्रिपरले विद्युतको तारमा छुँदा करेन्ट लागेर गम्भीर घाइते भएका ट्रिपर चालक महतोको उपचारको लागि अस्पतालतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो ।

### बुधनगरसम्म आइपुग्यो रेल

मोरङ । भारतको बथनाहादेखि मोरङको विराटनगर महानगरपालिकाको बुधनगरसम्म रेल आइपुगेको हो । निर्माण सम्पन्न भएको रेल्वे कस्टम यार्ड र भारतीय रेल्वे स्टेशन बथनाहातर्फबाट ट्र्याकमा फलाम लिक बिछ्याउँदै ३ दशमलब ३ किलोमिटरसम्म विस्तार र परीक्षण गर्ने क्रममा रेल बुधनगर ल्याइएको हो । हालसम्म रेल्वेको परीक्षण भइसकेको जोगवनी-विराटनगर निर्माण कम्पनी इरकोनका राजाराम भगतले जानकारी दिए । परीक्षणका क्रममा आइतबार रेलको इञ्जिनको डिब्बा ल्याइएको हो । आगामी मङ्सिर २६ गतेदेखि नियमितरूपमा सञ्चालन गरिने उनले बताए ।

### करेन्ट लागेर मृत्यु

धनुषा । मिथिला नगरपालिका-६ बस्ने ३२ वर्षीय मकसुधन महतोको करेन्ट लागेर आइतबार बिहान मृत्यु भएको छ । जनकपुर उपमहानगरपालिका-२३ विन्धीस्थित सडकमा को. १ ख ६८२४ नम्बरको ट्रिपरले विद्युतको तारमा छुँदा करेन्ट लागेर गम्भीर घाइते भएका ट्रिपर चालक महतोको उपचारको लागि अस्पतालतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो ।


**२०७५ साल भदौ १ गते लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरू**

- विवाह गर्नको लागि पुरूष र महिलाको उमेर बीस वर्ष पूरा भएको हुनु पर्ने,
- दर्ता विवाह (Court Marriage) जिल्ला अदालतबाट हुने,
- एकासगोलका पति पत्नीले आˆ नो सम्पत्ति, आम्दानी तथा हैसियत अनुरूप आपसी सहमतिको आधारमा घर व्यवहार चलाउनु पर्ने,
- छोरा छोरीले आमा बाबुको आज्ञा, आदेशको पालना गर्नु पर्ने,
- छोरा छोरी उपरको कर्तव्य र जिम्मेवारी आमा बाबुको बराबरी हुने,
- अंशवण्डा गर्दा गर्भको शिशुलाई समेत अंश छुट्याउनु पर्ने,
- स्याहार गर्नेले अपुताली पाउने ।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

**सूचना तथा प्रसारण विभाग**

# चाडबाडका विकृति र विसङ्गति सुधार्दै जानुपर्छ

**सत्यमोहन जोशी**

काठमाडौं । तिहार भनेपछि यमुना र यमराजको सम्बन्धको कथा जोडिएर आउँछ । परापूर्वकालमा यमपञ्चकमा बहिनी यमुनाले दाइ यमराजलाई टीका लगाइदिएर यस परम्पराको थालनी भएको हो । सांस्कृतिक सद्भावका साथ तिहार मानिँदै आएको छ तर यो यतिमा मात्र सीमित छैन ।

तिहार अर्थात् दीपावलीको मानवीयताका दृष्टिले फरक महत्व छ । तिहार त अरूले पनि मनाउँछन् । भारतीयले दीपावली( दिवाली) गर्छन् । नेपालमा चाहिँ काग, कुकुर, गाई र गोरूलाई पनि पूजा गरिने भएकाले यहाँको मौलिक विशेषता छ । नेपालीहरू तिहार अघिपछि पशुपक्षीलाई त्यसरी पूजा गर्दैनन् तर तिहारको बेलामा गर्छन् ।

पौराणिक कथामा यमपञ्चकका पाँच दिन यमराज बहिनी यमुनाको घरमा बास गर्छन् । सो अवधिमा इन्द्रादि दश दिक्पालले बलि राजाका लागि आफ्नो राज्य छाडेका थिए । भाइतिहारको दिन दियो, कलश र गणेशको पूजा गरी यमराजको आह्वान गर्ने, बिमिरो, ओखर, तेल, मखमलीको माला, दूबोको टीका, कटुस आदिको प्रयोगमा आफ्ना दिदीबहिनी र दाजुभाइको सुख समृद्धि, आरोग्य एवं दीर्घायुको कामनाजस्ता पवित्रतासँग तिहारको परम्परा जोडिएको छ ।

धार्मिक मान्यतानुसार पृथ्वीका मानिसलाई मृत्युलोकमा लानका लागि लिन आउँदा मृत्युका राजा मानिने यमलोकका यमराज आफ्नी बहिनी यमुनाको निमन्त्रणामा त्यस समय( यमपञ्चक)का समयमा पृथ्वीलोक गएका थिए । भाइटीकाको दिन यमुनाले दाजुलाई पूजा गरी उपहार दिइन् र दाजुसँग आशीर्वाद लिइन् । यसबाट नै यो परम्परा थालनी भएको मानिन्छ । यो कात्तिक शुक्ल द्वितीयाका दिन मनाइन्छ । तिहारमा दिदीबहिनी र दाजुभाइको भेटघाट सद्भाव मात्र होइन पशुपक्षीको पनि पूजा गरिनाले दशैंभन्दा यसको फरक महत्व छ । दोस्रो ठूलो चाड पनि त्यही भएर मानिएको होला । यही समयमा समुद्रमन्थनका प्राप्त भएका धन्वन्तरि ( आयुर्वेदका प्रणेता)को पूजा पनि हुन्छ । गोवर्द्धनपूजाका दिन नेवारहरूको म्हः पूजा हुन्छ । म्ह पूजामा आत्माको पूजा गरिन्छ । आफ्नो शरीरको आफैँले तान्त्रिक विधिबाट पूजा गरेर शरीरभित्रको चेतन तत्वलाई पूरा गर्ने परम्परा छ । मण्डल बनाएर बत्तीलाई आत्मा र प्रतीकका रूपमा पूजा गरिने यो मौलिक परम्परा हो । नेपाल संवत्को नयाँ वर्ष पनि यही समयमा आउँछ ।

मर्त्यलोकमा भाइटीकाका दिन कुनै बहिनीले आफ्ना दाजुलाई यमराजले लिन आएका बेलामा तेल नसुकुञ्जेल र मखमली माला नओइलाउञ्जेल नलैजाऊ भनेको र यमराजले सो कुरा मानेकाले दाजु चाहिँले मृत्युलाई जितेको कथा पनि पाइन्छ । त्यसरी रोक्न सक्ने सामर्थ्य त्यही तेल बनेको थियो । यमुना भनेको नदी हो । तिहारको मुख्य आकर्षण यही हो । दिदीबहिनीले दाजुभाइलाई टीका लगाउने, तेल हाल्ने, मेवामिष्ठान्न भोजन दिने गर्छन् भने दाजुभाइले दिदीबहिनीलाई दानदक्षिणा र नयाँ वस्त्र आदि दिन्छन् । कथा यसरी शुरू भए पनि अहिलेसम्म यो परम्पराले चाडबाडको रूप लिएको छ । चित्रगुप्तले 'समय सकियो लैजाऊ' भने पनि यमुनाले यमराजको सुस्वास्थ्य र दीर्घायुको कामनाका लागि भाइटीका मनाइन् । यमुना र यमराजको मैत्रीभाव थियो त्यो । मखमली फूल नओलाउञ्जेल उनीहरूले तिहार मनाएका थिए । यसमा दिदीबहिनीले मखमली फूलजस्तै ओइलाउन नसक्ने कामना जोडिएको छ । यमराजले कुनै परिस्थिति आएमा पनि कसैले यमुनालाई आक्रमण गरेर लिएर जान नसक्ने अवस्थाका लागि देउसीभैलो गीत गाउन थालिएको हो ।

तिहारमा देउसीभैलोको परम्परा ऋतुपरम्परामा आधारित छ । यो लोकगीतमा आधारित छ, जस्तो असारमा असारे गीत गाएर धान रोपिन्छ । कात्तिक मङ्सिर अर्थात् देउसीभैलोको आसपासमा धान भित्र्याइन्छ । गाउँदै धान भित्र्याउँदै गरिन्छ । दशैंमा मालश्री धून बजाइन्छ, तिहारमा देउसी र भैलो ।

दिदीबहिनीले दूबोले तेल हाल्छन् । यो पवित्र र नओलाइने हुन्छ । मखमली फूल पनि ओइलाउँदैन । ओखर कडा हुन्छ, फुटाउन गाह्रो हुन्छ । म्ह पूजामा नेवारहरूले डोरो (धागो) लाउँछन् । यसको अर्थ भूतप्रेतले लखेट्न नसकून् भन्ने हो । यो तान्त्रिक विधिमा आधारित हुन्छ ।

अहिले सांस्कृतिक रूपान्तरणको कुराहरू चलेको छ, चाडपर्वलाई समयसापेक्ष बनाउने कुरा उठ्ने गर्छ । यसमा विकृति विसङ्गतिको अन्त्य गर्न आवश्यक छ, यो आफैँ हुँदै पनि जान्छ । विसं २००७ सम्म, राणाहरूको समयसम्म आफ्नै परिवारमा मात्र दशैंतिहारमा टीकाटालो लगाउने र मनाउने गरिन्थ्यो । प्रजातन्त्र आएपछि देशविदेशमा रहेका सबैलाई शुभकामना दिने र सबै नेपालीले जहाँ रहेर पनि यो चाडपर्व मनाउने परम्पराको थालनी भयो । अमेरिका वा बेलायतमा बसेर पनि नेपाली पूर्खाको सन्तान छ भने उसलाई मेरो संस्कृति यो रहेछ, नेपालीत्व ममा छ भन्ने भावना र सबैलाई जोड्ने अवसर हुन्छ ।

यसमा विकृति र विसङ्गति सुधार्दै जानुपर्छ तर कसरी हेर्ने भन्ने पनि कुरा आउँछ, जस्तो तीजमा महिलाले साडी र राम्रो गहना लगाउँछन् । नाचगान गर्छन् । यसलाई विकृति भन्न मिल्दैन । लोग्नेमान्छेले जे पनि गर्न मिल्ने, महिलाले दुइटा सुनको चुरी लाएर राम्रो ठाँटिएर हिँड्न नहुने ? सुनको गहना बनाउनु त सम्पत्ति पनि हो । यो त बैंकको पैसा जस्तो हो । स्वाभाविक रूपमा त्यसमा समसापेक्ष परिवर्तन हुन्छ । कुनैबेला दशैंमा दक्षिणा पाउँदा वा मीठो खाँदा कति रमाइलो हुन्थ्यो । गरीबलाई दशा हुन्छ भन्छन् । गरीबीको पनि समयअनुसार परिभाषा हुन्छ । कुनै बेला मोटर चल्दा कस्तो अनौठो लाग्थ्यो । मोटर हुने मान्छे धनी र सम्पन्न कहलिन्थ्यो । उहिले म विद्यालयमा पढ्दा सुदानन्द वैद्य भन्ने माष्टरले जर्मनीबाट ल्याइएको मोटरसाइल चढेर आउँदा परैदेखि 'ओहो' भनेर हेर्नेको भीड हुन्थ्यो ।

अहिले ट्राफिक जामको समस्या भइसक्यो । वातावरण प्रदूषित छ । शहरमा गाडी, घर, अपार्टमेन्ट सामान्य भइसक्यो । खेतीमा आधुनिक मेशिनको प्रवेश भएको छ । दशैंतिहारमा आफन्तकहाँ जान दुईचार दिनसम्म हिँड्नु पनि पर्थ्यो । अहिले गाउँगाउँमाा सडक पुगेको छ । गाउँको बस्ती शहरीकरण भएको छ । त्यही भएर बिदाहरू पनि कटौती भएको छ । चाडबाडमा चाहिने सामान गाउँघरमै बनाइन्थ्यो । बजार पुग्न निकै कठिन हुन्थ्यो, अहिले दुना टपरी पनि बजारमै पाइन्छ । नोकरी गर्ने र व्यवसाय गर्नेहरूका लागि घरमा सामान जुटाएर बस्न भ्याउने स्थिति हुँदैन । उनीहरूले अनलाइन सपिङबाटै घरमै सामान मगाउँछन् । पर्व मनाउँछन्, रमाइलो गर्छन् । मानिसहरू व्यस्त हुने भएकाले टीका लगाएर हिँडिहाल्ने पनि छन् । यो आफ्नो समयको अनुकूलताको कुरा पनि हो तर भावनात्मक रूपमा उसले पर्वलाई आत्मसात् गरेकै हुन्छ । कार्यालय पुगेपछि पनि घर, परिवार र पर्वकै कुरामा रमाउँछ । समय, शैली र तरिका बदलिँदै गयो, त्यसलाई हामीले आत्मसात् गर्नुपर्छ ।

(वाङ्मय शताब्दी पुरूष सत्यमोहन जोशीसँग प्रकाश सिलवालले गरेको कुराकानीमा आधारित)

# विद्यालय तथा धार्मिक क्षेत्र वरिपरी मदिरा बेचबिखन र सेवन गर्न नपाइने

सप्तरी । जिल्ला प्रशासन कार्यालय सप्तरीले राति नौ बजेपछि मदिरा बिक्री वितरण र सेवनमा रोक लगाएको छ ।

जिल्ला प्रशासन कार्यालयले सार्वजनिक सूचना जारी गर्दै अनुमति प्राप्त रेष्टुरेण्टसहितको होटलले राति ९ बजेसम्म मात्र मदिरा व्यवसाय गर्न पाउने छ ।

प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलको अध्यक्षतामा यहाँ मंगलबार बसेका सर्वदलीय, सर्वपक्षीय बैठकले मदिरा व्यवसायीले बेलुका ८ बजेसम्म, रेष्टुरेण्ट व्यवसायीले राति ८:३० बजेसम्म र होटलले ९ बजेसम्म मात्र व्यवसाय सञ्चालन गर्न पाउने निर्णय गरेको छ ।

तिहार र छठलाई लक्षित गरी लागुऔषध दुर्व्यसन, मदिरा दुरूपयोगको रोकथाम नियन्त्रण र व्यवस्थित गर्ने सम्बन्धमा बसेको बैठकले पान पसललाई समेत राति ९ बजेसम्म मात्र सञ्चालन गर्न पाउने निर्णय गरेको छ ।

विद्यालय तथा धार्मिक क्षेत्र वरिपरी मदिरा बेचबिखन, सेवन तथा उपभोग गर्न नपाइने व्यवस्था गर्न स्थानीय तहसँग अनुरोध गरिएको सूचनामा उल्लेख छ । नेपाल र भारत सिमाको दशगजा क्षेत्रबाट एक किलोमिटरभित्र कुनै पनि प्रकारको मदिरा, मदिराजन्य पदार्थ बिक्री वितरण र सेवनलाई पूर्ण रूपले रोक लगाउने निर्णय गरिएको प्रजिअ पौडेलले बताए । चाडपर्वलाई अनुशासित तरिकाले मनाउनका लागि पनि सबैसँग उनले आग्रह गरे । विशेष चाडपर्व सुरक्षा योजनानुसार जिल्लाका सबै स्थानमा नेपाल प्रहरी र सशस्त्र प्रहरीको पहुँच विस्तार गरिएको प्रहरी उपरीक्षक राजेन्द्र विष्टले जानकारी दिए ।

यसैगरी वडा प्रहरी कार्यालय राजविराजबाट खटिएको टोलीले राजविराज नगरपालिका-११ स्थित झल्ही, फर्सेठ र राजविराज १५ स्थित देउरीभरूवाका करीब २०० घरमा लगाएको एक हजार ५०० गाँजाको बोट नष्ट गरिएको प्रहरीले जनाएको छ ।

## पाइपलाइन बिछ्याउने काम ५० प्रतिशत पूरा

हेटौंडा । पेट्रोलियम पदार्थको पाइपलाइन बिछ्याउने काम ५० प्रतिशत सकिएको छ । नेपाल आयलनिगम पेट्रोलियम पाइपलाइन परियोजनाका अनुसार सिमावर्ती भारतीय शहर रक्सौलदेखि अम्लेखगञ्जसम्म ३७ दशमलब ३५ किलोमिटर दूरीमा पाइपलाइन बिछ्याउने कार्यक्रमअन्तर्गत १९ किलोमिटर पाइपलाइन बिछ्याउने काम सम्पन्न भएको हो । रक्सौलदेखि अम्लेसगञ्जसम्म विभिन्न अवरोध हटाउने काम अन्तिम चरणमा पुगेको र पाइपलाइन बिस्तारको काम द्रुतगतिमा भइरहेको परियोजनाका प्रमुख भानुक्त खनालले जानकारी दिए ।

नेपाल आयल निगमले पाइपलाइन बिछ्याउने बाटोमा पर्सा वन्यजन्तु आरक्ष क्षेत्रमा पर्ने रूख कटान गर्नका लागि वन मन्त्रालयबाट स्वीकृति पाइसकेको र त्यो काम पनि भइरहेको प्रमुख खनालले बताए । रूख कटान गर्ने जिम्मेवारी नेपाल टिम्बर कर्पोरेशनलाई दिइएको छ भने काटिएका रूखको क्षतिपूर्ति आयल निगमले वन मन्त्रालयलाई दिने सहमति भएको छ । सो आरक्षण क्षेत्रबाट करीब पाँच हजार ८८८ रूख काट्ने सहमति भएको बताइएको छ । रूख कटान हुनासाथ एक महीनामा पाइपलाइन बिछ्याउने काम सम्पन्न हुने प्रमुख खनालको भनाइ छ ।



स्थानीय सम्वाद

# पाल्हीनन्दनलाई नेपालकै नमुना गाउँपालिका बनाउँछु



**बैजु प्रसाद गुप्ता 'दीपक'**

**अध्यक्ष, पाल्हीनन्दन गाउँपालिका, नवलपरासी**

**० पाल्हीनन्दन गाउँपालिकामा अध्यक्षको रूपमा निर्वाचित भएपछि काम गर्न कतिको चुनौती महसुस गर्दै हुनुहुन्छ ?**

– म अध्यक्षको रूपमा निर्वाचित भएपछि मेरा अगाडि विभिन्न किसिमका चुनौतीहरू आए । तर ती सबै चुनौतीहरूबाट डराएर होइन, डटेर सामना गर्दै अगाडि बढिरहेको स्थिति छ । गएका दिनहरू मेरो लागि एउटा सिकाइको पाटोको रूपमा लिएँ । सुरूमा विपक्षीहरूले असहयोग, अवरोध गर्ने जस्ता कामहरू गरे, काम गर्न नदिन अप्ठ्यारोमा पार्न खोजियो । त्यसकारणले मैले विभिन्न किसिमका चुनौतीहरूको सामना गर्नुपर्‍यो ।

**० तपाइँले पाल्हीनन्दनमा उल्लेखनीय कार्यहरू के-के गर्नुभयो त ?**

– यो गाउँपालिका कृषिमा आधारित जनजीविका रहेकोले सर्वप्रथम हामीले कृषिमा नै विशेष ध्यान दियौं । विगतमा कृषिलाई खासै प्राथमिकतामा राखिएको थिएन । यस्तै, महिलालाई सीपमूलक र व्यापारमुखी कसरी बनाउनेतिर जोड दियौं । त्यसका लागि विभिन्न किसिमका तालिम, स्वरोजगारका कुराहरू ल्यायौं । त्यस्तै, बाटोघाटो निर्माणलाई पनि प्राथमिकता दियौं । स्वास्थयको क्षेत्रमा हामीले पहिलाभन्दा पनि अहिले गाउँ-गाउँमा गएर स्वास्थ्य शिविर चलाएर काम गरिरहेका छौं । जनतालाई कसरी छिटो र छरितो तरिकाले सेवा पुर्‍याउने काममा हामी सफल भएका छौं ।

**० कृषिमा के कस्तो व्यवस्था गर्नुभएको छ ?**

– कृषिमा खासगरी हामीले तरकारी खेतीलाई विशेष जोड दिएका छौं । जसका लागि खासगरी महिलाहरूलाई तालिमको व्यवस्था गरेका छौं । गर्न चाहनेहरूका लागि हामीले सित्तैमा बीउबिजन दिने गरेका छौं । त्यसमा लाग्ने रोग निवारणका लागि पनि हामीले चिकित्सक पनि उपलब्ध गराउँदै आएका छौं । मेरो लक्ष्य नै हो कि पाल्हीनन्दनलाई कृषि जोन बनाउने । हिजोका दिनमा पाल्हीनन्दनमा छिमेकी राष्ट्र भारतबाट तरकारीजन्य पदार्थहरू आयात गर्नुपर्ने अवस्था थियो । तर, त्यो परनिर्भरतालाई हटाउन हामीले कमसेकम आफ्नै करेसाबारी वा खेतमा तरकारी खेती लगायौं भने खान पनि पुग्ने र आर्थिक आम्दानी पनि गर्न पाउँछन् । त्यो हिसावमा हामी लागिरहेका छौं ।

**० पाल्हीनन्दन गाउँपालिकामा रहेका ऐतिहासिक धार्मिकस्थलहरू जस्तै पाल्ही भगवती मन्दिर लगायतको स्तरोन्नतिका लागि के छ योजना ?**

– नवलपरासी जिल्लाको सदरमुकाम परासीबाट ७ कि.मि. दक्षिण तर्फ रहेको ऐतिहासिक धार्मिक स्थल पाल्ही भगवती मन्दिर र साविक गेरमी र सनई गा.वि.स. मा ३६ विघामा अवस्थित रहेको नन्दन तालको ऐतिहासिक गाथा बोकेको पाल्ही नन्दन गाउँपालिका साविक को रमपुरवा, हरपुर, कुश्मा, पाल्ही, गेरमी र सनई गा. वि. स. को साझा संगम हो । पाल्ही भगवती मन्दिर, शिव मन्दिर लोहरौली, सोहगौरा मन्दिर पडरी, नन्दन ताल सनई र गेरमी, राधाकृष्ण मन्दिर रामजानकी मन्दिर सुगौली यस गाउँपालिका का मुख्य ऐतिहासिक पर्यटकीय स्थल हुन् । यस्ता ऐतिहासिक स्थलहरूको विकास स्तरोन्नतिका लागि बजेट पनि छुट्याएका छौं । यस्ता ऐतिहासिक स्थलहरूमा हामीले पर्यटक भित्र्याउन सक्यौं भने हाम्रो आर्थिक आम्दानी बढ्नेछ ।

**० 'सिंहदरबार गाउँ-गाउँमा' भन्ने नारा पाल्हीनन्दनका जनताले कतिको महसुस गरेका छन् त ?**

– पहिला केन्द्रबाट विकासका लागि जुन बजेट आउँथ्यो त्यसको २०/२५ प्रतिशत पनि खर्च हुँदैनथ्यो र नेताहरूले आफ्ना कार्यकर्ता पाल्नेतिर लाग्थ्यो भने अहिले सम्पूर्ण बजेट विकासका लागि खर्च भइरहेको छ । अन्य गाउँपालिकाभन्दा यो गाउँपालिका भिन्न छ । किनभने म जनताका लागि लड्दै र भिड्दै आएको मान्छे हुँ । जनताले सेवा सुविधा पाउनुपर्छ र जनताका लागि आएको पैसा हिनामिना हुनु हुँदैन भन्ने मेरो मान्यता हो । जनतालाई कसरी सेवा सुविधा दिन सक्छौं त्यसरी नै लागिरहेका छौं । पहिला जनताले जुन किसिमका समस्याहरू भोगिरहेका थिए त्यसबाट मुक्ति मिलेको छ । अहिले हामी जनतालाई प्रत्यक्ष सेवा दिन सफल भएका छौं ।

**० भनेपछि यो नारा पाल्हीनन्दनवासीले महसुस गरेका छन् ?**

– हो, महसुस गरेका छन् । तर कतिपय कुरामा हामी सिक्ने क्रममा छौं । हामी जादू छडी होइनौं कि एकैचोटि सबै कुरा पूरा भइहाल्छ । नेपालमा पहिलोपटक संघीयता आएकोले जनताका चाहना र आकांक्षा असीमित छन् । तर, हामी विस्तारै ती आकांक्षा र चाहना पूरा गर्ने क्रममा छौं । समयसापेक्षअनुसार योजना बनाएर हामी काम गरिरहेको छु ।

**० मुलुकमा कर आतंक बढ्यो भन्ने गुनासाहरू छन्, तपाइँको गाउँपालिका करको अवस्था के छ ?**

– केही व्यक्तिहरूले कर आतंक भयो भनेर हल्ला फिजाए तर हामीले विगतमा करका जुन दायरा थियो त्यहींअनुसार अहिले पनि छ । यसले जनतामा कुनै असर परेको छैन । जुन किसिमले हल्ला फिजाइएको छ त्यसरी केही पनि छैन । किनभने म यहाँका जनताको मनोभावना बुझेको छु ।

**० यस वर्षको बजेटमा नयाँ के-के छन् ?**

– हामीले यस वर्षको बजेटबाट नगर प्रहरी राखेका छौं । मेरो उद्देश्य के छ भने पाल्हीनन्दनवासीलाई कसरी सेवामुखी बनाउने । त्यसरी म लागेको छु । अहिले हामी कृषिलाई नै विशेष प्राथमिकता दिएका छौं । आर्थिक आम्दानीमा हामी विशेष ध्यान दिएका छौं । यसैगरी, पहिला सरसफाइ त्यति थिएन, अहिले हामी सरसफाईलाई पनि विशेष जोड दिएका छौं ।

**० निर्वाचनका बेला के-कस्ता वाचाहरू गर्नुभएको थियो ?**

– मैले निर्वाचनका बेला भनेको थिएँ कि यदि म निर्वाचित भए भने जनतालाई कृषिमुखी बनाउँछु र युवाहरूलाई रोजगारको सुनिश्चितता गर्छु । त्यसैले मैले जुन वाचा गरेको थिएँ, त्यहीं पूरा गर्न लागेको छु । मैले दिदीबहिनीहरूलाई घरमा बसी बसी रोजगार दिन्छु भनेको थिएँ । त्यहींअनुसार हामी विभिन्न सीपमूलक तालिम पनि दिइरहेका छौं ।

**० तपाइँ आफ्नो कार्यकालमा गाउँपालिका कस्तो बनाउने योजना छ ?**

– म आफ्नो कार्यकालमा पाल्हीनन्दनलाई नेपालकै नमुना बनाएर देखाउँछु ।

## विश्व परिवेश

# इस्लाम र मुसलमान सम्बन्धी दोहोरो नीति

मंजुर अहमद



आफ्ना सदाबहार मित्र पाकिस्तानमा राज्य र राज्य भित्रका अतिवादी समुहहरूका विरोधि कियाकलापहरूप्रतिको नरम दृष्टिकोण हेरेर चिनले आफ्नोदेशका मुसलवान नागरिकहरूलाई नियन्त्रण गर्ने उद्देश्यले जेलमा हाल्ने र सजाय दिने कार्यप्रति कडा दृष्टिकोण अपनाएको छ।आफुलाई इस्लामका संरक्षक भनी दावी गर्ने रावलपिण्डीका तीनै सेनाका जनरलहरू चीनद्धारा गरिएको त्यस्तो सख्त कारवाइ प्रति मौनता साधेर चुपचाप बस्न थालेका छन् ।उदाहरणका लागि हालै चिनबाट हजका लागि कक्काजाने चिनिया मुसलमानहरूको सुरक्षका लागि एक खास प्रकारको पोशाक लगाएर मात्र जान पाउने व्यवस्था चीन प्रशासनद्धारा कार्यन्वयनमा ल्याईएकोलाई लिन सकिन्छ। यस बर्षको अगस्टको शुरूमा चिनिया अधिकारीहरूले वेभाउ शहरस्थित ६०० वर्ष पुरानो मस्जिदलाई भत्काउने चुनौती दिए पछि पनि घोर त्रासती पूर्ण अबस्थामा बस्दै आएका मुसलमानहरू प्रतिरोध गर्न गल्लीहरूमा उत्रीने निर्णय समेत गर्नुका कारण पाकिस्तानमा रहको अवसको आभास गराउनु जस्तो रहेको थियो किनकि पाकिस्तानमा मस्जिदलाई भत्काउने प्रकारका चानौती कमै वा मुश्किलले नै दिने गरिएको प्रतिकिया व्यक्त गर्दै जमात -ए -इस्लामी संगठन सिुन्धका प्रमुख डा.मेहराजुल हकले त्यस्ता कियाकलापको निन्दा गर्दै त्यसलाई "राज्यद्धारा मुस्लिम विरूद्धको सबभन्दा नराम्रो ज्यादती "को संज्ञा दिका थिए । उनले थुप्रै मुस्लिम देशहरूसँग राम्रो सम्बन्ध रहेको बाबजुद पनि चीनले आफ्नो देशको मुस्लिम नागरिकहरलाई निरन्तर रूपमा यातना दिदै आएको समेत बताएका थिए। एनले यो पनि बताउका थिए -"कहिलेकाँही दादी राख्न वा पाल्नमाथि प्रतिबन्ध लगाईन्छ,जसले गर्दा चीनमा रहेका बहुसंख्यक क्षेत्रका मुसलमानहरू तनावग्रस्त रहँदै आएका छन्?"

चीन -पाकिस्तान इकोनोमिक कोरीडोर नामक चिनीया योजनाको सञ्चालन गर्ने कममा चिनिया अधिकारीहरूले गिल्गीट बाल्टीस्तानका थुप्रै पाकिस्तानीहरूका पत्नीहरूलाई यस वर्षको शुरूमा थुनामा राखेपछि त्यस क्षेत्रका थुप्रै जंगलहरलाई नष्ट पारी गाईवस्तुले चर्ने ठाउँ ,नदी -नाला पहाड आदीलाई समाप्त पार्दै जीविको पार्जनलाई आघात पार्ने कार्य गरेपछि पाकिस्तानमा चीनप्रति विरोधको स्वर पर्वतीय क्षेत्रमा चर्को भएको कारण तिनिहरूको तीव्र आकोशलाई मध्यनजर गर्दै गिल्गटि बाल्टीस्तानको विधानसभाले त्यस्तो व्यापक स्तरको बन्दी कार्यक्रमको -महिलाहरूलाई थुनामा राखेको कार्य)भत्सर्ना गर्दै एक खेद-प्रस्ताव समेत पारित गरेको थियो। संचारमाध्यम मार्फत एक स्थानिय नेताले आफ्नो अभिव्यक्ति यस शब्दमा व्यक्तगरेका थिए -"गिल्गीट बाल्टीस्तान मात्रका मानिसले होइन कि थुप्रै पाकिस्तानी पश्तुन तथा पंजावीहरूले चिनिया महिलाहरूलाई पत्नीका रूपमा राखेका छन्,जसले गर्दा चीनले हाम्रो सांस्कृतिक संवेदनशीलतालाई समेत नै ज्यादै प्रभावित पारी दिएको छ। हाम्रो मुस्लिम समाजमा अर्काको पत्नीलाई अरूको नियन्त्रणमा राख्नु हामीलाई स्वीकार्य हुने कुरो होइन ।"

तर त्यस्तो जबरजस्ती इस्लामको प्रतिष्ठानको अवमुल्यन संगै मुसलवानहरूमाथि गरिने जघन्य शोषण पश्चात पनि पाकिस्तान मौन भएर बस्नुको कारण निहित उद्देश्यको पूतिको लागि खासगरिकन आर्थिक स्रोत प्राप्तिको लागि गरिएको भन्ने फोस्रो अभिव्यक्ति दिदै आएको छ । त्यतिमात्र होइन कि चीनका मुसलमानहरू साथ त्यस्तै व्यावहार गर्ने अवस्था पनि पाकिस्तान एकदमै मौन भएर बस्दै आएको छ।यहाँ सम्मकि यस्लामको रक्षा गर्ने निहुमा आतंकबादी गठनहरूले भित्र र बाहिर समेत ठुलो राशि संकलन गर्ने गरे पनि चीनको मुसलवानहरूप्रति चीनले वेवास्ता नै गर्दै तिनीहरूको उपेक्षा समेत गर्दै आएको छ ।

# सिन्चियाङ्ग अशान्तिको मूल कारण



चीनको आधिकारीक मुख्य पत्रिका 'ग्लोवल टाइम्स'ले २३ जुलाई , २०१८ को अंक मार्फत ३०० युधुर धार्मिक अतिवादीहरू आई.एस.आई एस. को तर्फबाट सिरियामा लड्नका निमित्त उडेको देखाइय पनि त्यसमध्यका केहि चीनको सिन्चियाङ्गमा अशान्ति मच्चाउन फर्की सकेको कुरो आफ्ना तीन वटा लेखहरू मार्फत सार्वजनिक गरेको छ ।त्यस्तै अगस्त १४ को अंक मार्फत आतंकविरोधी प्रयास लाई निस्तेज पार्न र सिन्चियाङ्गमा शान्ति कायम गर्न कानुन बनाउन अत्यावश्यक भएको समेत उल्लेख गरिएको छ संयुक्त राष्ट्रको जातिय वेदभाव उन्मुलन समितिमा चिनिया प्रतिनिधिमण्डलको सदस्य हु लिआने को लेखमा "स्वाभिमानको स्वतन्त्रता ,आर्थिक तथा सामाजिक अधिकारहरू , नागरिक तथा राजनितिक अधिकारहरू लगायत सिन्चियाङ्गमा रहेका हरेक जातिय संगठनहरूका अन्य अधिकारहर कानुन र व्यावहारमा समेत पूर्ण रूपले प्रत्याभुत गरिएको "समेत उद्घृत गरिएको छ। चिनियाहर सहि रूपमा चिन्तित हुनुको कारण खासगरिकन आई. एस.आई.एस.का तर्फबाट सिरिआमा लड्न गएका युधुर इस्लामिक आतंकवादीहरू ३०० देखि ३००० सम्ममध्यबाट फर्केर आएका हरूले गर्दा हो । चिनियाहरूले सन् २००९ देखि हालसम्म उहम्कीमाथि आकमण गर्दै आउनुका साथै सिन्चियाङ्गमाथि प्रहरी राज्य कानुन लागु गरी सि.सि.टी.भी.युक्त प्रतिबन्ध समेत तिनिहरूका धार्मिक गतिविधिहरूमाथि लगाउनुका अतिरित्त युधुर समुदायकाले नवजात शिशुहरू पारम्पारीक मुसलवान नाम नराख्नुका साथै दादी समेत नबढाउन माथि प्रतिबन्ध लगाई सकेको छ। सिन्चियाङ्ग र चीनका अन्य भू -भागहरूमा रहेका दुई मुसलवानहरूका धार्मिक कियाकलापहरूमाथि चीन सरकारले हालसम्म विशेष निगरानि राख्दै आएको छ। हालै वेईभाउमा निमार्ण गरिएको हुई समुदायको राम्रो मस्जित स्तरीय नभएको भनि स्थानिय अधिकारीहरूले भत्काउन लगाए पछि व्यापक स्तरमा विरोध कार्यकम संचालन गरिएको थियो । तर चिनिया अधिकारीहरूले र विक्षहरूले वास्तवमा त्यस्तो कुनै विभेद नगरिएको अभिव्यक्ति दिएका छन् तर जे भएपनि कजाकस्तानमा अतिवादीहरूले प्रयोग गर्ने प्रविधिहरू सँग अन्य कैदीहरूको प्रविधि छुट्याउनेमाथि निगरानी गर्दै आएको छ। जसले गर्दा सिन्चियाङ्गमा सहयोग नपुगोस? यसमा कुनै संका छैन कि धार्मिक अतिवादीहरू चीनका लागि त्यस्तै चुनौतीपूर्ण रहेको छ जस्तो कि विश्वका अन्य देशहरूका लागि रहेको छ? तर राज्यको बढ्दो दबाबका कारण सिन्चियाङ्गका युधुर समुदायका अल्पसंख्यकहरू बढी नियन्त्रणमा राखिएकाले धार्मिक अतिवादिता उग्रतर हुन पुगेको छ । मानव अधिकारवादी संस्थाले चिनिया प्रहरीले नियमित रूपमा सिन्चियाङ्गका हरेक नागरिक हरूका कम्प्युटर र मोवाइल संचालन सम्बनर्धा सूचना संकलन , तिनिहरूको ऐतिहासिक भ्रमण , प्रार्थना गर्ने चलन ,तिनीहरूले राख्नेगरेका पुस्तकहर , बैकींग कारोवार तथा स्वास्थय सम्बन्धि अभिलेखहरूमा हस्तक्षेप गर्दै आएको छ। भने तिनीहरूका सवारी साधनहरूको नम्बर प्लेट र तिनीहरूले प्रयोग गर्ने गरेका कैमराहरू समेतलाई अपराध सुचक ठानेर चेतावनी दिदै आएको छ। चीनको डिजिटल टाइम्सले पूर्व तिव्वत पार्टीका सचिव चेन क्वान्गोको सफलता देखेर उनलाई सिन्चियाङ्गमा रोकेर राख्नुका साथै सिन्चियाङ्गको पुनर्शिक्षा प्रणालीलाई वेवास्ता गरेर चिनले आधिकारीक रूपमा समाप्त पारेको पुनर्शिक्षा कार्यक्रमलाई मजदुर प्रणली मार्फत प्रयोगमा ल्याएको थियो।कसैले सोध्न सक्छ कि त्यस्तो पुनर्शिक्षा केन्द्र कही छ भने त्यसको कुनै प्रमाण छ त?चिनिया संचार माध्यमले हालै यदि युधुरहरू अर्को क्षेत्रमा गइ सकेका छन् भने सिन्चियाङ्गमा व्यापक स्तरमा गरीवी निवारण कार्यक्रम कहाँ संचालन गरिएको छ। भन्ने प्रश्न तेर्स्यायका छन्। उदाहरणका लागि 'पिपुस्स डेली 'ले ६ जुलाई , २०१८ को अंक मार्फत गरीबीले ग्रस्त ४,६१,०००त्यस क्षेत्रका निवासीहरू बर्षको पहिलो चौथाई अवधिमानै अर्को क्षेत्रमा गई सकेका थिए सायद त्यस क्षेत्रको "सामाजिक स्थिरता गरीवी निवारणलाई "सघाउन निमित्त नै कि ? चिनिया विशेषज्ञहरू तर्क दिन्छन् कि "घरबाट बाहिर काम गर्न पठाउने कार्यले तिनिहरूलाई चीनको अन्य भागसंग राम्ररी जोड्नुका साथै पछि सिनिचयाङ्गमा तिनिहरू प्रतिभालाई फर्केपछि राम्ररी उपयोग गर्नेछन् ,जसले क्षेत्रीय सुरक्षालाई समेत पुनर्स्थापित गर्ने छ । यही त्यो तथाकथित "व्यावसायिक शिक्षा कार्यक्रमहरूले"गर्दा ३३१ गाउँका ४,१७,४०० मानिसहरू गरीवीका कारण बाहिरिएका थिए?यस्ता नयाँ विचारधाराहरू कहांबाट आई राखेका छन् "स्पस्ट छ कि चीन सरकार सन् १९१७ मा राष्ट्रपति सी जिनपिङ्ग ले सिन्चियाङ्गमा शान्ति र सुरक्षा प्रवर्द्धन गर्न "ग्रेट वाल अफ आइरन"(फलामको ठुलो पर्खाल ) निर्माण गर्ने घोषणा बाट उत्प्रेरित रहेको छ? भिको सिन्चियाङ्गमा 'फलामको पर्खाल'(wall of iron)प्रधानमन्त्री विन्स्टन चर्चिलले सन् १९५० मा कम्युनिष्ट सोवियत युनियनलाई भनेको फलामको पर्दा(iron cartain) उखानको सम्भना गराउँछ। गत वर्ष राष्ट्रपति भि ले बेजिङ्गमा भएको नेशनल पिपुल्स कांग्रेसको वार्षिक सत्रमा सिन्चियाङ्ग का विधाएक हरूलाई पाखा लगाउन पनि 'फलामको पर्खाल 'शब्दको उच्चारण गरेका थिए? यो एकदम स्पष्ट छ कि सिन्चियाङ्गका र अन्य अल्पसंख्यक हरू विरूद्ध भै रहेको अत्याचारका कारण अनतर्राष्ट्रिय संगठनहरूलेआवाज उठाउँनै पर्छ संयुक्त राष्ट्र मानव अधिकार आयोगले यस्ता मुद्धाहरू थुप्रै देशहरूमा उठाएपनि चीनका मामलामा चुप लागेर बसेको छ।,सायद त्यसको कारण संयुक्तराष्ट्रले सिन्चियाङ्गमा चीनको ज्यादै नराम्रो मानव अधिकारको अवस्था प्रदर्शित गर्नु रहेको छ, जो वास्तवमा चीनको सिन्चियाङ्गका अल्पसंख्यकहरू प्रतिचीनको राज्य -नीति नै रहेको छ ।

# पाकिस्तान फेरि संकटमा फँसिसकेको छ

आफ्नो एक संवेदनशील सन् २०१६ को एक समाचारमूलक कहानिका माध्यमबाट सेना र नवान सरीफ सरकारलाई अस्त -व्यस्त बनाई दिएको प्रख्यात पाकिस्तानी पत्रकार साइरिल अलमेदा फेरि संकटमा फस्न पुगेका छन् । अदालतले जमानत नमिल्ने थुनुवा आदेश संगै बाहिर कुनै देशमा पनि यात्रा गर्न नपाउने प्रतिबन्ध समेत उनीमाथि लगाई दिएको छ। शरीफको सरकारको विघटन पश्चात गठित इमरान खान र उनको सरकारको अड्डामा सेना सत्तासीन रहेको कुरो लाहौर उच्च अदालतमा अलमेदालाई मुक्त गराउन अमीना मालिक भन्ने एक महिला २ वर्ष पछि म्कदमाम सेनाले देखाएको सक्रियता प्रकरणबाट छर्लङ्ग हुन आएको छ। अलमेदाले तीन पटकसम्म अदालतको आदेशलाई जमानत नमिल्ने थुनुवा आदेश जारी गरेपछि सरकारले पनि उसलाई देश बाहिर निस्कन पाउनेको सुचिमा राखी प्रतिबन्धित गरी दिएको छ। त्यसले गर्दा प्रतिरोध गर्ने पाकिस्तानि संचारमाध्यममा रहेका उपद्रवी तत्वहरू निराश बन्न पुगेका छन् भने राजनीतिक दलहरू समेत पाकिस्तान पिपुल्स पार्टीका प्रमुख बिलावल भुट्टो जदरिसंग मिलेर शोक प्रकट गर्दै अलमेदाले "कानुनको उल्लंघन नगरेको "भन्न थालेका छन् अवामी नेशनल पार्टील् समेत अलमेदा विरूद्धको कारवाई को प्रतिरोध गरेको छ। मुस्लिम बहुल पाकिस्तानमा गोआन मुल तथा रोमन कैथोलिक अल्पसंख्यक अलमेदा परिवारहरू सय वर्ष भन्दा अगाडि नै कराचीमा स्थानान्तरण गरेर आएका थिए ।

अक्टोबर २०१६ मा डान पत्रिकाले मुख्यपृष्ठमा अलमेदाको लेख प्रकाशित गरेको थियो ,जसमा पाकिस्तानको नागरिक सरकारका केहि अधिकारीहरूले अति गोप्य राष्ट्रिय सुरक्षा समितिको बैठकमा सैनिक अधिकारीहरूसंग मतभिन्नता रहेको थियो तिनीहरूलाई सशस्त्र संगठनहरूलाई समाप्त पार्न बढी सर्तकता अपनाउन आदेश दिईएको थियो , तै पनि जतिखेल कानुन कार्यान्वयन गर्ने निकायहरूले कारवाई गरे"सुरक्षा निकायले गिरपत्तार गरिएकाहरूलाई स्वतन्त्र छाडी दिए"उनले जानकारी दिएका थिए कि यदि सुरक्षा निकायले पाकिस्तानभित्रबाट संचालित आतंकवादी संगठनहरूलाई समाप्त पारिएन भने अन्तराष्ट्रिय मंचमा एक्लीने खतरासंग जुध्नुपर्ने नागरिकहरूले चेतावनी दिएका थिए । अलमेदाको लेख "भारत पाकिस्तान सैनिक मतभिन्नता "ले पाकिस्तानको नागरिक र सैनिक नेतृत्वबीच द्धन्द्ध पैदा गरेको कारण अलमेदालाई पाकिस्तान छाड्न बाध्य गरिएको थियो , जसले पाकिस्तानको संरचनामा ठूलो हो -हल्ला मचाई दिएको थियो , र उसको नाम बाहिरिने सुचिमा राखिएको भए पनि संचारमाध्यमहरू तथा मानव अधिकारवादीहरूबाट गरिएको ३ दिने विरोध पश्चात उसको नाम १४ अक्टोबर २०१६ का दिन बाहिरिने सुचनाबाट हराइएको थियो। पाकिस्तानका प्रधानमन्त्री नवाजशरीफ र पंजाबका मुख्यमन्त्री शाहबाज शरीफ समेत दुबै कार्यलयवाट अलमेदाको समाचारमुलक लेखलाई अतिरंनित बनाईएको भन्दै त्यसलाई अस्वीकृत गर्दै त्यसलाई अतिरंजित लेखका रूपमा प्रकाशित गर्ने जिम्मेवारहरूविरूद्ध कारवाई गर्ने आदेश भए पछि पाकिस्तानका चीफ अफ आर्मी स्टाफ राहील शरीफलाई राष्ट्रिय र क्षेत्रीय सुरक्षाको सम्बनधमा छलफल गर्न बोलाईएको थियो । डान पत्रिकाले साइरिल अलमेदाको प्रतिवेदनको निरीक्षण पश्चात त्यो कथा मात्र भएको ठम्याउदै डानका प्रमुख सम्पादकले सरकारसंग त्यस समाचारपत्र माथि गलत आरोप लगाइएकोले त्यसबाट मुक्त गर्न सरकारसंग अनुरोध गरेका थिए अर्को पाकिस्तानी राष्ट्रिय दैनिक ' द नेशनल' ले समेत साइरिल अलमेदाको लेख्ने अधिकारमाथि सरकारले नियन्त्रण गर्नु राष्ट्रिय हितमा नभएको भनी पश्न तेर्स्याएको थियो । त्यस पत्रिकाले मसुद अजहर र हफिद सईद लाई ' राष्ट्रिय सुरक्षा'चुनौति ठानिएको सम्बन्धमा समेत प्रश्न तेर्स्याएको थियो । त्यस पछि अक्टोबर १४,२०१६ का दिन सरकारले उसको नाम माथिको प्रतिबन्ध फुकुवा गरेको थियो सैनिक सूत्रले समेत तिनीहरू अलमेदासंग रिसाएको बताउँदै तिनीहरू सरकारी अधिकारीहरूले बैठको विषयवस्तु तुहाएका कारण उनीहरूसंग रिसाएका थिय भन्ने सार्वजनिक गरेका थिए । सेनाले त्यसलाई "भुटो र मनगढ्न्त कथा "भएकाले त्यहाँबाट राष्ट्रिय सुरक्षामा अघात पुग्ने हुँदा त्यसलाई मर्यादित रूपमा राखेका थिए।

नवाज शरीफ सरकार माथि दबाब जस्तै रहेकाले अक्टोबर २९ ,२०१६ का दिन सुचना मंत्री पखेज रशीद त्यो सुचना तुहाउन जिम्मेवार रहेकाले उनलाई त्यागपत्र दिन लगाए किनकि सुचना मंत्रीको हैसियतले उनले त्यस लेखलाई प्रकाशित हुनबाट रोक्न सकेका थिएनन्।२०१६ जस्तै डान पत्रिका परिवार र सम्पादक अलमेदाकोसमर्थन गरे थुप्रै विश्लेषकहरूले नवाज शरीफले, पनामा पेवपर मार्फत तीन कारणहरू भारतसंगको घनिष्ठाले "भारत समर्थित "स्वहय , सेनाको भुमिकामा खुलस्त रूपले हस्तक्षेप र उनको सरकारको साईरिस अलमेदा प्रसंगमा असफलताले गर्दा सरकार त्याग्नु पर्ने बताएपछि उनीले पद त्यागेका थिए।

## जिल्ला समाचार

### हरियाली अभियान सञ्चालन गर्न आग्रह

नेपालगन्ज । प्रदेश नं ५ सरकारका मुख्यमन्त्री शंकर पोखरेलले नेपालगञ्जलाई सुन्दर र सफा शहर बनाउन हरियाली नेपालगञ्ज अभियान सञ्चालन गर्न आग्रह गरेका छन् । पुनर्निर्मित रानी तलाउको उद्घाटन गर्दै उनले पूर्वाधार निर्माण सँगसँगै नेपालगञ्जलाई सुन्दर बनाउन हरियाली अभियान सञ्चालन गर्न जरूरी भएको औल्याए । उनले भने, "नेपालगञ्जलाई सुन्दर र सफा राख्न उपमहानगरको नेतृत्वले हरियाली अभियान सञ्चालन गर्नुहोस् त्यसमा सहयोग गर्न प्रदेश सरकार तयार छ ।" अत्यधिक गर्मी हुने नेपालगञ्जमा हरियाली अभियान सञ्चालन गर्न सके त्यसले केही शीतलता प्रदान गर्ने उनको भनाइ थियो । पर्यटकीय पूर्वाधारको व्यवस्थित सञ्चालनसँगै बाहिरबाट आउने पर्यटकलाई आत्मीय आतिथ्य गर्न सके धेरै लाभ लिन सकिने मुख्यमन्त्री पोखरेलले बताए । उनले बर्दिया निकुञ्जस्थित ठाकुरद्वारालाई व्यवस्थित गर्दै बाँके निकुञ्जलाई पर्यटकीय गन्तव्य बनाउन केन्द्रीय वन मन्त्रालयसँग पहल भइरहेको र नेपालगञ्ज-दिल्ली हवाई उडानको प्रक्रियासमेत अगाडि बढाइएको जानकारी दिए । नेपालगञ्ज उपमहानगरपालिकाका प्रमुख डा धवलशम्शेर राणाका अनुसार २२ लाख ७८ हजार लागतमा रानी तलाउ पुनर्निर्माण गरिएको हो ।

### डायलाइसिस सेवा सञ्चालन हुने

बुटवल । मिर्गौलाको नियमित डायलाइसिस गर्दै आएका बिरामीलाई लक्षित गरी गौतमबुद्ध सामुदायिक मुटु अस्पतालले पाल्पामा नै डायलाइसिस सेवा सञ्चालन गर्ने भएको छ । हाल बन्द अवस्थामा रहेको तानसेन नगरपालिका वडा नं ६ स्थित श्री प्राथमिक विद्यालय लहरेपिपलको भवनमा सो सेवा सञ्चालन गरिने अस्पतलाले जनाएको छ । तानसेनमा डायलाइसिस सेवा सञ्चालन भएपछि पाल्पासँगै छिमेकी जिल्ला अर्घाखाँची, गुल्मी, स्याङ्जा र बागलुङबाटसमेत मिर्गौलाको नियमित डायलाइसिस गराउन बुटवल आउनुपर्ने बिरामीलाई राहत मिल्नेछ । डायलाइसिस सेवाको अभावमा हाल सो क्षेत्रका मिर्गौला बिरामी बुटवल, भैरहवा, चितवन तथा काठमाडौँमा पुगेर सेवा लिन बाध्य छन् । हाल पाल्पा जिल्लाबाट गौतमबुद्ध सामुदायिक मुटु अस्पतालमा मात्र ४८ जना मिर्गौलाका बिरामीले नियमित डायलाइसिस सेवा लिन आउने गरेका छन् । त्योसँगै पाल्पाका लागि पायक पर्ने गुल्मी, अर्घाखाँची, स्याङ्जा र बागलुङबाट ६२ जना बिरामी नियमित डायलाइसिसका लागि आउने गरेको अस्पतालले जनाएको छ । मिर्गौलाको डायलाइसिसका लागि हप्तामा दुईदेखि तीनपटकसम्म बाहिर जानुपर्ने बिरामीको बाध्यतालाई मध्यनजर गरी सो अस्पतालले उक्त सेवा सञ्चालनका लागि जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय र तानसेन नगरपालिकासँग स्थान उपलब्ध गराइदिन आग्रह गरेको थियो ।

### "झोलेपोकेले आयुर्वेदलाई बदनाम गराए"

रूपन्देही । सामाजिक विकासमन्त्री सुदर्शन बरालले आयुर्वेदलाई अनुसन्धान र वैज्ञानिकताको प्रमाणिकरण गर्दै अघि लैजानुपर्ने बताएका छन् । उनले प्रदेश नं ५ मा आयुर्वेदलाई उच्च महत्व दिएर बजेटसँगै कार्यक्रम अघि बढाएको बताएका छन् । आयुर्वेदका प्रवर्तक धन्वन्तरीको जन्म दिवसको अवसरमा लुम्बिनी अञ्चल आयुर्वेद औषधालय देविनगरले गरेको कार्यक्रममा वोल्दै सामाजिक विकासमन्त्री सुदर्शन बरालले प्रदेश नं ५ मा जडिबुटी प्रशोधन केन्द्र स्थापना गर्ने उनले प्रतिवद्धता जनाए । प्रदेश ५ बाट लाखौंको जडिबुटी कौडीको मूल्यमा भारतर्फ गएको बताउँदै यो अब आफ्नै प्रदेशमा सदुपयोग गर्ने वातावरण श्रृजना गरेको बताएका छन् । उनले आयुर्वेद क्षेत्रमा काम गर्ने सबै स्वास्थ्यकर्मीहरूले गर्वका साथ काम गर्ने वातावरण श्रृजना गर्ने तरिकाले कामगर्ने निर्दशन समेत गरे ।मन्त्री वरालले सडकका पेटीमा लाईसेन्स नभएका झोलेपोकेले आयुर्वेदलाई बदनाम गराएकोले सबैको सहयोगबाट त्यसलाई हटाउनु पर्ने बताए । कार्यक्रममा बोल्दै सामाजिक विकास मन्त्रालयका सचिव कृष्ण ज्ञवाली, मन्त्रालयका स्वस्थ्य महाशाखाका प्रमुख डाक्टर उमाशंकर चौधरीले मन्त्रालयले अगाडी सारेका विभिन्न कार्यक्रमका बारेमा चर्चा गरेका थिए । अस्पतालका प्रमुख कविराज गणेश सापकोटाले पूर्वाधार र जनशक्ति अभावमा सेवा दिन कठिनाई भएको बताए । ३ जनाको भरमा अस्पताल चलेको बताए ।

### आगलागीका घटना बढ्दै

मणि प्रसाद गैह्रे, कपिलवस्तु । अहिले किसानले लगाएको धान भित्राउने समय हो । तराईमा विशेषगरी कम्वाइन हाभ्रेष्टरले धान काटेर खेतमा आगो लगाउँदा आगलागीको समस्या अएको छ । पछिल्लो समयमा कपिलवस्तुमा यस्ता धेरै समस्या उत्पन्न भएको छ । कम्वाइनले धान काट्दा आधा पराल खेतमा रहने र धान काटेपछि किसानले उक्त परालला‌ई आगो लगाइ जलाउँदा काट्न बाकीं धानमै आगो लागेर लाखौं रूपैयाँको नोक्सान भैसकेको छ । मायादेवी गाउँपालिकाको पिपरमा यस्तो आगलागी हुँदा ५ लाख बढीको नोक्सान भैसकेको छ । यस्तो घटना हुन लागेपछि आगो नलगाउन किसानहरूलाई जिल्ला प्रशासन कार्यालयले सूचना नै निकालेर आगो लगाइ पराल नजलाउन भनेको छ । तर पनि यो कार्य निरन्तर भएको छ । आगलागीबाट धनको मात्र नोक्सान नभइ खेतमा भएका मित्रजिवहरू जलेर नष्ट हुंदा उत्पादनमा समस्या आउने कृषि विज्ञ खुर्सेद अहमख खांले बताए ।

### स्वास्थ्य संस्थामा सेवा लिने महिलाको वृद्धि

बाँके । बाँकेको डुडुवागाँउपालिकामा पछिल्लो एक वर्षमा प्रजनन स्वास्थ्यका क्षेत्रमा उल्लेखनीय सुधार देखिएको छ । प्रजनन, परिवार नियोजनको साधन प्रयोग, नवजात शिशु मृत्यु, पाँच वर्ष मुनिको बालमृत्यु, कम्तीमा चार पटक गर्भ जाँच गराउने महिला, दक्ष प्रसूतिकर्मीबाट प्रसूति गराउने महिला, स्वास्थ्य संस्थामा प्रसूति गराउने महिला, तथा पूर्ण रूपमा सबै प्रकारका खोप लगाउने बालबालिकाको प्रतिशतमा प्रगति देखिएको होलिया स्वास्थ्य चौकीका इन्चार्ज प्रेम सोमाईले बताए । २०७४/७५ को आर्थिक सर्वेक्षणका अनुसार परिवार नियोजनको साधन प्रयोग दरमा गत वर्षको भन्दा तीन प्रतिशतले वृद्धि भएको छ । जाजरकोटबाट सरूवा भएर होलिया स्वास्थ्य चौकीमा आएकि अनमी सिमा घर्ति मगर खानले प्रजनन स्वास्थ्य, आमा सुरक्षा कार्यक्रमका कारण पछिल्लो वर्षमा यस क्षेत्रमा सुधार आएको बताउँछिन् ।

### चोरीको मोटरसाइकलसहित पक्राउ

रौतहट । रौतहट जिल्लाको सदरमुकाम गौरस्थित जिल्ला भन्सार कार्यालयबाट मोटरसाइकल चोरी गरी फरार भएका चोर मोटरसाइकल सहित पक्राउ परेका छन् । गौर नगरपालिका वड़ा नंबर ८ बस्ने श्रीकान्त यादवको द्यच्घणी ढद्दढ्ढ नंबरको मोटर साइकल चोरी भएको सूचनाको लगतै खोजी कार्यमा खटेका प्रहरीको गस्ती टोलीले स्थानीय वड़ा नंबर २ महादेवपट्टीबाट चोरी भएको मोटरसाइकल सहित चोरलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । यादव संचार क्षेत्रमा कार्यरत रहेका छन । भन्सार नजिकै रहेको रेडियोमा काम गर्दै आएका यादव भन्सार नजिक मोटर साइकल लगाएर भन्सार कटाऊंन कार्यलय भित्र गएपछि चोरले चोरी गरी फरार भएको थियो । महादेवपट्टी हुदै नजिकै रहेको भारतीय सीमा पारी जान खोज्दा प्रहरीले चोर स्थानीय गौर नगरपालिका १ बस्ने सिधान्त कुमार पासवानलाई पक्राउ गर्न सफल भएका छन् ।

### अबैध भारतीय नोटसहित पक्राउ

पर्सा । वीरगंज महानगरपालिका-१६ रजतजयन्ती चोकस्थित सडकबाट भारत बिहार पुर्वी चम्पारण मोतिहारी रक्सौल-२२ नागारोड बस्ने १९ वर्षीय रोहितकुमार शर्मालाई ५ सय दरको नोट ४ सय थान गरी २ लाख भारतीय रूपैयाँ सहित शनिबार दिउसो प्रहरीले पक्राउ गरेको छ । विशेष सूचनाको आधारमा सोही ठाउँस्थित खटिएको जिल्ला प्रहरी कार्यालय पर्साको प्रहरीले जाँच गर्ने क्रममा शर्मालाई अवैध रूपमा ल्याएको उक्त रकम सहित फेला पारी पक्राउ गरेको हो । उनलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि प्रहरीले राजश्व अनुसन्धान विभाग, हरिहर भवन, पुल्चोक, ललितपुर पठाएको छ ।

### १९ जना तास जुवाडेहरू पक्राउ

कपिलवस्तु । कपिलवस्तुमा प्रहारीले तास खेलिरहेको अवस्थामा १९ जना तास जुवाडेहरूलाई पक्राउ गरेको छ । कपिलवस्तु नगरपालिका वडा नं. ८ दोहनीमा बिहिवार बिहान करीब १ बजेको समयमा प्रहरी निरिक्षक गोबिन्द रावतको कमाण्डमा खाटिएको टोलीले दोहनी चोकस्थित राम प्रकाश अग्राहरीको राईस मिलमा उनिहरूलाई तास खेलिरहेको अवस्थामा छापा मारेर १९ जना तास जुवाडेहरूलाई पक्राउ गरेको छ । प्रहरीका अनुसार तास खेलेको ठाउँबाट नगद रू. १ लाख २१ हजार ३१५ रूपैयाँ बरामद भएको छ । पक्राउ परेका सबैलाई राति जिल्ला प्रहरी कार्यालय थुनामा राखिएको छ । जुवा सञ्चालनमा नियन्त्रण गर्न प्रहरीले सदरमुकाम तौलिहवा, कृष्णनगर, चन्द्रौटा लगायतका बजारहरूमा नियमित रूपमा रात्री गस्ती बढाएको प्रहरी उपरीक्षक अच्युतम पुडासैनीले बताए ।


प्रदेश-२ को नामाकरण बहसमा छ । धनुषाको भोट राजनीतिले 'मधेश'को अवशेष पनि बाँकी रहन दिँदैन होला । मधेशी पार्टीहरूको लज्जाजनक मौनताको दुष्परिणाम अब देखिन बाँकी छ । **जेपी गुप्ता**


अहिलेसम्म पटक-पटक गरिएका चारवटा अध्ययनहरूले अन्तर्राष्टियस्तरको विमानस्थलका लागि सबभन्दा उपयुक्त स्थान निजगढ नै हो भन्ने निष्कर्ष निकालेका छन् । सो आयोजनालाई कसरी वातावरणमैत्री बनाउने, कुन मोडलमा कसरी छिटो बनाउने भन्नेबारेमा छलफल गरौ । तर अन्दाजमा कुरा नगरौं । **किशोर थापा**


अनेकन महिलाले यौन दुर्वव्हार र गलत आचरण देखाएको आरोप लाउँदा छानविनको समेत गुञ्जायस रहेन, केही पुरूषलाई मुख छाडेपछि भने पदमुक्त । महिलामाथिको दुर्व्यवहार त कहाँ अन्याय हो मात्र समाचार हो । **समा थापा**


मधेश आन्दोलन-१ का घाईतेको उपचारका लागि मह जोडीले दिएको झन्डै ३५ लाख रूपैयाँ व्यक्तिगत खातामा राखेपछि कुपण्डोलदेखि मोटरसाईकलको बिचमा राखेर कुट्दै-कुट्दै कोटेश्वरको एक गेष्ट हाउसमा लगेर थुनेपछि मात्रै बल्ल त्यो पैसा फिर्ता गरेका उनै व्यक्ति मधेशका सबैभन्दा ठुलो मसिहा मै हुँ भन्छन्, अनि प्रदेश-२ कसरी समृद्ध नहोस त ? **प्रकाश तिमल्सिना**


मुख्यमन्त्रीलाई दुर्व्यवहार गर्दा स्थापित ४८ घण्टाभित्र विस्थापित भए, तर उनै स्थापितले दुर्व्यवहार गरे भनेर दुई जना महिलाले चिच्याइचिच्याई भन्दा छानबिन समेत भएन । अझै पनि महिलाको स्वाभिमानभन्दा मुख्यमन्त्रीको अभिमान ठूलो छ । **उमेश चौहान**


पत्रकार चाहिँ सँधै प्रतिपक्षी हुन्छ । ओली या दाहाल या देउवा प्रधानमन्त्री छन् क्यारे भनेर चुप बस्दा या नबोल्दा देशलाई घाटा चाहिँ हुन्छ । त्यसैले सरकारलाई प्रश्न गर्न चाहिँ छोड्नुहुन्न । तपाईले भोट दिएको भएपनी प्रश्न गर्नुस, नदिएको भए त झन छोड्दै नछोड्नुस । **ईश्वर अर्याल**


जनकपुरको एक मित्र जो मुस्लिम समुदायका हुन, उनले नयाँ गाडी किन्नको लागी "धनतेरस" कुरिरहेका थिए । परिपक्क समाजिकताले सामिप्यता बढाउँछ र चाडपर्वले त्यसलाई निरन्तरता दिन सहयोग गर्छ । **मनिष झा**


विभिन्न नीतिहरूले गर्दा मधेशका जंगलहरू मासिए । पथलैया, चपुर, धल्केभर आदिमा भएको यही हो, पहिलाका साना-साना बस्ती जंगल मास्दै मास्दै ठुलो सहर नै भैसके, सरकारलाई कुनै मतलब छैन, यस्तै जंगल मासिने क्रम रोकिएन भने मधेशमा आउने समयमा भयाभय अवस्था आउने सक्छ । **चन्द्र शेखर**


दशकौंदेखि पार्टीप्रति पूर्ण बफादार र कर्तव्यनिष्ठ रही काम गरेका वरिष्ठ नेताहरूलाई पाखा लगाएर अप्ठ्यारो समयमा पार्टीलाई लत्याएर गएका अवसरवादी विजय गच्छदारलाई नेपाली काँग्रेसको उपसभापति बनाउने सभापति शेरबहादुर देउवाको निर्णयले काँग्रेसलाई कहाँ पुऱ्याउँला ? **सीएन खड्का**


"विराटनगरमा बन्न लागेको ४ अर्बको भ्यू टावर विकास र समृद्धिकै खुड्किला हो । यसको विरोध गर्नेहरू विकास विरोधी हुन् । दुईतिहाई विरोधी हुन् । विकास पनि गर्न नदिने अनि तराईमा विकास पुगेन पनि भन्ने ?" **आषिश झा**

# जनसमाजवादी पार्टी फोरममा समाहित

काठमाडौं । काठमाडौंको स्वयम्भुमा आयोजित एक कार्यक्रममा रणबहादुर रस्तेलको नेतृत्वमा जनसमाजवादी पार्टी नेपाल संघीय समाजवादी फोरम नेपालमा एकीकृत भएको छ । रस्तेलको नेतृत्वमा एक सय जनाभन्दा बढी नेता तथा कार्यकर्ताहरू ससफोमा प्रवेश गरेका हुन् । ससफोका सहअध्यक्ष तथा सांसद राजेन्द्र श्रेष्ठले उनीहरूलाई स्वागत गरेका छन् । सो क्रममा नेता श्रेष्ठले पहिचान सहितको संघीयता र समतामूलक समृद्धिका लागि सबै उत्पीडित समुदाय गोलबद्ध भएर लाग्नुपर्ने बताए । उनले पिंजडा सुनकै भए पनि मानिसहरू कैदी भएर बाँच्न चाहँदैन भन्दै संघीय समाजवादले समृद्धिको सँगसँगै पहिचान र अधिकार पनि दिलाउने बताए । ससफोमा प्रवेश गरेका रस्तेलले नेपालका उत्पीडित समुदायको मुक्ति दिने पार्टी नै ससफो नेपाल रहेकाले आफूहरू पार्टीमा एकीकृत भएको घोषणा गरे । उनले ससफोलाई जातिवादी भन्ने गरेको आरोप आफूले सुनेको तर ससफोको दस्तावेज र कार्यक्रम अध्ययन गर्दा जातिवादी नभई सबै उत्पीडितहरूको मुक्तिका लागि लड्ने पार्टी भएकोले आफूहरू ससफोमा लागेको बताए । पूर्व गाविस अध्यक्ष तथा पार्टीका अनुशासन समितिका सदस्य विनोद श्रेष्ठले स्वागत गरेको सो कार्यक्रममा पार्टीका उपाध्यक्ष हेमराज राई, उपमहासचिव प्रकाश अधिकारी, पार्टीका सचिव तथा सहरी विकासमन्त्री इस्तियाक राई, राजनीतिक समिति सदस्य राजन केसी, डिबी नेपाली, नवराज दाहाल, प्रेम थापा, लिला सिटौला लगायतले आआफ्ना बिचार राखेका थिए । अर्जुन गिरिको अध्यक्षतामा भएको उक्त कार्यक्रम हिराकाजी महर्जनले सञ्चालन गरेका थिए । कार्यक्रममा केन्द्रीय सदस्य आङकाजी शेर्पा, पुर्ण बस्नेत, लालबहादुर तामाङ, पवित्र बज्राचार्य, तारा विश्वकर्मा, कृष्णकुमारी वाइबा, रमेश चन्द्र प्रधान, विष्णुजंग बस्नेत, मनरत्न शाक्य, अर्जुन लम्साल, कृष्णकुमार घलानलगायत केन्द्रीय नेताहरूको समेत सहभागिता थियो । सो कार्यक्रमपछि पार्टीका नागार्जुन नगर समितिको आयोजनामा सोही स्थानमा दसैं, तिहार, नेपाल सम्वतको न्हुदँ र छठलगायत सबै राष्ट्रिय पर्वहरूको अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम समेत राखिएको थियो ।

# आर्थिक समाचार

## नयाँबानेश्वरमा एनसेलको सेन्टर सञ्चालन

काठमाडौं । एनसेल प्राईभेट लिमिटेडले आफ्नो ग्राहक सेवालाई थप सहज तथा परिस्कृत बनाउन नयाँ बानेश्वरमा नयाँ सुविधासम्पन्न एनसेल सेन्टर संचालनमा ल्याएको छ । बिहीबार औपचारिक रूपमा उद्घाटन गरी संचालनमा आएको उक्त सेन्टरको प्रारूप कम्पनीको नयाँ ब्राण्ड बाचा 'आज, भोलि, सधैं सँगै' अनुरूप रहेको र ग्राहकलाई एकै स्थानबाट सम्पुर्ण ग्राहक सेवा प्रदान गर्न सक्षम रहेको एनसेलले जनाएको छ । "नयाँ बानेश्वरको यो नयाँ सेन्टर ग्राकहमैत्री डिजाइनमा छ, जसले एनसेल ग्राहक केन्द्रीत कम्पनी हो भन्ने तथ्यलाई प्रतिबिम्बित गर्दछ । यसको सञ्चालन हाम्रो लागि नयाँ यात्राको शुरूवात पनि हो, जस अन्तर्गत हामी आफ्ना ग्राहकलाई विश्वस्तरीय सेवा अनुभव प्रदान गर्न आउँदा दिनहरूमा थप यस्ता सेन्टरहरू संचालनमा ल्याउने छौं," बिहीबार नयाँ सेन्टरको उद्घाटन गर्दै एनसेलका प्रमुख कमर्शियल अधिकृत एण्डी चोङ्गले भने । नयाँ सेन्टर उद्घाटनको अवसरमा कम्पनीले नयाँ बानेश्वर सेन्टरमा आएका पाँचजना ग्राहकहरूलाई उपहार प्रदान गर्दै सम्मान पनि गरेको थियो । सेन्टर आइतबार देखि शुक्रबार सम्म प्रत्येक दिन बिहान ९ बजे खुल्ने र साँझ ७ बजे सम्म सेवा प्रदान गर्नेछ । त्यसैगरी शनिबारका दिन बिहान ९ बजे देखि साँझ ५:३० बजे सम्म सेन्टरबाट सेवा लिन सकिनेछ ।

# जनकपुरमा रात्रीकालीन उडान हुने

जनकपुरधाम । जनकपुरस्थित विमानस्थलमा रात्रीकालीन सेवा दिने तयारी भइरहेको छ । अहिलेसम्म दिवाकालीन सेवामात्र सञ्चालन हुँदै आएको जनकपुर विमानस्थलबाट पुस महिनादेखि रात्रीकालीन सेवा सञ्चालन गर्ने तयारी नागरिक उड्डयन प्राधिकरणले गरेको छ । आवश्यक सुविधाको अभावमा जनकपुर विमानस्थलमा हालसम्म रात्रीकालीन सेवा सुरू हुन सकेको थिएन । तर प्राधिकरणको वार्षिकोत्सवको मौका पारेर पुस महिनादेखि रात्रीकालीन सेवा सञ्चालन गर्ने लक्ष्यका साथ विमानस्थलले काम थालेको छ । पुसबाट रात्रीकालीन सेवा सञ्चालन गर्ने लक्ष्यका साथ काम भइरहेको विमानस्थल प्रमुख मुरारीप्रसाद पौडेलले बताए ।

# संस्थानको चामल बिक्री हुन सकेन

धनगढी । खाद्यान्न अभाव भइरहने बाजुरामा यस वर्ष नेपाल खाद्य संस्थानको चामल अपेक्षित रूपमा बिक्री हुन सकेको छैन । खाद्य संस्थानले निर्धारण गरेको मूल्यभन्दा बजारमा सस्तोमा चामल पाउन थालेपछि बिक्री हुन नसकेको हो । सदरमुकाम मार्तडीस्थित खाद्य संस्थानको गोदाममा दुई सय क्विन्टल चामल र एक सय क्विन्टल गहुँ मौज्दात रहेको कार्यालयका कर्मचारी परे रावलले जानकारी दिए । "बजारमा सस्तोमा चामल पाउँदा संस्थानको चामल बिक्री हुन सकेको छैन," उनले भने ।

बजारमा मोटो चामल प्रतिकिलो रू ३८ मा बिक्री भइरहेको छ भने संस्थानले रू ३९ तोकेको छ । संस्थानले सोना मन्सुली चामल प्रतिकिलो रू ४८ तथा जिरा मसिनो चामल रू ६२ बिक्री गरिरहेको छ ।




# छठको...

सूर्यलाई विभिन्न नामले पुजिने गरेको सर्वविदितै छ । बेबिलोन सभ्यता, युनानी परम्परा तथा इजिप्टमा सूर्य (अपोलो) को महत्त्व छ । भारत, जापान, क्यानाडा र मेक्सिकोमा सूर्य बारेका थुप्रै लोककथा प्रचलित छन् । अफ्रिका, एसिया, युरोप र अमेरिकाको प्राचीन सभ्यतामा पनि सूर्य उपासनाबारे उल्लेख छ । सूर्य आफैंमा लोकतान्त्रिक देवता हुन् । उनी बिना कुनै विभेद गरिब र धनी सबैलाई समान रूपले प्रकाश छर्छन् । विश्वको थुप्रै परम्परामा उदाउँदो सूर्यको मात्र पूजा हुन्छ । छठमा यसको ठिक विपरीत सबभन्दा पहिले अस्ताइरहेको र त्यसपछि उदाइरहेको सूर्यको बरोबर पूजा गरिन्छ । यो भनेको सबैलाई अवसरवादी नबनी हरेकसँग समान व्यवहार गर्नुपर्ने सन्देश दिनु हो ।

विश्वको भौतिक विकासको कल्पना सूर्यबिना सम्भव छैन । उनकै ऊर्जामा जीवन र प्रकृतिको सन्तुलन निर्भर गर्छ । हामीलाई स्वस्थ राख्न सूर्यको किरणको महत्वपूर्ण भूमिका हुन्छ । यो भिटामिन 'डी'को मुख्य स्रोत पनि हो । योग र व्यायामका धेरै विधि सूर्य किरणको चिकित्सा पद्धतिमा आधारित हुन्छ । यसको किरणले मुटु, जोर्नी र टाउकोको व्यथालाई निको पार्ने हामीले थुप्रै ग्रन्थमा पढेका छौं । यस्तै–यस्तै थुप्रै बलियो आधारले गर्दा छठ पुजनले विशाल रूप लिएको हो ।

**सामाजिक सद्भावको पर्व**

भनिन्छ, तराई भेगमा जातीय छुवाछूत अझै कायम छ । तर कमैलाई थाहा होला, छठजस्तो पूजामा चढाइने ठेकुवा, भुसुवा र खाजाजस्तो लोकप्रिय प्रसाद राखिने बाँसको नाङ्लो तथा ढकीचाहिँ तिनै अछूत मानिएका डुम (मेहत्तर) समुदायले निर्माण गर्छन् । आफूलाई उपल्ला जातिका भन्नेहरू महिना अघिदेखि ती दलित समुदायको बस्तीमा पुगेर ती सामग्री बनाइदिने आग्रहसाथ बैना छाडेर जान्छन् । यसबाट पनि जातीय समानताको उद्घोष हुन्छ ।

अर्को घतलाग्दो पक्ष के छ भने विपन्नले समेत भिक्षा मागेर पनि यो पर्व गर्न सक्छन् । हुनेखानेले समेत कुनै भाकल पुरा भएमा भिक्षा मागेर पूजा गर्ने अठोट लिन्छन् । आफैले गर्न नसक्नेले चिनेका व्रतालुलाई सामग्री किनेर दिई पूजामा सहभागी हुन्छन् । परिवारको सदस्य संख्याको आधारमा समेत नाङ्लोको संख्या तय हुन्छ ।

मधेसी र पहाडी समुदायबीच गाढिँदै गएको सामाजिक, सांस्कृतिक, धार्मिक तथा वैवाहिक सम्बन्धले समेत यसमा उल्लेखीय भूमिका खेलेको छ ।

यो गीतमय पर्व पनि हो । पूजाको तयारीको क्रममा महिना दिन अघिदेखि तराईवासीको घर–घरमा सूर्य महिमा, नारी पीडा र रमाइलाको लागि लोकगीतहरू गाइन्छ । पूजाको तयारी चरणदेखि अन्त्यसम्म गाइने गीतले भावुक बनाउँछ । सामाजिक सद्भाव बढाउन पनि यस्ता गीतले भूमिका खेल्छन् । छठको विधि गीतमै लुकेको हुन्छ भन्दा वेश होला । लोकगीत बिना यो लोकपर्व अधुरो हुन्छ ।




## लेख/रचना तथा प्रतिक्रिया पठाउन आग्रह

मधेशको समसामयिक विषयमा लेख/रचना पठाउन तथा **मधेशवाणी**मा प्रकाशित समाचार, विचार वा अन्तर्वार्ताबारे आफ्नो प्रतिक्रिया निम्न ठेगानामा पठाउन पाठकवर्गमा अनुरोध गरिन्छ ।

Email : madheshvani@gmail.com
Facebook : facebook.com/madhesh vani
Twitter : twitter.com/madheshvani

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं